असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ६ | २०७८, असार १६-३१ | पूर्णाङ्क ६९६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १३ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १२ |
| इजलास नं. ५ | १९ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ११ |
| इजलास नं. ९ | ८ |
| **जम्मा** | **६९** |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ३ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ५ |
| इजलास नं. १६ | १ |
| इजलास नं. १७ | १ |
| इजलास नं. २१ | २ |
| **जम्मा** | **२२** |

**कूल जम्मा ६९ + २२ = ९१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७८, असार – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं । यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ६** |
| १. | मिलापत्र बदर | लखिचन बैठा धोबी वि. तेत्तरी कुमारी | १ |
| २. | जग्गा खिचोला मेटाई घर भत्काई चलन | केतार अहिर यादव हारून मुसलमान | १ |
| ३. | बकसपत्र बदर दा.खा. दर्ता बदर | मोस्तकिमा खातुन वि. शेष मोबारक | २ |
| ४. | जग्गा खिचोला चलन | हनिफ मिया चुनिहार वि. सविला खातुन | २ |
| ५. | मोटर बिमा दाबी | इन्द्रकुमार श्रेष्ठ वि. राष्ट्रिय बिमा संस्थान हाल परिवर्तित राष्ट्रिय बिमा कम्पनी लिमिटेड | ३ |
| ६. | दूषित नापी दर्ता बदर हक कायम | अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर वाउर अहिर वि. बाबादिन अहिर | ४ |
| ७. | हातहतियार खरखजाना | नेपाल सरकार वि. विनोदकुमार यादव | ५ |
| ८. | उत्प्रेषण | दशरथ साह वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत | ५ |
| **इजलास नं. ३** | | | **६ – ८** |
| ९. | जबरजस्ती करणी उद्योग | रामकैलास साह सोनार वि. नेपाल सरकार | ६ |
| १०. | नापी निर्णय बदर | मानप्रसाद खत्री वि. नरबहादुर महतसमेत | ७ |
| **इजलास नं. ४** | | | **८ – १३** |
| ११. | उत्प्रेषण | भैरवप्रसाद पौडेल वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत | ८ |
| १२. | निर्णय बदरसमेत | भोलाप्रसाद सिटौला वि. दिपेन्द्रकुमार पाण्डे | ८ |
| १३. | लिखत दर्ता बदर दर्ता कायम | सबिन पौडेलसमेत वि. झुलनकुमारी खवास | ९ |
| १४. | भाडा दिलाई घर खाली गरिपाऊँ | मुनादेवी भेटुवाल वि. नरेश पुरी | १० |
| १५. | फैसलाविपरीत टिप्पणी आदेश बदर दर्ता बदर दर्ता | रामकृत महतो कोइरी वि. राजेन्द्रप्रसाद यादव | ११ |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सम्झना घर्तीमगर | १२ |
| **इजलास नं. ५** | | | **१३ – १८** |
| १७. | हालैको बकसपत्र | नारायणी दाहाल वि. माधवप्रसाद दाहाल | १३ |
| १८. | लागु औषध अफिमको झारपात | मनोरञ्जन मालीसमेत वि. नेपाल सरकार | १३ |

| | | | |
|---|---|---|---|
| १९. | अंश चलन | सन्तकुमारी कार्कीसमेत वि. दिपेन्द्र कार्की | १४ |
| २०. | उत्प्रेषण / परमादेश | नेपाल बंगलादेश बैंक लिमिटेडसमेत वि. रविन्द्रकुमार घिमिरे | १६ |
| इजलास नं. ६ | | | १८ – २० |
| २१. | उत्प्रेषण / परमादेश | रामनारायण यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत | १८ |
| २२. | अपुताली हक कायम दर्ता | चतुर्भुज झा वि. विन्देस्वर झा | १८ |
| इजलास नं. ७ | | | २० – २२ |
| २३. | जबरजस्ती करणी | नेपाल सरकार वि. भक्तबहादुर दमाई | २० |
| २४. | उत्प्रेषण / परमादेश | चन्द्र शेखर सिंह वि. जिल्ला प्रशासन कार्यालय, बारा, कलैया | २० |
| इजलास नं. ८ | | | २२ – ३१ |
| २५. | बन्दी प्रत्यक्षीकरण | सुजन घिसिङसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | २२ |
| २६. | बन्दी प्रत्यक्षीकरण | पवित्रा कार्की के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | २३ |
| २७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. देवजङ्ग पण्डित | २४ |
| २८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मनोजकुमार आचार्य | २५ |
| २९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विजय तामाङ | २६ |
| ३०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रविन्द्र पौडेल | २६ |
| ३१. | वैदेशिक रोजगार कसुर | महेन्द्र प्रधान वि. नेपाल सरकार | २७ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | विदुर दाहाल वि. काठमाडौं जिल्ला अदालतसमेत | २८ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | अमितकुमार यादवसमेत वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत | २९ |
| इजलास नं. ९ | | | ३१ – ३९ |
| ३४. | परमादेश | प्रदिपकुमार शाह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ३१ |
| ३५. | मानव बेचबिखन तथा ओसार पसार | चन्द्रभान भन्ने राधेश्याम हरिजन वि. नेपाल सरकार | ३२ |
| ३६. | निषेधाज्ञा | रविन्द्र सिंह वि. विनोद सदामुसहर | ३३ |

| | | | |
|---|---|---|---|
| ३७. | निषेधाज्ञा | अरबिन्द यादवसमेत वि. सरिता गिरी | ३४ |
| ३८. | निषेधाज्ञा / परमादेश | लालमणी दास वि. फुलचन दास | ३५ |
| ३९. | निषेधाज्ञा | संगिता पौडेल वि. सनी थापा | ३६ |
| ४०. | बन्दी प्रत्यक्षीकरण | युवराज भन्ने गुणराज बल वि. सिन्धुली जिल्ला अदालत, तहसिल शाखासमेत | ३७ |
| ४१. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. दिपेन्द्रप्रसाद यादवसमेत | ३८ |
| **इजलास नं.१०** | | | ३९ - ४४ |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. सन्तोष शर्मा बडही | ३९ |
| ४३. | झुठ्ठा विवरण पेस गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. दिपेन्द्रकुमार पैकरासमेत | ४१ |
| ४४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. आनन्दकुमार चौधरी | ४२ |
| ४५. | जबरजस्ती करणी | नेपाल सरकार वि. राजु तामाङ | ४३ |
| **इजलास नं.११** | | | ४४ - ४६ |
| ४६. | सरकारी अनुदान रकम दुरूपयोग गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. शुभनारायण यादवसमेत | ४४ |
| ४७. | उत्प्रेषण / परमादेश | ईन्द्रदेव यादव वि. रामवृक्ष मुखिया | ४६ |
| **इजलास नं.१२** | | | ४६ - ५० |
| ४८. | कर्तव्य ज्यान | हिराबहादुर श्रेष्ठ वि. नेपाल सरकार | ४६ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | विजय शर्मा भन्ने विजयराज शर्मा वि. कारागार कार्यालय डिल्लीबजारसमेत | ४८ |
| **इजलास नं.१३** | | | ५० - ५३ |
| ५०. | उत्प्रेषण | महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योग वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५० |
| ५१. | उत्प्रेषण | रामप्रसाद मेहता वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत | ५१ |
| ५२. | उत्प्रेषण / परमादेश | विद्याप्रसाद यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५३ |
| **इजलास नं.१४** | | | ५३ - ५६ |
| ५३. | लागु औषध | नेपाल सरकार वि. आशिष चौधरी | ५३ |

| | | | |
|---|---|---|---|
| ५४. | बन्दी प्रत्यक्षीकरण | सुदिप ढकाल वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | ५५ |
| **इजलास नं.१५** | | | **५६ - ६२** |
| ५५. | उत्प्रेषण / परमादेश | लेखनाथ तामाङ वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत | ५६ |
| ५६. | उत्प्रेषण | पुरूषोत्तम लाल सङ्घई वि. सुदामा राउत अहिरसमेत | ५७ |
| ५७. | उत्प्रेषण / परमादेश | उमेशप्रसाद पटेल वि. ध्रुवप्रसाद चौहानसमेत | ५९ |
| ५८. | नामसारी लिखत बदर दर्ता | किरणकुमारी रौनियारसमेत वि. हेमन्त विक्रम राणा | ६० |
| ५९. | ठगी | नेपाल सरकार वि. विदुर ढुंगाना | ६० |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१६** | | | **६२ - ६३** |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेख विकाउसमेत | ६२ |
| **इजलास नं.१७** | | | **६३ - ६६** |
| ६१. | कर्तव्य ज्यान | इन्दुदेवी साह वि. नेपाल सरकार | ६३ |
| **इजलास नं.२१** | | | **६६ - ६६** |
| ६२. | कर्तव्य ज्यान | मनबहादुर गलामी वि. नेपाल सरकार | ६६ |
| ६३. | मानव बेचबिखन तथा ओसार पसार | विरेन भन्ने विरेन्द्र देउसाली वि. नेपाल सरकार | ६७ |

## संयुक्त इजलास

### १

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७२-CI-०४६६, मिलापत्र बदर, लखिचन बैठा धोबी वि. तेत्तरी कुमारी

पुनरावेदक प्रतिवादीले कि.नं.१५५ / २८४ को जग्गा खरिद गरिलिएको भनी जिकिर लिए तापनि निजले सो जग्गा आफ्नो नाममा नामसारी गराउन सकेको देखिँदैन । सोही जग्गा सुखडी राउत वरैका एक मात्र हकवाला महेन्द्र राउतले र.न. ३५९५ मिति २०६६।०६।२७ को लिखतबाट राजेन्द्र राउतलाई र निज राजेन्द्र राउतबाट यी वादी तेत्तरी कुमारीले र.नं. ८२१५ मिति २०६६।१०।०५ को लिखतबाट खरिद गरेको भन्ने मिसिल संलग्न राजीनामाको लिखतबाट देखिन्छ । यसरी दोस्रो तहसम्म हक हस्तान्तरण भएकोमा लिखत बदर माग दाबी गरी यी पुनरावेदक प्रतिवादी लखिचन बैठाले रौतहट जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ । उक्त मुद्दामा सुरू रौतहट जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने गरी मिति २०६९।१०।२५ मा गरेको फैसलामा चित्त बुझाई यी पुनरावेदक प्रतिवादी बसेको देखिन आएकाले ती दुवै लिखतलाई अन्यथा भन्न सक्ने अवस्था नरहने ।

वादी यी पुनरावेदक लखिचन बैठा र प्रतिवादी बतहु ठाकुर लोहार भएको जग्गा घर खिचोला चलन मुद्दामा भएको मिलापत्रबाट वादी वा प्रतिवादी कसैको जग्गामा हक स्थापित भएको नभई केवल जग्गाको भोगाधिकार यी पुनरावेदक प्रतिवादी लखिचन बैठाको रहने भन्ने उल्लेख भएबाट जग्गाको स्वामित्व नै यी पुनरावेदक प्रतिवादीमा आएको मान्न मिल्ने देखिँदैन । यसरी एकाको नाम दर्ता रहेको जग्गालाई अर्काको भोगाधिकार कायम हुने ठहऱ्याई गरिएको मिलापत्रलाई कानूनसम्मत भएको मिलापत्र भनी मान्न नमिल्ने ।

वादी तेत्तरी कुमारीले राजीनामाबाट हक प्राप्त गरेको उक्त कि.नं. १५५/२८४ को जग्गामा यी पुनरावेदक प्रतिवादी र प्रतिवादी बतहु ठाकुर लोहारले गरेको मिलापत्रले प्रतिकूल असर पुऱ्याएको देखिन आएकोले उक्त दे.नं. १६१४ मा घरजग्गा खिचोला चलन मुद्दामा रौतहट जिल्ला अदालतमा भएको मिति २०६६।१०।४ को मिलापत्र कानूनसम्मत देखिन नआउने ।

अतः उल्लिखित आधार र कारणबाट सुरू जिल्ला अदालतको फैसला उल्टी गर्दै वादी दाबीबमोजिम मिलापत्र बदर हुने ठहर गर्दै गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।०५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम् ।

### २

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७०-CI-११४८, जग्गा खिचोला मेटाई घर भत्काई चलन, केतार अहिर यादव वि. हारून मुसलमान

जिल्ला कपिलवस्तु गा.वि.स. से.पा.सि. वडा नं. ३क कि.नं. ८०२ को ज.वि. ०-३-१९ वादी हारून मुसलमान नाम दर्ता रहेको मिसिल संलग्न दर्ता स्रेस्ताबाट देखिन्छ । सुरू जिल्ला अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. २ मा कि.नं. ८०२ को ०-३-१८१/२ जग्गा रहेको उल्लेख भएको देखिन्छ । मिसिल संलग्न नक्सा ट्रेस हेर्दा कि.नं. ८०२ को पूर्वतर्फ सार्वजनिक सडक रहेको देखिन्छ । यसरी कि.नं. ८०२ को पूर्वतर्फ सार्वजनिक सडक देखिरहेको तर मिसिल संलग्न नक्सा मुचुल्कामा भने प्रयोग भई आएको गल्ली, घर र फुसको छानाको पुस्ती देखिन्छ । यसरी कि.नं. ८०२ को पूर्वतर्फ रहेका पुस्ती र घर सार्वजनिक सडकमा निर्माण भएको प्रस्ट

देखिन आउने।

सार्वजनिक ऐलानी जग्गा आवाद गर्न लायक भए पनि स्वीकृत निकायको स्वीकृति बेगर आवाद गर्न मिल्ने देखिँदैन । सार्वजनिक सडकमा घर पुस्ती निर्माण गरी प्रयोग गर्नुलाई कानूनसम्मत मान्न मिलेन। सार्वजनिक स्थलमा निजी प्रयोगका घर निर्माण गर्न मिल्ने हुँदैन, त्यस्ता घरहरू जे जस्तो अवस्था भएका भए पनि साधिकार निकायले हटाई सार्वजनिक रूपमा उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्ने।

सार्वजनिक सडकमा घर र पुस्ती निर्माण गरी वर्षौंदेखि बसोबास गरेको भन्दैमा यी पुनरावेदकलाई उक्त जग्गा उपभोग गर्न दिइरहनुपर्छ भन्ने हुँदैन । तसर्थ, सुरूको फैसला केही उल्टी गर्दै यी पुनरावेदक प्रतिवादीले उपभोग गरिरहेको न.नं.९, १०, ११ र १२ को घर र पुस्तीसमेत हटाउने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।८।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७१-CI-०६२४, बकसपत्र बदर दा.खा. दर्ता बदर, मोस्तकिमा खातुन वि. शेष मोबारक

वादीका बाबुले आफ्ना विवाहिता छोरीलाई शेषपछिको बकसपत्र गरिदिएको सम्पत्ति निजले आफूखुस गर्न पाउने वा अंशियारबिच बन्डा नलाग्ने हुने भनी खुलाउन सकेको अवस्था देखिन नआएकाले उक्त सम्पत्तिमा वादीको अंश हक रहेको नै देखिन्छ । त्यसैगरी उक्त विवादित शेषपछिको बकसपत्रको लिखतमा वादी शेष मोबारकको मन्जुरीसमेत नरहेको र निज साक्षी पनि बसेको नदेखिँदा उक्त सम्पत्तिमा यी वादीको हक सुरक्षित रहेको नै देखिने।

दान बकस गरिदिने व्यक्तिले आफूखुस गर्न पाउनेबाहेक दिन नहुने दान बकस दिएकोमा आफ्नो अंश हक लाग्ने सम्पत्तिमा आफ्नो मन्जुरी पनि नभएको र आफू साक्षी पनि नबसेको अवस्थामा सो पारित लिखतमा चित्त नबुझ्दा मुलुकी ऐन, दान बकसको ५ नं. को हदम्याद आकर्षित हुने हुँदा त्यस्तो लिखत बदर गराई माग्न भोग चलन गरेको मितिले २ वर्षभित्र अदालत प्रवेश गर्न मिल्ने नै देखिँदा प्रस्तुत फिराद पत्र हदम्यादभित्र नपरेको भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

यसरी विवादित कि.नं. ५३४, १३४३ र २०२ को ३ कित्ता जग्गाको शेषपछिको बकपत्रमा वादीको मन्जुरीसमेत नरहेको, निज साक्षी पनि नबसेको र निजको अंश हकभित्रको सम्पत्ति रहे भएको देखिन आएकाले सुरू जिल्ला अदालतको फैसला उल्टी गर्दै वादी दाबीबमोजिम हुने गरी गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७१-CI-१४७२, जग्गा खिचोला चलन, हनिफ मिया चुनिहार वि. सविला खातुन

विवादित पर्सा जिल्ला, उदयपुर धुर्पि गा.वि.स. वडा नं. ९ कि.नं. ३६८ को ज.वि. ०-१-५ र कि.नं. ३६९ को ज.वि. ०-२-१० सार्वजनिक सरकारी ऐलानी जग्गाको रूपमा देखिन्छ । सुरू अदालतबाट भई आएको नक्सा मुचुल्का तथा सर्जमिन मुचुल्काबाट समेत उक्त जग्गाहरू सार्वजनिक सरकारी ऐलानी पर्तीको जग्गा रहेको भनी उल्लेख भएको देखिन्छ । त्यसैगरी यी पुनरावेदक प्रतिवादीहरूले उक्त जग्गाहरू सार्वजनिक सरकारी जग्गा होइन भनी आफ्नो

पुनरावेदनपत्रमा उल्लेख नगरी फिल्डबुकको कैफियत महलमा जग्गा पर्ती जनिई आवाद गर्नलायक उल्लेख भई सुकुम्बासी समस्या समाधान आयोग, २०२८ ले कारबाही अगाडि बढाएको भनी उल्लेख गरेबाट समेत उक्त विवादित जग्गा सार्वजनिक सरकारी ऐलानी आवादलायक पर्ती जग्गा रहे भएकोमा विवाद नरहने।

विवादित जग्गा आवादलायक पर्ती देखिएको यस्तो जग्गामा यी पुनरावेदकको विधिवत स्वामित्वभित्रको देखिन आएन। त्यस्तो जग्गामा कसैले कब्जा जमाएको भएमा दर्ता प्रक्रियामा जाँदा निजले त्यस्तो हक दाबी गर्नुपर्ने हुन्छ । जुन जग्गाको दर्ता नै भएको छैन त्यस्तो अवस्थामा मुद्दाका पक्षहरूलाई अदालतले मद्दत गर्न सक्दैन। जग्गा दर्ता भएपछि मात्र दाबी हुनेमा दर्ता नभएको जग्गामा दाबी गर्ने हक कसैमा नहुने।

सार्वजनिक ऐलानी जग्गा आवाद गर्नलायक भए पनि स्वीकृत निकायको स्वीकृतिबेगर आवाद गर्न मिल्ने देखिँदैन । यी पुनरावेदक प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा दर्तातर्फ सुकुम्बासी समस्या समाधानमा २०३८ सालमै कारबाही गरेको भनी उल्लेख गरे पनि उक्त जग्गा आफ्ना नाममा आइसकेको प्रमाण गुजार्न सकेको देखिँदैन। यसरी उक्त विवादित जग्गा सार्वजनिक ऐलानी देखिन आएकाले मालपोत ऐन, २०३४ को दफा २४ र २५ बमोजिम पनि कसैले आवाद गर्न मिल्ने देखिन नआउने।

उल्लिखित आधार र कारणबाट फिराद दाबीबमोजिम कि.नं. ३६८ र ३६९ को सार्वजनिक ऐलानी जग्गामा प्रतिवादीले निर्माण गरेको घर भत्काई वादीसमेतले सार्वजनिक रूपमा चलनसमेत पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम्।

## ५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७२-CI-१६९९, मोटर बिमा दाबी, इन्द्रकुमार श्रेष्ठ वि. राष्ट्रिय बिमा संस्थान हाल परिवर्तित राष्ट्रिय बिमा कम्पनी लिमिटेड

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बाग्मतीको च.नं.१७७ मिति २०७०।६।१५ को राष्ट्रिय बिमा संस्थानलाई लेखिएको पत्रबाट चालकले वर्ग "B" मा पर्ने कार, जिप, डेलीभरी भ्यानसम्म चलाउने गरी अनुमति प्राप्त गरेको तर "G" मा पर्ने ट्रक, बस, लहरी चलाउने अनुमतिपत्र नलिएको भनी पत्राचार गरी रहेको सन्दर्भसमेतलाई विचार गर्दा बिमा समितिबाट अधिकारप्राप्त निकायबाट जारी भएको आधिकारिक चालक अनुमतिपत्रलाई वस्तुनिष्ठ आधारबिना अन्यथा भन्न नमिल्ने भनी उल्लेख गरी यी पुनरावेदकलाई बिमा दाबीबापतको रकम भुक्तानी दिनका लागि लिएको आधार खम्बिर रूपमा प्रमाणित हुन आएको देखिन नआउने।

उल्लिखित तथ्य, सवारी तथा यातायात व्यवस्था ऐन र प्रमाण ऐनमा उल्लिखित कानूनी व्यवस्था, व्यावसायिक सवारी साधन बिमा लेख, बिमाका मान्य सिद्धान्त र यातायात व्यवस्था कार्यालयको पत्रसमेतका आधारमा बिमा सञ्चालक समितिबाट बिमा दाबी रद्द गर्ने गरी गरेको निर्णय मिलेकै देखिँदा उक्त निर्णय बदर गरी प्रत्यर्थीलाई बिमा दाबीबापतको रकम भुक्तानी दिने गरी बिमा समितिबाट भएको निर्णय मिलेको नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुरको मिति २०७०।६।१५ को पत्रबाट दुर्घटनाका बखत बा.२ ख ६३३८ को बस चलाउने चालक रामबहादुर तामाङको सवारी चालक अनुमतीपत्र वर्ग "B" (कार/जिप/डेलीभरी भ्यान) मात्रको भएकोमा वर्ग "G" मा पर्ने बस चलाई दुर्घटना गराएको अवस्थामा राष्ट्रिय बिमा

संस्थानबाट जारी भएको व्यावसायिक सवारी साधन बिमा लेखको परिच्छेद ५.१ को (ग) बमोजिम बिमकको दायित्व नरहने भन्ने स्पष्ट व्यवस्था हुँदाहुँदै मृतकलाई दिइएको बिमाबापतको रकम प्रत्यर्थीलाई भराइदिने गरी भएको बिमा समितिको मिति २०७१।९।१४ को निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।०७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल पौष २५ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७२-CI-०९४७, ०७२-CI-११९३, दूषित नापी दर्ता बदर हक कायम, अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर वाउर अहिर वि. बाबादिन अहिर

वादी प्रतिवादीहरूका मूल पुर्खा एकै भएका र साबिकको कि.नं. १५० वादीका बाबुको नाउँ दर्ता रहेको देखिन्छ भने साबिक कि.नं. १५१ पुनरावेदक अयोध्याप्रसादका बाबु स्व. झगडु अहिर नाममा र साबिक कि.नं. १५१ पुनरावेदक वाउर अहिरका नाममा दर्ता रहेको देखिन्छ । वादीका बाबु भुसैले अहिरले आफ्नो साबिक कि.नं. १५० को जग्गा हाल साबिक गराई दर्ता गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन गरेपछि मालपोत कार्यालयबाट नापी कार्यालयमा पत्राचार भई नापी कार्यालयले हाल साबिक भिडाएको देखिन्छ । साबिक कि.नं. १५० को वादी बाबु नाउँ दर्ताको कि.नं. को हालको कि.नं. ३७५, ३७६, ३७७ र ३७८, ३८० र १७७ मध्ये रातो लाइनले देखाएअनुसार दक्षिणतर्फ भिडेको जग्गाहरू साथै उल्लिखित कित्ता नम्बरहरू दर्ता भइसकेको भनी च.नं. २६० मिति २०६६।०५।०४ को पत्रका साथै नक्सा प्रिन्ट पनि पठाएको देखिन्छ । नापी कार्यालय बाँकेले पठाएको मिसिल संलग्न नक्सा प्रिन्ट हेर्दा पनि वादीको साबिक कि.नं. १५० को जग्गाले हाल कायम कि.नं. ३७५, ३७६, ३७७ र ३७८, ३८० र १७७ लाई छुँदै गएको प्रस्ट देखिन्छ। यसरी दर्ता भइसकेको कारणबाट दर्ता बदर गर्ने अधिकार मालपोत कार्यालयलाई नभएकै कारण उल्लिखित कित्ता जग्गाहरूमा हक कायम गराई ल्याएका बखत कानूनबमोजिम गर्ने गरी अन्य कित्ता जग्गाहरू दर्ता गर्ने निर्णय गरेको भन्ने तथ्य मिसिल संलग्न मालपोत कार्यालयको निर्णय मिसिलबाट देखिन्छ । मालपोत कार्यालयको उक्त निर्णय र नापी कार्यालयबाट भिडाएको हाल साबिक अन्यथा हो भनी यी पुनरावेदक प्रतिवादीहरूले जिकिर लिएकोसमेत देखिँदैन । यसरी जग्गाको विषयमा मालपोत कार्यालय र हाल साबिक भिडाउने सम्बन्धमा नापी कार्यालय जानकार निकायका रूपमा रहने, हाल साबिक भिडाउँदा वादीको साबिक कि.नं. १५० को जग्गाहरू नयाँ नापी गर्दा कि.नं. ३७५, ३७६, ३७७ र ३७८, ३८० र १७७ मा रातो मसीले देखाएको दक्षिणतर्फको भागसमेत भित्र परेको स्पष्ट देखिन आएकोले वादीले फिराद माग दाबीबमोजिम दूषित नापी दर्ता बदर भई वादीको हक कायम हुनुपर्ने नै देखिन आउने।

अतः वादीको साबिक कि.नं. १५० को जग्गा हाल साबिक भिडाउँदा वादीको कि.नं. ३७५, ३७६, ३७७ र ३७८, ३८० र १७७ मध्ये केही जग्गाभित्र परेको देखिन आएकोले सुरुको फैसला उल्टी गर्दै दूषित नापी दर्ता बदर गरी वादीको हक कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।०३।०६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरमणी ओझा

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छः-

- ०७२-CI-०९४६, दूषित बन्डापत्र दा.खा.

दर्ता बदर दर्ता कायम, अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर

- ०७३-CI-०१०४, दूषित बन्डापत्र दा.खा. दर्ता बदर दर्ता कायम, अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर
- ०७३-CI-०५२६, दूषित बन्डापत्र दा.खा. दर्ता बदर दर्ता कायम, सुधरी अहिर वि. बाबादिन अहिर
- ०७२-CI-०९४८, दूषित लिखत बदर हक कायम, अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर
- ०७२-CI-०९४९, दूषित लिखत बदर हक कायम, अयोध्याप्रसाद अहिर वि. बाबादिन अहिर

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०६८-CR-००९५, हातहतियार खरखजाना, नेपाल सरकार वि. विनोदकुमार यादव*

प्रतिवादी विवेक भन्ने विनोदकुमार यादवलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को देहाय (२) बमोजिम सजाय हुने ठहर भए पनि उक्त ऐनको उक्त दफा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ बमोजिम मिति २०७२।११।१३ मा संशोधन भएको देखिन्छ। अब यी प्रतिवादीलाई पुरानो कानूनबमोजिम हुने सजाय गर्ने वा संशोधित कानूनी व्यवस्थाबमोजिम सजाय गर्ने भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखिन आउने।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून तथा प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारमा कसुर गरेको समयपछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा कसुरदारलाई सोको फाइदा प्राप्त हुने देखिन आएकाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० लाई केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ ले संशोधन गरिदिएकोले सोको फाइदा यी कसुरदारले पाउने नै देखिन आउने।

अतः बरामद भएको हतियार र मौकाको साबिती तथा प्रतिवेदकहरूको बकपत्रसमेतका आधारमा प्रतिवादी विवेक भन्ने विनोदकुमार यादवलाई माग दाबीबमोजिम हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को देहाय (२) बमोजिम सजाय हुने भनी सुरू जिल्ला प्रशासन कार्यालयले ३ वर्ष कैद सजाय हुने गरी गरेको फैसला उल्टी गरी पुनरावेदन अदालत जनकपुरबाट सफाइ दिने ठहर फैसला मिलेको देखिन नआएकोले पुनरावेदन अदालत जनकपुरको मिति २०६७।१०।१२ को फैसला उल्टी भई प्रतिवादी विवेक भन्ने विनोदकुमार यादवलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को देहाय (२) बमोजिम सजाय हुने ठहर भएबाट हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को देहाय (२) मिति २०७२।११।१३ मा संशोधन भएको र सो संशोधनको सुविधा माथि उल्लेख भएबमोजिम यी प्रतिवादी विवेक भन्ने विनोदकुमार यादवले पाउने नै देखिन आएकाले ऐ. ऐनको संशोधित कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादी विवेक भन्ने विनोदकुमार यादवलाई कैद वर्ष १(एक) मात्र सजाय हुने।

इजलास अधिकृत: ईश्वरमणि ओझा
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७४ साल आश्विन २५ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७१-WO-०११६, उत्प्रेषण, दशरथ साह वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत

सिद्धान्तः कुनै व्यक्तिको जग्गा सार्वजनिक गराउने प्रयोजनमा अधिग्रहण गर्न वा उचित क्षतिपूर्ति दिई लिन सक्ने प्रस्ट कानूनी व्यवस्था जग्गा प्राप्ति ऐन,

२०३४ ले प्रस्ट पारेको देखिन्छ । व्यक्तिको सम्पत्ति सार्वजनिक हितका लागि राज्यले प्राप्त गर्दासमेत प्रचलित कानूनबमोजिम निर्धारित र उचित कार्य विधिको पालन गर्नुपर्ने ।

राज्य वा राज्यका साधिकार निकायले निवेदकको नाम दर्ता रहेको जग्गा सार्वजनिक पोखरीको डिलमा पर्न आएका अवस्थामा जग्गा प्राप्ति ऐन, २०३४ को कानूनी प्रक्रिया अवलम्बन गरी अधिग्रहण गर्नुपर्ने देखिन्छ । जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम व्यक्तिको सम्पत्ति राज्यका लागि प्राप्त गर्दासमेत ऐनबमोजिमको मुआब्जा वा क्षतिपूर्ति नदिई अधिग्रहण गर्न सक्ने अवस्था नरहने ।

नागरिकले आफ्नो जग्गाधनी प्रमाण पुर्जाभित्रको जग्गा उपभोग गर्न पाउनेमा पनि विवाद देखिँदैन । निवेदकको जग्गा ०-०-७-२ भन्दा बढी वा घटी के हो ? भन्ने यस मुद्दामा विश्लेषण गर्न नमिले पनि व्यक्तिले जग्गा पास गरी लिएको जग्गाभित्र सार्वजनिक पोखरीको जग्गा परेको भए विपक्षीलाई भत्काउने अधिकार हुन्छ नै त्यसरी निवेदकले धारण गरेको जग्गामा पोखरीको डिल विस्तार गर्न लागिएको भए उचित क्षतिपूर्ति दिई मात्र त्यस्तो जग्गालाई सार्वजनिक कायम गराउनुपर्ने ।

विवादित घर जग्गा गुठीको कायम भएका बखत गुठीले नै कानूनबमोजिम गरी लिन सक्ने र हाल यी निवेदकले नक्सा पास गरी बनाएको घर नक्सा पासभित्रको हो होइन भन्ने सम्बन्धमा पनि गुठीबाट उचित निकास नहुँदै उपभोग गरी रहेको घर जग्गा सुरक्षित गर्न विधि र कानूनसम्मत नै देखिँदा भत्किई सकेको बाहेकको घर जग्गामा कानूनबमोजिम निकास नहुँदै वा क्षतिपूर्ति नदिई अतिक्रमण नगराउनु भनी विपक्षीहरूको नाममा प्रतिषेधको आदेश जारी हुने ।

इजलास अधिकृत : ईश्वरमणि ओझा
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७४ साल पौष २४ गते रोज २ शुभम् ।

## इजलास नं.३

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०६८-CR-०९६८, जबरजस्ती करणी उद्योग, रामकैलास साह सोनार वि. नेपाल सरकार*

करणीको उद्योग भनेको करणी गर्ने प्रयास गरेको तर करणी गर्न भने नपाएको अवस्था हो । करणीको उद्योगको अभियोग स्थापित हुनको लागि यौनाङ्गको घर्षण नै भएको हुनुपर्छ भन्ने छैन । महिलाको यौनाङ्गहरू चलाउनु, सुमसुम्याउनु वा खेलाउन खोज्दाकै अवस्थामा नै केही कारणले करणी गर्न नपाएको अवस्था सिर्जना हुन्छ भने यसलाई पनि करणीको उद्योग नै मान्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दाको पीडित लाटी किसिमकी नाबालक भएको अवस्थामा निजको स्तन समात्ने, योनिमा हात लग्नेलगायतका कार्यहरू गर्ने कार्यले प्रतिवादीको पीडितलाई करणी गर्ने नै मनसाय रहेको तर पीडित चिच्याएको कारण करणी कार्य गर्न नसकी भागेको देखिन्छ । यस अवस्थामा यौनाङ्गको घर्षण नभएकोले जबरजस्ती करणीको उद्योग स्थपित हुन नसक्ने भन्ने देखिँदैन । पीडित नाबालक रहेको र पीडितको सहमतिमा समेत करणी गर्न कानूनविपरीत हुने अवस्थामा पीडित एक्लै रहेको मौका पारी पीडितको स्तन समात्ने र योनिमा हात लग्ने कार्यले प्रतिवादीको पीडितलाई करणी गर्ने मनसाय रहेको प्रस्ट हुन्छ । जसबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको नै देखिने ।

अस्पतालबाट मगाइएको रेकर्ड फाइल हेर्दा निज प्रतिवादीको नाम सि.नं.९९२२ लेख्ने क्रममा लेख्ने स्थान सकिएपछि सो लाइनको मुनि नामहरू लेख्ने कलमभन्दा अर्कै कलम र अर्कै मसीबाट थपेकोसम्म देखिन्छ । यसरी रेकर्ड फाइलमा

प्रतिवादीको नाम उल्लेख भएको भए तापनि उक्त नाम र क्र.सं. स्वाभाविक रूपमा लेखिएको नभई पछि थपेको जस्तो देखिन्छ । कुनै प्रतिवादीले वारदातको दिन उक्त स्थानमा नरहेको भनी Plea of Alibi लिन्छ भने सो जिकिरलाई शंकारहित तवरबाट पुष्टि गर्न सक्नुपर्छ । अस्पतालबाट मगाइएको रेकर्ड फाइल विश्वसनीय भएको नदेखिँदा सोको आधारमा मात्र वारदातको दिन प्रतिवादी अन्यत्रै रहेको भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

अतः माथि विवेचित कारण र आधारमा प्रतिवादीले लाटी किसिमकी नाबालक पीडित एक्लै भएको मौका पारी स्तन समात्ने, योनिमा हात लग्नेलगायतका कार्य गरी करणी गर्ने प्रयास गरेकोमा पीडित चिच्याएको कारणले करणी गर्न नपाएको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू सर्लाही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी राम कैलास साह सोनारलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको ३(३) र ५ नं. बमोजिम ३(तीन) वर्ष कैद गर्ने गरी गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६८।५।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सन्देश श्रेष्ठ

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ फाल्गुण १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७२-CI-१८३०, नापी निर्णय बदर, मानप्रसाद खत्री वि. नरबहादुर महतसमेत*

वादी नरबहादुर महतले प्रतिवादी नरे खत्री, हर्कबहादुर खत्री, धौले महत र रनसिंह महतसमेत जना ४ उपर फिराद दिएको बकसपत्र बदर मुद्दामा बझाङ जिल्ला अदालतबाट मिति २०३६।८।५ मा फैसला हुँदा धौलेले नरे खत्रीलाई दिएको बकसपत्र ३ भागको १ भाग बदर हुने ठहरेकोमा तत्कालीन सेती अञ्चल अदालतबाट मिति २०३७।३।२८ मा "प्रतिवादी धौले महतले प्रतिवादी हर्कबहादुर खत्रीलाई गरिदिएको वादी दाबीको बकसपत्रमा उल्लिखित सम्पत्तिमा आधा आफूखुस गर्न पाउने मन्जुरी लिन नपर्ने हुँदा बाँकी आधामा वादीसमेत ४ जना अंशियार हुँदा ४ भागको १ भाग वादीको भागजति बकस दिएको सदर नहुनेमा पूरै बकस दिएको सम्पत्तिमा ३ भागको १ भाग बदर हुने ठहर्‍याएको सुरू इन्साफ गल्ती" भन्ने फैसला भएको पाइन्छ । उक्त फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा सेती अञ्चल अदालतको फैसला सदर हुने ठहर्‍याई उक्त अदालतबाट मिति २०३९।५।२१ मा फैसला भएको देखिन्छ । यसरी बकसपत्र बदर मुद्दामा तहतह फैसला भई अन्तिम भएको पाइन्छ । अदालतबाट भएको फैसला कानूनबमोजिम अन्तिम भएपछि त्यस्तो फैसलाले जे जस्तो हक दायित्व स्थापित गरेको छ मुद्दाका पक्षहरूले पनि सोहीबमोजिमको हक र दायित्व प्राप्त गर्ने हो । उल्लिखित फैसलामा स्पष्ट रूपमा बकसपत्रमा उल्लिखित सम्पत्तिको पूरै हिस्सा बदर भएकै देखिँदैन । आधा हिस्सासम्म बदर भएको अवस्था हो । यस अवस्थामा फैसलाले स्पष्ट रूपमा बोलेको जति मात्र सम्पत्ति यी वादीले प्राप्त गर्न सक्ने हुने ।

उल्लिखित तथ्यबाट विवादित कि.नं.२८ र २९ का जग्गामा बकसपत्र बदर मुद्दाबाट जम्मा जग्गामध्ये आधा छुट्याई बाँकी आधामा ४ भागको १ भाग जग्गाउपर वादीहरूको हक स्वामित्व स्थापित भएको अवस्थामा सोही बकसपत्र मुद्दालाई आधार मानी भएको प्रस्तुत नापी निर्णय बदर मुद्दामा अघिल्लो फैसलाको गलत अर्थ लगाई वादी दाबीबमोजिम उक्त कि.नं.२८ र २९ का जग्गा ३ खण्डको १ खण्ड वादीका नाममा र २ खण्ड प्रतिवादीका नाममा दर्ता हुने गरी भएको हदसम्म पुनरावेदन अदालत दिपायलबाट मिति २०६९।३।२० मा भएको फैसला मिलेको नदेखिने ।

तसर्थ, विवेचित आधार प्रमाणबाट तत्कालीन सेती अञ्चल अदालत र सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतको फैसलाले जम्मा जग्गाको आधा छुट्याई बाँकी आधामा ४ भागको १ भागसम्म वादीको हक रहेको देखिँदा ३ भागको १ भाग बदर गर्ने गरेको हदसम्म पुनरावेदन अदालत दिपायलको मिति २०६९।३।२० को फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी भई कि.नं.२८ र २९ को आधा क्षेत्रफलबाहेक गरी बाँकी रहने आधामध्ये ४ भागको १ भाग वादीहरूको नाउँमा दर्ता कित्ताकाटसमेत हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत २ गते रोज ६ शुभम्।

## इजलास नं.४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७३-WO-०९२८, उत्प्रेषण, भैरवप्रसाद पौडेल वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

निवेदन दायर गरिसकेपश्चात् जिल्ला शिक्षा कार्यालय, झापा, भद्रपुरले *"निवेदकलाई क्षेत्रीय शिक्षा निर्देशनालय, विद्यालय प्रशासन शाखा पूर्वाञ्चल धनकुटाको मिति २०७४।०४।१२ को निर्णय तथा च.नं.११८ मिति २०७४।०५।१९ को पत्रबाट बढुवा नियुक्तिका लागि सिफारिस भई आएको हुँदा यस कार्यालयको मिति २०७४।०५।२५ को निर्णयानुसार मिति २०७४।०५।१७ देखि ज्येष्ठता कायम हुने गरी माध्यमिक तह प्रथम श्रेणी शिक्षक पदमा बढुवा नियुक्ति गरिएको"* भन्ने बेहोरा उल्लेख गरिएको च.न. ५३९, मिति २०७४।०५।२९ को पत्र मिसिल संलग्न रहेको देखिन्छ । यसरी निजले माग गरेको पदमा बढुवा भई हाल कार्यरत रहेको भन्ने देखिँदा निजको बढुवासम्बन्धी प्रयोजन पूरा भइसकेकोले शिक्षक सेवा आयोग, क्षेत्रीय बढुवा समिति सचिवालय, क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल धनकुटाले विपक्षी हेमकुमार खड्कालाई झापा जिल्ला माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा हुने गरी मिति २०७३।१०।०४ मा गरेको निर्णय र बढुवा, नियुक्तिलगायतका काम कारबाही सम्बन्धमा थप विवेचना गरिरहन नपर्ने।

तसर्थ, रिट निवेदकले माग गरेको माध्यमिक तह प्रथम श्रेणी शिक्षक पदमा निजको बढुवा भई नियुक्तिसमेत भइसकेको अवस्थामा विपक्षी शिक्षक सेवा आयोग, क्षेत्रीय बढुवा समिति सचिवालय, क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल धनकुटाबाट भएको बढुवाको निर्णय र नियुक्ति उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदन जिकिरअनुसार आदेश जारी गर्नुपर्ने औचित्यता र प्रयोजन समाप्त भइसकेको देखिन्छ। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असोज १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०६७-CI-१६०१, निर्णय बदरसमेत, भोलाप्रसाद सिटौला वि. दिपेन्द्रकुमार पाण्डे*

वादी दाबीको जग्गा यी पुनरावेदक प्रतिवादी पशुपतिनाथ अमालकोट कचहरीले जग्गाधनी पशुपतिनाथ अमालकोट गुठी कायम रहेको जग्गा हो भन्ने जिकिर लिएको देखिए तापनि सो विवादित जग्गा पशुपतिनाथ अमालकोट गुठीको भन्ने कुनै तथ्ययुक्त प्रमाण दिन सकेको अवस्था देखिँदैन। नापीको बखतमा फिल्डबुकमा विवादित जग्गा वादीका बाजे भवनाथ कुमाईका नाउँमा देखाई नापी भएको भन्ने कुरा उक्त जग्गाको फिल्डबुकबाट देखिने।

क्षेत्रीय किताब खडा हुँदा भुलबाट भवनाथ भन्ने लेखिएको भनी जिकिर गर्ने यी पुनरावेदक प्रतिवादीले लिएको उक्त जिकिरअनुसार भुलबाट लेखिन गएको भए साबिकमा फिल्डबुकमा उल्लेख भएको सो बेहोरालाई यथासमयमा विधिसम्मत रूपले सुधार हुनको निमित्त चुनौती दिई निरूपण गरिएकोसमेत देखिँदैन। फिल्डबुकमा प्रत्यर्थी वादीका बाजेको नाउँ भुवनाथ कुमाई भनी उल्लेख गरिएको देखिएको आधारबाट उक्त दाबीको जग्गा सोही हा.नं.२३१ को ४।।।८२ बाट भिडेका हुन् भन्ने वादी दाबी रहेको र सो जग्गाको साथै रहेको कि.नं.३९, ४१ समेतका जग्गा यी प्रत्यर्थी वादीको हा.नं.२३१ को लगतबमोजिम हक कायम हुन आएको देखिएको हुँदा प्रस्तुत मुद्दाको विवादित जग्गामा वादीको हक कायम हुने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा गरिरहनुपर्ने अवस्था देखिन नआउने।

तसर्थ, विवादित जग्गामा वादीको हक कायम हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६४।८।१६ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ १९ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६७-CI-१६०२, निर्णय बदर, भोलाप्रसाद सिटौला वि. दिपेन्द्रकुमार पाण्डे भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७२-CI-००९१, लिखत दर्ता बदर दर्ता कायम, सबिन पौडेलसमेत वि. झुलनकुमारी खवास*

पुनरावेदक वादीहरूको पति/पिता शम्भुप्रसाद पौडेलले आफ्नो नाउँमा दर्ता रहेको जिल्ला मोरङ, बखरी ९(घ) हाल विराटनगर ६ को कि.नं.४२१ को ०–५–३½ जग्गा र.नं. ७६७१(ख) बाट झुलनकुमारी खवासलाई मिति २०६८।११।०२ मा राजीनामा गरी हक हस्तान्तरण हुँदाका अवस्थामा यी पुनरावेदक वादीका पति / पिताको नाउँमा विभिन्न कित्तामा १–१५–४½ क्षेत्रफल जग्गा बाँकी रहिरहेको भन्ने कुरा सुरू मिसिल संलग्न रहेको मालपोत कार्यालय, मोरङबाट प्राप्त जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि एवं सुरू अदालतमा यिनै वादीहरूले दायर गरेको अंश मुद्दामा बन्डा हुने ठहर भएको जग्गाको विवरणसमेतबाट देखिन आएको जग्गाको क्षेत्रफल र उक्त विवादित जग्गा मिति २०६८।११।०२ मा बिक्री भइसकेपश्चात् मिति २०६८।१२।१२ मा नै यी प्रतिवादी शम्भुप्रसादका नाममा कि.नं.४०२ को जग्गा राजीनामा लिखतबाट खरिद भई निजका नाउँमा पास भई आएको भन्ने कुरा लिखतको प्रतिलिपिबाट समेत देखिने।

प्रतिवादी शम्भुप्रसाद पौडेलले आफ्नो घर व्यवहार चलाउन जग्गा बिक्री गरी मिति २०६८।१२।१२ मा कि.नं.४०२ को जग्गा यी प्रतिवादी शम्भुप्रसादका नाममा लिखत पास भएको राजीनामा लिखतले पुष्टि गरेको देखिन आएको हुँदा कि.नं.४२१ को ०–५–३½ जग्गा प्रतिवादी शम्भुप्रसाद पौडेलले प्रतिवादी झुलनकुमारी खवासलाई पारित गरिदिएको राजीनामा लिखत कानूनसम्मत नै रहेको देखिन आएको हुँदा प्रस्तुत मुद्दामा उक्त लिखत बदर गरिपाउँ भन्ने यी वादीहरूको फिराद पुग्न नसक्ने भनी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।१२।११ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।११।२२ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

तसर्थ, प्रस्तुत मुद्दामा मिति २०६८।११।२ मा र.नं. ७६७१(ख) को राजीनामा लिखत बदर गरिपाउँ

भन्ने यी वादीहरूको फिराद दाबी पुग्न नसक्ने भनी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।१२।११ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।११।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०९५५, भाडा दिलाई घर खाली गरिपाऊँ, मुनादेवी भेटुवाल वि. नरेश पुरी

वादीले खरिद गरेको उक्त कि.नं.१०१ को जग्गामा पाँच तले पक्की घर रहेको र सो घरमा विद्युत् लाइनसमेत जडान भई प्रतिवादीले भोग चलन गरिरहेको भनी सुरू जिल्ला अदालतबाट सोही विवादित घरको सम्बन्धमा डोरमार्फत भई आएको मिति २०६८।२।३० तथा मिति २०६८।१०।२ को मुचुल्काको रोहवरमा बस्ने स्थानीय भद्रभलाद्मीसमेत सबैले २०५४ सालदेखि प्रतिवादीले घर निर्माण गरी २०५५ सालदेखि हालसम्म बसोबास भोग चलन गर्दै आएका हुन् भनी मुचुल्कामा बेहोरा लेखाई दिएको देखिएकोले सो मुचुल्काबाट निज प्रतिवादी उक्त घरमा भाडामा बस्दै आएको भन्ने देखिँदैन। सो घरमा विद्युत् प्राधिकरणको ग्राहक नं.१०१-१७-३० को ग्राहकबाट १२ कोठा भएको तीनतले पक्की घरमा मिति २०५६।९।२ मा विद्युत् लाइन जडान भएको भन्ने देखिएकोमा उक्त विद्युत् लाइन अन्यत्र रहेको घरको लागि निवेदन दिई सो घरमा जडान गरिएको भए त्यसैबमोजिम पुष्टि हुने प्रमाण वादीबाट पेस दाखिला हुनुपर्नेमा सोसमेत नदेखिएकोले २०५६ सालमा नै उक्त घरमा प्रतिवादीको नामबाट विद्युत् जडान भएको तथ्यलाई वादीले अन्यथा हो भनी पुष्टि प्रमाणित गर्न सकेको नदेखिने।

वादीका दाताहरूले नै २०६३ सालदेखि प्रतिवादीलाई भाडा लिने दिने गरी घर भाडामा दिएको भन्ने वादीको फिराद कथनलाई पुष्टि हुने गरी सोबमोजिम घरभाडामा लिए दिएको त्यस्तो कुनै पनि लिखत कागज रहेको छ भनी वादीबाट पेस हुन सकेकोसमेत नदेखिएकोले वादीले आफ्नो फिराद कथनमा उल्लेख गरेकै भरमा मात्र वादीको दाबी खम्बिर हुन सकेको नदेखिएकोले वादी दाबीअनुसार प्रतिवादीले उक्त घर भाडामा बस्ने गरी लिए दिएको हो भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

वादीले खरिद गरी लिएको उक्त कि.नं. १०१ को जग्गाको सम्बन्धमा प्रतिवादीसँग वादीको कुनै विवाद नउठेको र सो जग्गामा रहेको घरको सम्बन्धमा वादीले घर जग्गा खरिद गर्दा उक्त जग्गामा कच्ची एकतले घर रहेको भन्ने उल्लेख भएको देखिएको र वादीकै दाताको पालादेखि उक्त घर प्रतिवादीहरूलाई भाडामा दिई निज प्रतिवादी सो घरमा भाडामा बस्दै आएको भन्ने कुरा लिखत प्रमाणको अभावमा खम्बिर हुन नआएको र २०५४ सालदेखि नै प्रतिवादीले घर बनाउन सुरू गरी उसै बेलादेखि घर निर्माण गरी बसोबास भोग चलन गर्दै आएको सो घरमा २०५६ सालदेखि नै प्रतिवादी नाउँको ग्राहक नं.१०१-१७-३० को विद्युत् जडानसमेत भइरहेकोसमेतबाट पहिलेदेखि नै प्रतिवादी आफैँले घर निर्माण गरी भोग बसोबास गर्दै आएको भन्ने देखिने।

वादीले उक्त कि.नं.१०१ को घरजग्गा २०६६।५।२५ मा खरिद गरेको देखिएको र वादीले खरिद गर्नुपूर्व नै सो जग्गामा प्रतिवादीले घर निर्माण गरी २०५६ सालदेखि नै भोग बसोसास गर्दै आएको तथ्य स्थापित हुन आएको हुँदा उक्त घरलाई यी वादीका साबिकका दाताले भाडामा बस्न दिएको कुनै प्रमाणबाट पुष्टि गराउन सकेको उक्त कि.नं.१०१ को जग्गा खरिद गर्ने वादीले घर निर्माण पूरा भएको नौ वर्षपछि आएर सो घरमा रहेका प्रतिवादीलाई हटाई पाउँ भन्नेसमेतको

फिराद दाबी मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं.बमोजिमको हदम्यादभित्रको समेत नदेखिएको हुँदा प्रतिवादीबाट सो घरको भाडा दिलाई घर खाली गराई पाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने भनी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०१।१६ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, उल्लिखित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भाडा दिलाई घर खाली गराई पाउँ भन्ने वादीको फिराद दाबी नपुग्ने भनी मिति २०६८।११।१४ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०१।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०७०-CI-०५३७, फैसलाविपरीत टिप्पणी आदेश बदर दर्ता बदर दर्ता, रामकृत महतो कोइरी वि. राजेन्द्रप्रसाद यादव*

कि.नं.१०३ जग्गाको पूर्वतर्फबाट कि.नं.११४ को जग्गाको दक्षिणतर्फबाट र कि.नं.२७८ को जग्गाको उत्तरतर्फबाट कित्ताकाट गरी आधा जग्गा मोहीले छुट्ट्याई लिन पाउने र बाँकी आधा जग्गा जग्गाधनीको हुने गरी भूमिसुधार कार्यालय, बाराबाट मिति २०६१।५।१६ मा फैसला भएको र सो फैसलाअनुसार कि.नं.१०३ को जग्गाको पूर्वतर्फ कि.नं.६७४ र पश्चिमतर्फ कि.नं.६७५, कि.नं.११४ को जग्गाको दक्षिणतर्फ कि.नं.६७६ र उत्तरतर्फ कि.नं.६७७, तथा कि.नं.२७८ को जग्गाको उत्तरतर्फ कि.नं.६७८ र दक्षिणतर्फ कि.नं.६७९ कायम हुने गरी कित्ताकाट भएकोसमेत देखिन्छ । नापी शाखाबाट कित्ताकाट भइसकेपछि भूमिसुधार कार्यालय, बाराको मिति २०६१।५।१६ को फैसलाअनुसार कि.नं. ६७४, ६७६ र ६७८ का जग्गाहरू मोहीको नाउँमा र कि.नं.६७५, ६७७ र ६७९ का जग्गाहरू जग्गाधनीका नाउँमा कायम हुने गरी दा.खा. गर्नुपर्नेमा सो नगरी कि.नं.६७५, ६७७ र ६७९ का जग्गाहरू मोही / पुनरावेदक / प्रतिवादी रामकृत महतो कोइरीको नाउँमा कायम हुने गरी मालपोत कार्यालय, बाराबाट मिति २०६४।३।१९ मा निर्णय भएको देखिएकोले उक्त निर्णय, भूमिसुधार कार्यालय, बाराको मिति २०६१।५।१६ को फैसलाअनुसार मिलेको देखिन आएन। अतः मालपोत कार्यालयको उक्त निर्णयलाई मनासिब मान्न र कायम राखी राख्न मिल्ने अवस्था देखिएन । साथै प्रत्यक्ष असर पर्ने सम्बन्धित सरोकारवाला व्यक्तिलाई बुझ्दै नबुझी उक्त निर्णय गरेको देखिँदा मालपोत कार्यालय बाराको मिति २०६४।३।१९ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तका आधारमा समेत मिलेको देखिन नआउने।

तसर्थः साबिक कि.नं.१०३, ११४ र २७८ बाट कित्ताकाट भई कायम भएका कि.नं.६७५, ६७७ र ६७९ का जग्गाहरू पुनरावेदक / प्रतिवादी रामकृत महतो कोइरीको नाममा एकलौटी दा.खा. गर्ने गरी मालपोत कार्यालय बाराबाट मिति २०६४।३।१९ मा भएको निर्णय र सो निर्णय कायम रहने गरी भएको जिल्ला अदालत बाराको मिति २०६९।२।४ को फैसलासमेत उल्टी हुने ठहर गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-CI-०५३५, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, रामकृत महतो कोइरी वि.

राजेन्द्रप्रसाद यादव

- ०७०-CI-०५३६, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, रामकृत महतो कोइरी वि. राजेन्द्रप्रसाद यादव
- ०७०-CI-०५३८, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता, रामकृत महतो कोइरीसमेत वि. राजेन्द्रप्रसाद यादव
- ०७०-CI-०५३९, लिखत दर्ता बदर दर्ता, पुनितप्रसाद समेत वि. राजेन्द्रप्रसाद यादव
- ०७०-CI-०५४०, लिखत दर्ता बदर दर्ता, रामकृत महतो कोइरी वि. राजेन्द्रप्रसाद यादव

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-CR-१६२४, कर्तव्य ज्यान, नेपाल सरकार वि. सम्झना घर्तीमगर*

प्रतिवादी सम्झना घर्तीमगरले घटना वारदातका सम्बन्धमा सविस्तार गरी लेखाइदिएको उक्त बयान बेहोराबाट मृतकलाई मार्नमा निज प्रतिवादीले कुनै संयोग पारिदिएको वा मृतकलाई निजले कुनै चोट प्रहार गरेको भन्नेसमेत नदेखिएको र आफ्नो घरमा आएका पूर्ण थापाले आफ्नो श्रीमान्‌बाट रू.८०००।- लग्नु भएको रहेछ । त्यही रूपैयाँको विषयमा झगडा भनाभन हुँदा मेरो श्रीमान् तुलबहादुर घर्तीले नजिकै रहेको काठको कडीले निज पूर्ण थापाको टाउकोमा हान्दा निजको मृत्यु भएको हो। पूर्ण थापालाई मारेपछि ट्वाइलेटमा हाल्न नसकी मलाई बोलाई, **"यसलाई समात्ने भए समात् नत्र मारी दुवैलाई यही खाल्डोमा हाल्छु"** भनी भनेपछि **"मैले हात समाई मेरो श्रीमान् तुलबहादुर घर्तीले खुट्टा समाई दुवैजनाले ट्वाइलेटको खाल्डोमा हालिदिएका हौँ"** भनी निजले गरेको बयान बेहोराअनुसार नै सो घटना वारदातको सप्रमाण तथ्यहरू उजागर भएको देखिएको हुँदा निज प्रतिवादीको उक्त बयान बेहोरालाई अन्यथा हो भनी मान्नुपर्ने अवस्था देखिन नआएको हुँदा निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी पुष्टि प्रमाणित हुन आएको नदेखिएको एवं निज प्रतिवादीले मृतकलाई मार्नमा कुनै संयोग पारिदिएको तथ्यसमेत पुष्टि हुन आएको नदेखिने।

मृतक पूर्णबहादुर थापालाई कर्तव्य गरी मारेको घटना वारदातमा यी प्रतिवादी सम्झना घर्ती मगरले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर अपराध गरेको नदेखिएको र सो वारदातमा मृतकलाई मार्नमा यी प्रतिवादीले कुनै संयोग पारी दिएकोसमेत नदेखिएको हुँदा निजलाई सोही महलको १७(२) नं. बमोजिम सजाय हुन सक्ने अवस्था देखिँदैन। तर मृतकको हात समाती मृतकलाई खाल्डोमा हाल्ने कार्यमा निजको समेत संलग्नता रहेकोसम्म पुष्टि हुन आएको अवस्था विद्यमान रहेको देखिँदा निज प्रतिवादीको हकमा सोही महलको १७(३) नं. आकर्षित हुने अवस्था विद्यमान रहेको देखिने।

प्रतिवादी सम्झना घर्ती मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम सजाय गर्ने गरी भएको सुरू रोल्पा जिल्ला अदालतबाट मिति २०७१।३।४ मा भएको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई सोही महलको ऐ.१७(३) नं. बमोजिम दुई वर्ष कैद सजाय हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।९।८ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी सम्झना घर्ती मगरले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि प्रमाणित हुन नआएको र निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम सजाय गर्ने गरी भएको सुरू रोल्पा जिल्ला अदालतको मिति २०७१।३।४ को फैसला केही उल्टी भई ऐ. महलको ऐ.१७(३) बमोजिम दुई वर्ष कैद सजाय

हुने भनी मिति २०७१।९।८ मा पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम्।

## इजलास नं.५

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-१२७६, हालैको बकसपत्र, नारायणी दाहाल वि. माधवप्रसाद दाहाल

वादी आफैँले अधिकारप्राप्त निकाय मालपोत कार्यालय दाङमा गई प्रतिवादी माधवप्रसाद दाहाललाई मिति २०६३।९।१३ गतेका दिन र.नं. ख २४९३ को हालैदेखिको बकसपत्र लिखत रजिस्ट्रेसन पारित गरिदिएको अवस्था पाइन्छ । मालपोत कार्यालयमा लिखत पारित गरी दिँदा लिखत गरी दिने व्यक्तिको उपस्थितिमा पास हुने लिखतको बारेमा सोधनी गरी पारित गरिने हुन्छ । हक छाडिदिने व्यक्तिलाई सो लिखतका सम्बन्धमा सो लिखतबाट हुने परिणामसमेत हक हस्तान्तरण गरी दिने व्यक्तिलाई जानकारी गराइन्छ । २०६३।९।१३ मा पारित गरिदिएको लिखतका विषयमा २०६५।६।१६ मा मात्र फिराद दायर गरेको देखिन्छ। यदि आफ्नु इच्छाविपरीत लिखत भएको भए यति लामो समयसम्म उजुर नगर्नुपर्ने कारण वादीले खुलाउन सकेको देखिँदैन। यिनै वादीले प्रस्तुत दाबीको लिखतको जग्गाबाहेक अन्य जग्गाको पनि मिति २०६३।१०।११ मा भोलाकुमारी न्यौपानेलाई लिखत पारित गरिदिएको देखिने।

वादी दाबीबमोजिम एक कित्ता जग्गा मात्र शेषपछिको बकसपत्र गरी दिन खोजेकोमा प्रतिवादीले पूरै जग्गा हालैको बकसपत्र गरी लिन खोजेको भए कार्यालयबाट सोधपुछ हुँदाको बखत नै आफ्नो असहमति भए सो कुरा व्यक्त गर्नुपर्नेमा सो कुरा नगरेकोबाट लिखत पारित हुँदाको बखत यी पुनरावेदक वादीको मन्जुरी नरहेको भन्ने र वादीलाई झुक्याई लिखत पारित गरे गराएको भन्ने अवस्था स्वाभाविक नदेखिने।

अचल सम्पत्तिको हक छाडी दिन लिखत रजिस्ट्रेसन पारित गरी दिने निकाय मालपोत कार्यालयमा पुनरावेदक वादी आफैँ उपस्थित भई किनाराका साक्षीहरूसमेतको रोहवरमा सहीछाप गरी पारित गरिदिएको मिति २०६३।९।१३ को हालैदेखिको बकसपत्र लिखत बदर हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६६।३।११ को फैसला उल्टी गरी दाबीको लिखत बदर नहुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला अन्यथा नदेखिने।

तसर्थ, पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६८।१०।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : जयराम श्रेष्ठ
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७५ साल असोज १९ रोज ६ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७०-CR-०८४६, ०७०-CR-०८४७, लागु औषध अफिमको झारपात, मनोरञ्जन माली वि. नेपाल सरकार, जोगेन्द्र साह सोनार वि. नेपाल सरकार*

प्रस्तुत विवादमा प्रतिवादीहरूको साइकलबाट ठुलो परिमाणमा लागु औषध बरामद भएको हो भनी प्रतिवेदकले खुलाएको देखिन्छ । कानूनले लागु औषधको कसुरलाई Possessory Crime को रूपमा परिभाषित गरी प्रमाणको भार प्रतिवादीमा निहित राखिदिएको र प्रतिवादीहरूले डोऱ्याएर लगिरहेको साइकलमा बोरामा बाँधेर लगिरहेको

अवस्थामा प्रतिवादीमध्येका मनोरञ्जन मालीबाट ७५ किलोग्राम र अर्का प्रतिवादी जोगेन्द्र साह सोनारबाट ७५ किलोग्राम लागु औषध अफिमको धुलो बरामद भएको अवस्थामा निजहरूको अनुसन्धान अधिकारी र अदालतको इन्कारी बयानलाई मात्र आधार मानी अभियोग दाबीको कसुर निजहरूले गरेका रहेनछन् भनी मान्न मिलेन। प्रतिवादीहरूले बरामदी मुचुल्कामा आफूहरूले सही नगरेको भन्नेतर्फ हेर्दा उक्त बरामदी मुचुल्कामा प्रतिवादीहरूले सही गर्न नमानेको भनी कैफियत जनाई बरामदी मुचुल्का तयार गरेको र सो मुचुल्का बदरतर्फ निजहरूले कुनै कारबाही चलाएको देखिँदैन। प्रतिवेदकसँग रिसइवी भएको भनी पुष्टि गर्न सकेको पनि देखिँदैन। प्रतिवादीहरूबाट लागु औषध बरामद नभएको भए अकारण यी प्रतिवादीहरूलाई लागु औषध जस्तो गम्भीर कसुरमा पक्राउ गर्नुपर्ने नदेखिने।

प्रतिवादीहरूले सँगै डोर्‍याएर लग्दै गरेको साइकलबाट लागु औषध अफिमको धुलो बरामद भएको र बरामदी मुचुल्कामा प्रतिवादीहरूले सही गर्न नमानी सोलाई मौकामा नै स्वीकारेको र विधि विज्ञान प्रयोगशालाको परीक्षणबाट बरामदी धुलो लागु औषध नै हो भनी परीक्षण प्रतिवेदन प्राप्त भएको साथै प्रतिवेदक स्वयं अदालतमा आई बरामदी मुचुल्का र जाहेरीलाई सम्पुष्टि हुने गरी बकपत्र गरेर अभियोग दाबीलाई पुष्टि गरिदिइसकेको अवस्थामा अफिम जस्तो लागु औषधको कसुर एवं अभियोगमा प्रतिवादीहरू मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बिना आधार एवं प्रमाण कसुरप्रति इन्कारी हुँदैमा त्यस्तो इन्कारीले खासै महत्त्व राख्दैन, ती उपर्युक्त बरामदीलगायतका अन्य कागज प्रमाणले कसुरलाई पुष्टि भएको मान्नुपर्ने।

तसर्थ, विवेचित आधार, प्रमाण र कानूनको विश्लेषणबाट प्रतिवादीहरू मनोरञ्जन माली र जोगेन्द्र साह सोनारलाई आरोपित कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ख) र (च) बमोजिमको अपराधमा सोही ऐनको दफा १४(१) (छ) (३) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना हुने ठहर गरेको पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।९।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल फाल्गुण २७ गते रोज २ शुभम्।

## ३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-०९५८, ०७२-CI-१०२६, ०७२-CI-१३०२, अंश चलन, सन्तकुमारी कार्कीसमेत वि. दिपेन्द्र कार्की, दिपेन्द्र कार्की वि. नारायणबहादुर कार्की, जमुना कार्कीसमेत वि. दिपेन्द्र कार्की

प्रतिवादी भगवान कार्की र जमुना कार्कीको नाममा रहेको कि.नं.४५७, १७५, १८३, ४१०, ११७०, ११७१ र ११७२ का जग्गाहरूमा सबै अंशियारहरूको अंश भाग लाग्ने भनी पुनरावेदन अदालतबाट भएको फैसला उल्लिखित कित्ता जग्गाहरूको हकमा एकासगोलका अंशियारहरूका बिच बकसपत्र पाएकै आधारमा निजी आर्जनको जग्गा भनी अर्थ गर्न नमिल्ने हुँदा उल्लिखित कित्ता जग्गाहरूमा बन्डा लाग्ने भनी पुनरावेदन अदालतबाट भएको फैसला उक्त कि.नं.का जग्गाहरूका हकमा मिलेकै देखिने।

कि.नं.१०३ को सन्तकुमारी कार्की नाउँ दर्ताको जग्गाको हकमा हेर्दा वादी दिपेन्द्र कार्कीको प्रतिवादी सन्तकुमारी कार्की सौतेनी नालको हजुरआमा नाताको भएकोमा विवाद देखिँदैन। उक्त जग्गा सन्तकुमारीले आफ्नो माइतीबाट हालैको बकसपत्रबाट प्राप्त गरेको देखिन्छ। उक्त जग्गामा पैतृक लगानी वा श्रम सिप परेको नभई सन्तकुमारीको

माइतीबाट प्राप्त गरेकोले बन्डा लाग्छ भनी भन्न मिल्ने देखिँदैन । बाबु आमाका नामको सम्पत्ति छोरा छोरीले पैतृक सम्पत्तिको रूपमा प्राप्त गर्न सक्ने नै हुन्छ । यी वादी दिपेन्द्र कार्की सौतेनी नालका नाति नाताका व्यक्ति भएकोले उक्त कि.नं.को जग्गामा निजको पैतृक हक लाग्छ भनी भन्न मिल्ने देखिँदैन । सन्तकुमारीका छोराहरूबिच मात्र बन्डा लाग्ने गरी भएको पुनरावेदन अदालतको फैसला उक्त कि.नं. १०३ जग्गाको हकमा मिलेकै देखिने ।

कि.नं. ८२ को धनकुमारी कार्कीको नाउँ दर्ताको जग्गाको सम्बन्धमा हेर्दा, वादी दिपेन्द्र कार्कीकी आमा धनकुमारी कार्कीको नाममा मिति २०३७।१०।०५ मा राजीनामाबाट प्राप्त भएको देखिन्छ । उक्त राजीनामाको कैफियत महलमा निज धनकुमारी कार्कीले स्त्री अंश धन वा दाइजो पेवा वा निजी आर्जनको भनी खुलाउन सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ दफा ६क मा **"सगोलका जुनसुकै अंशियारको नाउँमा रहेको सम्पत्ति सगोलका सबै अंशियारको हक लाग्ने"** भन्ने कानूनी व्यवस्था देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम धनकुमारी कार्कीको नाउँ दर्ताको कि.नं. ८२ को जग्गामा सबै अंशियारहरूको बन्डा लाग्ने ठहर गरी भएको पुनरावेदन अदालतको फैसला उक्त कि.नं. ८२ को हकमा मिलेकै देखिन आउने ।

कि.नं. ३९५ को जमुना नाउँ दर्ताको जग्गाको सम्बन्धमा हेर्दा, कि.नं. ३९४ को जग्गा नारायणबहादुर कार्कीले हालैको बकसपत्र गरी भगवान कार्कीलाई दिएकोमा भगवान कार्कीले मिति २०६६।०७।२५ मा शिवहरि कार्कीसँग सट्टापट्टा गरी कि.नं. ३९५ को जग्गा लिएको देखिन्छ । मिति २०६८।०४।२४ मा बासुदेव सुवाल र महेन्द्र श्रेष्ठलाई रू. ६ लाखमा बिक्री गरी मिति २०६८।१०।२६ मा पुन ४ लाखमा जमुना कार्कीका नाउँमा खरिद गरेको देखिएकोले विवादित कि.नं. ३९५ को जग्गाको मूल स्रोत नारायणबहादुर कार्कीले भगवान कार्कीलाई दिएको उक्त कि.नं. ३९४ कै सट्टा भएको देखिँदा सबै अंशियारहरूको बिच बन्डा लाग्ने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिन आउने ।

कि.नं. ४४३ को भगवान कार्कीको नाउँ दर्ताको जग्गाको सम्बन्धमा हेर्दा, उक्त कि.नं.को जग्गामा प्रतिवादीहरू भगवान कार्की, श्यामबहादुर कार्की र सुमन कार्कीका नाउँमा संयुक्त रूपमा राजीनामा गरी लिएकोमा अर्के देवीबहादुरको नाउँ परेको कारण सो जग्गा कच्ची ठहरी २०५९ सालमा सोधभर्ना स्वरूप भगवान कार्कीलाई प्राप्त भएको देखिँदा सबै अंशियारहरूको बन्डा लाग्ने ठहरी पुनरावेदन अदालतबाट भएको फैसला उक्त कि.नं. ४४३ को हकमा मिलेकै देखिन आउने ।

कि.नं. ३१८ र ४३० का नारायणबहादुर कार्की नाउँ दर्ताको जग्गाको सम्बन्धमा हेर्दा, विभिन्न व्यक्तिसँग ऋण लिई कृषि विकास बैंकबाट धितो फुकुवा गरी लिएकोले बन्डा लाग्ने होइन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, ऋणको हकमा साहुको नालिस परेका बखत ठहरेबमोजिम हुने नै हुँदा सगोलको कुनै अंशियारको नाउँको जग्गा सबै अंशियारहरूलाई बन्डा लाग्ने नै हुँदा उक्त कि.नं. ३१८ र ४३० को जग्गाको हकमा बन्डा लाग्ने ठहरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिन आउने ।

अब कि.नं. ४२० र ४२१ को जग्गाको सम्बन्धमा हेर्दा, कि.नं. ४२० मा वादी दिपेन्द्र कार्कीको बसोबास रहेको र कि.नं. ४२१ मा प्रतिवादी भगवान कार्कीको बसोबास रहेको देखिन्छ । सोबाहेक कि.नं. ४१०मा अर्को घरसमेत रहेको भन्ने वादी दिपेन्द्र कार्कीको पुनरावेदन जिकिर रहेको देखिएको छ । प्रतिवादीले उक्त कि.नं. ४२१ मा बनेको घर २०६७ सालमा प्रतिवादी भगवान कार्कीको निजी आयस्रोत नोकरी र कुखुरा पालन गरी निर्माण सम्पन्न गरेको

भन्ने देखिएकोले निज भगवान कार्कीको निजी कायम हुने देखिन आयो । कि.नं. ४२०को जग्गामा बनेको घरमा वादी दिपेन्द्र कार्की बसोबास गरी आएको देखिँदा निजको निजी कायम हुने देखियो । उक्त कि.नं. ४२० र ४२१ का जग्गा बन्डा गर्दा घर भएका जग्गा निकास सन्धि सर्पनसमेतलाई विचार गरी आ-आफ्नो भागमा पर्ने गरी बन्डा हुने ।

तसर्थ, कि.नं.४२० र ४२१ को घरमा सबै अंशियारहरूको बन्डा लाग्ने गरी भएको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०५।१८ मा भएको फैसला सो हदसम्म नमिली केही उल्टी हुने । सो कि.नं ४२० र ४२१ मा बनेका घरसमेतको जग्गाबाहेक अन्य कित्ता जग्गाहरूको हदसम्म पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- सरिता रिजाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन २७ गते रोज १ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छः-

- ०७२-CI-११२०, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. नारायणबहादुर कार्कीसमेत
- ०७२-CI-१३०५, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्की वि. नारायणबहादुर कार्कीसमेत
- ०७३-CI-१७०२, दूषित धितो बन्धक लिखत बदर, भगवान कार्की वि. दिपेन्द्र कार्की
- ०७३-CI-१७१२, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. दिपेन्द्र कार्की
- ०७३-CI-१७०५, दूषित धितो बन्धक लिखत बदर, भगवान कार्की वि. नारायणबहादुर कार्कीसमेत
- ०७३-CI-१७१५, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. नारायणबहादुर कार्कीसमेत
- ०७२-CI-१७०३, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्कीसमेत वि. दिपेन्द्र कार्की
- ०७३-CI-१७१३, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. दिपेन्द्र कार्की
- ०७२-CI-१३०४, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्की वि. दिपेन्द्र कार्की
- ०७२-CI-१११९, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. नारायणबहादुर कार्कीसमेत
- ०७२-CI-१३०६, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्कीसमेत वि. नारायणबहादुर कार्कीसमेत
- ०७२-CI-१३०३, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्की वि. नारायणबहादुर कार्कीसमेत
- ०७२-CI-१८६३, दूषित धितो बन्धक लिखत बदर, श्रीकृष्ण श्रेष्ठ वि. नारायणबहादुर कार्कीसमेत
- ०७३-CI-१७०४, दूषित धितो बन्धक लिखत बदर, जमुना कार्कीसमेत वि. दिपेन्द्र कार्की
- ०७३-CI-१७१४, दूषित धितो बन्धक लिखत बदर, रामशरण न्यौपाने वि. दिपेन्द्र कार्की

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ**, ०७२-CI-०२२०, उत्प्रेषण / परमादेश, नेपाल बंगलादेश बैंक लिमिटेडसमेत वि. रविन्द्रकुमार घिमिरे

निवेदक रविन्द्रकुमार घिमिरे चार्टर्ड एकाउन्टेन्ट भई हरिसिद्धि इँट्टा तथा टायल कारखाना लिमिटेडमा आर्थिक प्रशासन विभाग प्रमुख भई काम गरेको र एन.बी. ग्रुप प्रा.लिमिटेडको महाप्रबन्धक भई कामकाज गरी आएकोमा २०६३ सालमा राजीनामा गरी एन.बी. ग्रुप तथा उक्त ग्रुपसँग आबद्ध हरिसिद्धि इँटा तथा टायल कारखाना लिमिटेड, एन.बी. वात्रा हस्पिटल तथा मेडिकल सेन्टर लिमिटेडलगायतका सम्पूर्ण कम्पनीहरूबाट अलग भई बसेको देखिन्छ । यसरी निवेदकले कम्पनीको प्रतिनिधि सञ्चालकको हैसियत नै समाप्त भइसकेको देखिने ।

एन.बी. वात्रा हस्पिटल एन्ड मेडिकल सेन्टर लिमिटेडले मिति २०५७।२।३१ मा नेपाल बंगलादेश बैंक लिमिटेडमा श्री हरिसिद्धि इँटा तथा टायल कारखाना लिमिटेडको नाममा दर्ता कायम रहेको हरिसिद्धि गाउँ विकास समिति वडा नं. ५(क) कित्ता नं. २४९ समेतका जग्गाहरूको क्षेत्रफल ७६-७-३-० जग्गा धितोमा राखी नेपाल बंगलादेश बैंक लिमिटेडबाट कर्जा लिएकोमा चुक्ता नगरेकोले उक्त बैंकले मिति २०६६।९।२२ र मिति २०६७।११।१५ मा प्रकाशित गरेको कर्जा चुक्ता गर्न आउने नआएमा धितोमा रहेको चल अचल सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने भनी प्रकाशित गरेको सूचनामा हरिसिद्धि इँटा तथा टायल कारखाना लिमिटेडको तर्फबाट प्रतिनिधि सञ्चालक भनी यी निवेदकको नाम प्रकाशित गरेको देखिने ।

एन.बी. वात्रा हस्पिटल तथा मेडिकल रिसर्च सेन्टर लिमिटेडले लिएको कर्जाका सम्बन्धमा यी निवेदक २०६३ सालपछि उक्त संस्थाको सञ्चालक तथा कार्यकारी निर्देशकसमेत रहे भएको नदेखिएको अवस्थामा निजलाई कालोसूचीमा राख्न मिल्ने देखिँदैन । उल्लिखित कानूनी व्यवस्थाबमोजिम उक्त संस्थाले भाकाभित्र कर्जा चुक्ता गर्ने दायित्व यी निवेदकको हो भनी भन्न मिल्ने नदेखिने ।

एन.बी. वात्रा हस्पिटल तथा मेडिकल रिसर्च सेन्टर लिमिटेडले लिएको कर्जाका सम्बन्धमा निवेदक २०६३ सालपछि उक्त संस्थाको सञ्चालक तथा कार्यकारी निर्देशकसमेत रहे भएको नदेखिएको अवस्थामा निजलाई कालोसूचीमा राख्न मिल्ने देखिँदैन । उल्लिखित कानूनी व्यवस्थाबमोजिम उक्त संस्थाले भाकाभित्र कर्जा चुक्ता गर्ने दायित्व यी निवेदकको हो भनी भन्न मिल्ने नदेखिने ।

निवेदक २०६३ सालदेखि उक्त संस्थाको कुनै पनि पदमा रहेको भनी विपक्षीहरूले खुलाउन सकेको पनि देखिएन । त्यसैगरी नेपाल राष्ट्र बैंकले नेपाल बंगलादेश बैंक लिमिटेडलाई मिति २०७०।११।५ मा पत्राचार गरी निवेदकलाई कालोसूचीबाट हटाउनु नपर्ने कारण भए खुलाई पठाउनु अन्यथा कालोसूचीबाट हटाउनु भनी निर्देशन दिएको देखिन्छ। उक्त पत्रबमोजिम पुनरावेदक विपक्षी नेपाल बंगलादेश बैंक लिमिटेडले कुनै कारबाही चलाएको देखिन आएन । यसरी नियमनकारी निकायले निवेदकलाई कालोसूचीमा राख्नुको औचित्य खोजेकोमा सोको पुष्ट्याइँ गर्ने अभिभारा भएको नेपाल बंगलादेश बैंकले कुनै कारबाही नगरी बस्नुलाई उचित र न्यायसङ्गत मान्ने नदेखिने ।

यसरी उचित कारण र कानूनी आधारबेगर यी निवेदकलाई कालोसूचीमा राखेको कार्य त्रुटिपूर्ण देखिन आयो । यी निवेदक उक्त संस्थाको प्रतिनिधि सञ्चालक भएको र सो पदबाट मिति २०६३ सालमा राजीनामा गरी सकेको अवस्थामा नेपालको संविधानको धारा ३३ को उपधारा १ मा "प्रत्यक नागरिकलाई रोजगारीको हक हुने छ" भन्ने संविधानले प्रत्याभूत गरेको हकलाई बन्देज लगाउने गरी नेपाल बंगलादेश बैंक लिमिटेडको पत्रका आधारमा कर्जा सूचना केन्द्र लिमिटेडबाट निजलाई कालोसूचीमा राख्ने गरेको कार्य कानूनी शासनको अवधारणा प्रतिकूल देखिन आउने ।

तसर्थ, विवेचित आधार कारणहरूबाट प्रत्यर्थीहरूले अधिकार क्षेत्र नाघेर कानूनको त्रुटिसमेत

गरी यी निवेदकलाई कालोसूचीमा राख्ने गरी कर्जा सूचना केन्द्र लिमिटेडबाट मिति २०६८।११।९ मा कालोसूची नं. ४५४६ मा कालोसूचीमा राख्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई कालोसूचीबाट हटाउन विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम्।

## इजलास नं.६

### १

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७३-WO-१०६७, उत्प्रेषण / परमादेश, रामनारायण यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत*

प्रितमलाल यादव भन्ने पिताम्बर यादव र सुभद्रादेवी यादवको नामको मिति २०७३।०४।१३ को पुनरावेदन म्याद रीतपूर्वक तामेल भए नभएको के रहेछ भनी विचार गर्दा निजहरूका नाममा तामेल भएको तामेली म्यादको छायाँकपी हेर्दा "म्यादवालाको टाँस भएकोमा" भन्ने महलमा म्याद तामेल गरी २ जना साक्षी राखी रोहबरमा जिल्ला सप्तरी रम्पुरा मल्हनिया गा.वि.स.का प्रा.स. महेश नारायण यादवलाई रोहवरमा राखेको देखिन्छ । "घरदैलोमा टाँस भएकोमा" भन्ने महल खाली रहेको देखिन्छ । प्रतिनिधिको रूपमा गा.वि.स. सचिवको सहीछाप नभएको र कार्यालयको छापसमेत लागेको नदेखिने।

मुलुकी ऐनको अ.बं.११० नं. मा भएको म्याद तामेलीसम्बन्धी व्यवस्थाअनुसार सप्तरी जिल्ला अदालतबाट जारी भएको म्यादमा घर दैलोमा टाँसेको भन्ने उल्लेख भए तापनि तामेली म्यादको छायाँकपीबाट "घरदैलोमा टाँस भएकोमा" भन्ने महल खाली रहेको तथा कर्मचारी वा पदाधिकारी महलसमेतमा सहीछाप भएको नदेखिँदा उक्त तामेली म्याद कानूनमा व्यवस्था भए मुताबिक रीतपूर्वक तामेल भएको मान्न मिलेन। प्रतिवादीद्वय प्रितमलाल भन्ने पिताम्बर यादव र सुभद्रादेवी यादवसमेतका नाउँमा सप्तरी जिल्ला अदालतबाट जारी भई मिति २०७३।०४।१३ मा तामेल भएको पुनरावेदन म्याद रीत नपुऱ्याई तामेल गरेकोले बदर हुने र प्रतिवादी निवेदकहरूको नाउँमा कानूनबमोजिम ३५ दिने पुनरावेदन म्याद जारी गरी म्याद तामेलसम्बन्धी कानूनको रीत पुऱ्याई म्याद तामेल गर्नु भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७३।११।१९ मा भएको आदेशमा कुनै कानूनको त्रुटि भएको नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूबाट यी निवेदक वादी र विपक्षीहरूमध्ये प्रितमलाल भन्ने पिताम्बर यादव र सुभद्रादेवी यादवसमेत प्रतिवादी भएको अंश मुद्दामा प्रतिवादीहरूका नाममा जारी भई सप्तरी जिल्ला अदालतबाट तामेल भएको ३५ दिने पुनरावेदन म्याद मुलुकी ऐन, अ.बं.११० नं. को रीत नपुऱ्याई तामेल भएको कारण बदर गर्नेगरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको मिति २०७३।११।१९ गतेको आदेश कानूनसम्मत नै देखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर ८ गते रोज ६ शुभम्।

### २

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७०-CI-०४६६, अपुताली हक कायम दर्ता, चतुर्भुज झा वि. विन्देस्वर झा*

स्वर्गीय राजकुमार झाका ३ भाइ छोराहरूमा

जेठा प्रतिवादी पुनरावेदक चतुर्भुज झा, माइला प्रत्यर्थी वादी विन्देश्वर झा र कान्छा २०५१ सालदेखि बेपत्ता भएका भनिएका परमेश्वर झा भएकोमा कुनै विवाद रहेको देखिँदैन। एउटै बाबुआमाका उल्लिखित ३ भाइ छोराहरू भएको कुरामा दुवै पक्षको मुख मिलिरहेको देखिँदा अंशियारहरूको सम्बन्धमा कुनै विवाद देखिँदैन । कान्छो भाइ परमेश्वर २०५१ भाद्र महिनादेखि घर छोडी बेपत्ता भएको कुरामा पनि दुवै पक्षको बिच मुख मिलिरहेको अवस्था छ भने निज बेपत्ता भएको व्यक्ति हालसम्म कसैको सम्पर्कमा आएको नदेखिँदा निजको हकमा प्रमाण ऐनको दफा ३२ स्वाभाविक रूपमा आकर्षित हुन आउँछ। बेपत्ता भएको व्यक्तिको जीवित अस्तित्व देखाउन चाहने पक्षले नै कानूनबमोजिम प्रमाण पुर्‍याउनुपर्ने हुन्छ । २०५१ सालदेखि हराएको व्यक्तिलाई सो मितिदेखि कुनै अमुक भाइले सँगसाथमा राखी पालेको भन्ने प्रश्नै छैन र सो कुरा मिसिल संलग्न कागजातबाट पुष्टि भएको पनि देखिँदैन। २०५१ साल भाद्र महिनादेखि बेपत्ता भएको भाइको आधा अंश पाउँ भनी हराएको मितिबाट १५ वर्षपछि अर्थात् २०६६।४।२७ मा प्रत्यर्थी वादीले अपुताली मुद्दा दर्ता गरेपछि भाइ परमेश्वर जीवितै भएको कारणले फिरादीलाई परमेश्वरको अंश भाग दिनुपर्ने होइन भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा ३२ अनुसार प्रतिवादीले नै प्रमाणित गर्नुपर्ने हुन्छ। सो भए गरेको भन्ने अवस्था विद्यमान नदेखिने।

२०५१ साल भाद्र महिनादेखि व्यक्ति (भाइ) बेपत्ता भएकोमा दुवै पक्षहरूको मुख मिलेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ३२ समेतका आधारमा नमरेको व्यक्तिको अपुताली प्राप्त नहुने र मरेको प्रमाणितसमेत नभएको अवस्थामा निजको सम्पत्तिमा वादीले अपुताली हक दाबी गर्न पाउने होइन भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआई सहमत हुन नसकिने।

वादीले धनुषा जिल्ला अदालतमा दर्ता गराएको अंश मुद्दामा मिति २०५३।२।२३ मा फैसला हुँदा दाजुभाइबिचको सम्पूर्ण सम्पत्तिलाई ३ भाग लगाई बेपत्ता परमेश्वरको १ भाग अंश सुरक्षित राखी ३ खण्डको १ खण्ड वादीले अंश पाउने भनिएको फैसला अन्तिम भई बसेको देखिन्छ । सो फैसलाबमोजिम २०५४।१२।८ मा अंशबन्डाको मुचुल्का हुँदा वादीले ३ खण्डको १ खण्ड अंश बुझी लिएँ भनी उक्त मुचुल्कामा यी वादी तथा प्रतिवादी दुवै पक्षले सहीछापसमेत गरेको देखिन्छ भने यी निवेदक चतुर्भुज झाले परमेश्वर झा र चतुर्भुज झाको बाँकी जग्गाहरू संयुक्त नाममा रहने भनी २ खण्ड अंश बुझेको देखिन्छ। बेपत्ता भाइको १ अंशसमेत पुनरावेदक प्रतिवादी स्वयम्ले बुझिलिएको अवस्थामा र त्यस्तो अंश पाउने भनिएका व्यक्ति १२ वर्षभन्दा बढी बेपत्ता नै रहिरहेबाट निजले कानूनी मृत्युवरण गरेको मान्नुपर्ने अवस्थामा दाबीको जग्गा एकासगोलको पैतृक सम्पत्ति भएकोमा विवाद नदेखिएको अवस्थामा त्यस्तो सम्पत्ति कुनै एक भाइले मात्र पाउने भनी कानूनतः भन्न मिल्ने अवस्था आउँदैन। बाबु बाजेको पालादेखि आर्जन गरेको पैतृक सम्पत्तिमा एकै बाबुआमाका छोराहरूमा समानरूपमा सम्पत्तिको वितरण नहुनु न्यायोचित हुँदैन । बेपत्ता भाइको अंश भाग बुझ्ने पुनरावेदकले कानूनत: त्यस्तो बेपत्ता भाइको आधा सम्पत्ति प्रत्यर्थी वादीलाई कानूनत: दिनै पर्ने देखिन आउँछ । बेपत्ता रहेको भाइ जीवित फिर्ता आए मात्र निजलाई निजको अंश भाग बुझाउने गरी वादी प्रतिवादी दुवैको जग्गाधनी प्रमाणपुर्जामा कैफियत जनाई निजहरूले बराबर बाँडी लिनुपर्ने देखिन आयो । अतः वादी दाबीबमोजिम दाबीको सम्पत्तिको २ भागको १ भाग प्रत्यर्थी वादीले पाउने गरी भएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६६।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी श्री पुनरावेदन अदालत जनकपुरले मिति

२०६८।०५।२५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगदिशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेष्ठ २२ गते रोज ३ शुभम् ।

## इजलास नं.७

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०६९-CR-०६२७, जबरजस्ती करणी, नेपाल सरकार वि. भक्तबहादुर दमाई

पीडितलाई प्रतिवादीले हात मुख सलले बाँधी लछारपछार गरी शरीरको लुगा खोली जबरजस्ती करणी गरेको भन्ने जाहेरीको आधारमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.अनुसार कसुर गरेको भनी अभियोग दाबी लिएको सन्दर्भमा विचार गर्दा, घटनाको परिवेश पनि महत्त्वपूर्ण देखिन्छ । जाहेरीमा उल्लेख भएअनुसार वारदातस्थल गेउरिया खोलाको खोल्सी रहेको पाइन्छ, उक्त खुल्ला स्थानमा करणीको प्रयास गर्दा भाग्ने उम्कन सक्नेसम्मको पीडिताको अवस्था थियो थिएन, वारदातको अवस्थामा प्रतिवादीको पञ्जाबाट उम्कन प्रयास गरेको भनी पीडिताले बेहोरा लेखाए तापनि निजको शरीरमा कुनै सङ्घर्षका चिह्नहरू रहेको भन्ने पीडिताको शारीरिक परीक्षणबाट नदेखिँदा सोतर्फसमेत विश्वस्त हुन सक्ने अवस्था नरहने ।

मौकामा जाहेरी दिने जाहेरवाली तथा वस्तुस्थितिका मानिसहरूसमेत घटनाका प्रत्यक्षदर्शी नभई सुने सुनाएको आधारमा बेहोरा लेखाउने व्यक्ति देखिन्छन् । फौजदारी मुद्दामा कसुरमा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुनेमा वारदात ठोस, प्रत्यक्ष वा अन्य परिस्थितिजन्य प्रमाणबाट भए पनि समर्थित हुनुपर्नेमा यी प्रतिवादी भक्तबहादुर दमाईले पीडितालाई जबरजस्ती करणी गरेको भन्ने आफ्नो अभियोग दाबी वादीले वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित गर्न सकेको देखिँदैन । शंकाको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to the Accused) फौजदारी न्यायको मान्य सिद्धान्तसमेतका आधारमा जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा ठोस सबुद प्रमाणको अभावमा प्रतिवादीलाई कसुरदार ठहर गर्न न्यायोचित देखिएन भनी आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत इलामको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदखिने ।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत प्रतिवादीलाई कसुरदार ठहर गरी मिति २०६८।०१।२८ मा सुरू झापा जिल्ला अदालतले गरेको फैसलालाई उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत इलामबाट भएको मिति २०६९।३।३१ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७६ साल श्रावण २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CI-०५७९, उत्प्रेषण / परमादेश, चन्द्र शेखर सिंह वि. जिल्ला प्रशासन कार्यालय, बारा, कलैया*

पुनरावेदक चन्द्र शेखर सिंहले आफू २०६८।०६९ सालको दा.नं.२४।८ को हातहतियार खरखजाना मुद्दामा प्रतिवादी भनिएका शेखर सिंह भन्ने व्यक्ति होइन भन्ने जिकिर लिएको देखिन्छ । प्रमाणको रूपमा आएको प्रहरी हवल्दार जयराम साहको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी चन्द्र शेखर सिंह भएको मु.द.नं.९६ को केही सार्वजनिक अपराध

मुद्दामा यी पुनरावेदकले मिति २०७१।०२।१२ मा अनुसन्धान अधिकारीसमक्षको बयानमा निजको नाम शेखर सिंह भन्ने चन्द्र शेखर सिंह, बोलाउने नाम शेखर सिंह र लेखपढ र नागरिकताको नाम चन्द्र शेखर सिंह, वतन बारा जिल्ला कलैया नगरपालिका वडा नं.११ खपरताता भई हाल बसोबास रहेको जिल्ला पर्सा चोर्नी गा.वि.स.वार्ड नं.८ हो भनी बेहोरा लेखाएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयसमक्ष समेत यी पुनरावेदकले सोही बेहोरालाई पुष्टि गरी दुवै वतन उल्लेख गरी बयान गरेको पाइन्छ। निजले अनुसन्धान अधिकारीसमक्ष लेखाएको बयान बेहोरा अनिच्छापूर्ण थियो भनी कहीँकतै उजुर बाजुर गरी अन्यथा पुष्टि गराउन सकेकोसमेत नदेखिने।

जिल्ला प्रशासन कार्यालय, बारामा चलेको संवत् २०६८/०६९ सालको २४/८ को हातहतियार खरखजाना मुद्दामा शेखर सिंह भन्ने शेखर ठाकुरका नाममा जारी भएको म्यादमा वतन पर्सा जिल्ला चोर्नी गा.वि.स. वार्ड नं.८ उल्लेख भएको देखिँदा पुनरावेदक चन्द्र शेखर सिंह र उक्त हातहतियार खरखजाना मुद्दामा मिति २०६७।१०।२३ मा घरदैलामा म्याद तामेल भएका म्यादवाला व्यक्ति शेखर सिंह भन्ने शेखर ठाकुर एकै व्यक्ति हुन् भन्ने कुरा पुष्टि हुन हुने।

पुनरावेदकले आफ्नो पुनरावेदन जिकिरमा हातहतियार खरखजाना मुद्दामा जारी भएको म्याद मुलुकी ऐन, अ.बं.११० नं. को रीत नपुगेको र मलाई प्रतिवाद गर्ने मौका नदिएको भन्ने जिकिर सन्दर्भमा हेर्दा, संवत् २०६८/०६९ सालको २४/८ को हातहतियार खरखजाना मुद्दामा शेखर सिंह भन्ने शेखर ठाकुरका नामको म्याद मुलुकी ऐन, अ.बं.११० नं. को कानूनी प्रक्रिया पूरा गरी रीतपूर्वक म्यादवालाको घर दैलामा टाँस भएको बेहोरा उक्त मुद्दाको मिसिल संलग्न तामेली म्यादमा उल्लिखित बेहोराबाट देखिने।

आफ्नो नामको म्याद प्रचलित कानूनबमोजिम आफ्नो घर दैलोमा रीतपूर्वक तामेल भएकोमा म्यादभित्र मुद्दा हेर्ने निकायमा उपस्थित भई आफूउपर लागेको अभियोग सम्बन्धमा प्रतिवाद गर्नुपर्नेमा सुरू म्यादै गुजारी बसेको देखिन्छ । अर्कोतर्फ मुलुकी ऐन, अ.बं.२०८ नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा,... ***समाह्वान इतलायनामा तामेल गर्दा यसै महलको ११० नम्बरबमोजिम रीत नपुऱ्याई तामेल गरेकोले थाहा पाउन नसकी प्रतिवादी दिन नपाई म्याद गुज्रेको भन्ने उजुरीसाथ फैसला भएको छ महिनाभित्रमा थाहा पाएको पैंतिस दिनभित्र झगडियाले प्रतिवादी लेखी दिन ल्यायो भने पहिले मिसिल सामेल रहेको तामेली समाह्वान हेरी रीतपूर्वक तामेल भएको देखिन आएन भने सोही बेहोराको पर्चा लेखी प्रतिवादी दर्ता गरी ऐनबमोजिम बुझ्नुपर्ने प्रमाण बुझी मुद्दा फैसला गर्नुपर्छ ...*** भन्ने व्यवस्था रहेको पाइन्छ।

पुनरावेदकले तामेल भएको म्यादमा हाजिर हुन नआई म्यादै गुजारेको तथा मुलुकी ऐन अ.बं.२०८ नं.बमोजिम उक्त फैसलाउपर पुनरावेदन लाग्ने समयसमेत व्यतीत भइसकेपछि रिट क्षेत्रमार्फत प्रवेश गरेको देखिन आउँछ । यसरी कानूनबमोजिम नियमित उपचारको मार्ग हुँदाहुँदै सोलाई परित्याग गरी रिट क्षेत्र प्रवेश गर्न आउने निवेदकलाई सुनुवाइको मौकाबाट वञ्चित गरेको भनी अर्थ गर्न मनासिब देखिन आएन। पुनरावेदक निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक निवेदक शेखर सिंह भन्ने चन्द्र शेखर सिंहको नामको जिल्ला प्रशासन कार्यालय, बाराबाट जारी भएको मिति २०६७।१०।२३ को तामेली म्याद रीतपूर्वककै देखिएको अवस्थामा उक्त म्याद बदर गरी उक्त कार्यालयको मिति २०६८।१०।१२ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकका नाममा पुन: म्याद जारी गर्नु भनी परमादेशको आदेश जारी पाउँ भन्ने निवेदन दाबी नपुग्ने भनी रिट खारेज

हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०५।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उषा श्रेष्ठ

इति संवत् २०७६ साल फाल्गुण १६ गते रोज ६ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-WH-०११०, बन्दीप्रत्यक्षीकरण, सुजन घिसिङसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत

मिति २०७५।१२।०३ मा यस अदालतमा दर्ता भएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उक्त पक्राउ पुर्जी र राजद्रोह मुद्दाको अनुसन्धान, अभियोजन र कामकारबाहीको वैधताको सम्बन्धमा कुनै प्रश्न उठाएको देखिएन । जरूरी पक्राउ पुर्जी निवेदकहरू आफैँले दस्तखत गरी बुझेको र साधिकार अदालतबाट सो समर्थन भई हिरासतमा राख्ने अनुमति प्रदान भएकोसमेत देखिएको अवस्था रहेको र निवेदकहरूलाई झुट्ठा आरोप लगाई अनुसन्धानको लागि भनी प्रत्यर्थी सिन्धुपाल्चोक जिल्ला अदालतसमक्ष उपस्थित गराइएको भन्नेसम्म जानकारी पाएको छु भनी निवेदनमा बेहोरा खुलाएको देखिएबाट विनाकारण र विनापुर्जी निवेदकहरूलाई पक्राउ गरेको भन्ने निवेदन दाबी सही रहेछ भनी मान्न मिल्ने नदेखिने।

मिति २०७५।१२।१० मा यी निवेदकहरूउपर राज्य विरूद्ध कसुर (राजद्रोह) मुद्दाको अभियोग साधिकार न्यायिक निकाय सिन्धुपाल्चोक जिल्ला अदालतमा दायर भएको र मिति २०७५।१२।१३ गते यी निवेदकहरू १७ जनाउपर तथ्य, प्रमाण तथा कानूनको मूल्याङ्कन गरी सक्षम अदालतबाट थुनछेक आदेश भएकोसमेत देखिएको छ । उक्त आदेश र मुद्दाको कामकारबाहीमा चित्त नबुझे सोउपर साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. तथा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७३ बमोजिम पुनरावेदन सुन्ने अदालतमा यी निवेदकहरूको तर्फबाट कुनै निवेदन वा उजुरी परेकोसमेत मिसिलबाट नदेखिने।

यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको (धारा १३३ (२), नेपालको संविधान, कानून किताब व्यवस्था समिति) अवस्थामा संविधानबमोजिम हनन भएको हक प्रचलन गराई माग्न आउन पाउने संवैधानिक व्यवस्था रहेको देखिन्छ । संविधान र कानूनद्वारा प्रदत्त मौलिक र कानूनी हकको उपभोग गर्न पाउने हक निश्चय नै प्रत्येक नागरिकमा स्वतः निहित रहन्छ । यसमा विमतिको गुञ्जाइस छैन । तर यस सँगसँगै संविधान र प्रचलित कानूनको परिपालना गर्नुपर्ने दायित्वबाट कोही पनि पन्छिन मिल्ने पनि होइन। निवेदकहरूउपर प्रचलित कानूनबमोजिम साधिकार निकायबाट मुद्दाको अनुसन्धान र अभियोजन भई सक्षम अदालतमा मुद्दा दायर भई कारबाहीयुक्त अवस्थामा रहेको देखिएबाट विनाकारण विनापुर्जी गैरकानूनी थुनामा राखेको भन्ने निवेदकहरूको भनाइ उल्लिखित राजद्रोह मुद्दाको मिसिलमा भएको कारबाही प्रक्रियाबाट समर्थित हुन आएको नदेखिने।

प्रस्तुत रिट निवेदन र उल्लिखित प्रमाणका लागि झिकाइएको राजद्रोह मुद्दाको मिसिलको समग्र अध्ययनबाट निवेदकहरूलाई कानूनविपरीत थुनामा राखिएको, प्रवृत्त भावना बनाई बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको, पक्राउ गर्नुपर्ने कारणको सूचना वा जानकारी नै नदिई थुनामा राखेको, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानूनद्वारा निर्दिष्ट कानूनको उचित प्रक्रिया (due process) को स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको,

अख्तियारवालाबाहेक अरूबाट भएको कामकारबाही वा आदेशले अनधिकृत तवरबाट थुनामा राखेको, स्वच्छ सुनुवाइ नगरी वा अभियोग नलगाई थुनामा राखेको वा अधिकार क्षेत्रात्मक त्रुटि वा यस्तै प्रकारबाट कानून प्रतिकूल थुनामा राखिएको समेत केही नदेखिने।

संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको कुराको स्पष्ट आधार र कारणसमेत रिट निवेदनमा खुलाउन सकेको अवस्थासमेत देखिएन। यसका साथै यी निवेदकहरूउपरको राज्य विरूद्धको कसुर (राजद्रोह) मुद्दामा सिन्धुपाल्चोक जिल्ला अदालतमा मिति २०७५।१२।१३ गते थुनछेक आदेश हुँदा निवेदकहरूमध्ये रमिता अधिकारी (रिमा), सविता श्रेष्ठ (मनिषा) र हिरा खत्री (सुस्मिता) समेत गरी ३ जना साधारण तारेखमा रहने गरी र सुजन घिसिङ, शिव वि.क., नवराज के.सी., सन्जिव तामाङ, अनिल वि.क., देउरान लोहार, सागर राई, चन्द्रबहादुर मोक्तान (सुमन), गणेश थापा (मिलन), अजय श्रेष्ठ (रत्न), आशिक महतो (साजन), ईन्द्रबहादुर ठकुरी, रेशम पौडेल (सौगात) र कल्पना रूम्बा (अस्मिता) समेत जना १४ निवेदकहरूबाट धरौटी माग भई मुद्दाको पुर्पक्ष गर्ने गरी थुनछेक आदेश भएको देखिएबाट सो सम्बन्धमा प्रचलित कानूनबमोजिम हुने नै हुँदा यहाँ थप विवेचना गरिरहनुपर्ने नदेखिने। साथै विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मनासिब नहुने भनी विजयराज तुलाधर वि. काठमाडौं जिल्ला अदालतसमेत भएको ०७४-WF-००२५ को बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा (ने.का.प. २०७५, अङ्क १०, नि.नं. १०१०८) सिद्धान्तसमेत प्रतिपादन भएको देखिएकोले वैकल्पिक उपचारको बाटोको विद्यमानतामा प्रस्तुत निवेदनमा रिट क्षेत्राधिकारबाट केही गरिरहनुपर्ने देखिन नआउने।

अतः माथि विवेचना गरिएबमोजिमको आधार र कारणबाट यी गैरकानूनी थुनामा राखिएका भनिएका रिट निवेदकहरूउपर उल्लिखित राज्यविरूद्धको कसुर (राजद्रोह) मुद्दामा साधिकार अदालतबाट थुनछेक आदेश भएअनुरूप सोही प्रक्रियाबाट थप कारबाही हुने नै देखिँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरण रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल चैत १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-WH-०१२०, बन्दीप्रत्यक्षीकरण, पवित्रा कार्की के.सी. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

काठमाडौं जिल्ला अदालतमा पक्राउ गर्न अनुमति माग गर्दा, थुना राख्न म्याद थपको लागि अनुमति माग गर्दा र अनुमति दिँदा विष्फोटक पदार्थसम्बन्धी मुद्दामा अनुसन्धान गर्ने प्रयोजनको लागि भनी मुद्दा खुलाएको कागजबाट देखिएको र पक्राउ पुर्जी र थुनुवा पुर्जीमा स्पष्टसँग विष्फोटक पदार्थको कसुरको सिलसिलामा भनी आरोपको विषय स्पष्ट खुलाई निज निवेदक राजु कार्कीलाई बुझाएको र कसुरसँग सम्बन्धित प्रमाणहरू सङ्कलन गर्नुपर्ने विवरणसमेत उल्लेख गरी म्याद थप माग गरेको मिसिलबाट देखिएकोले रिट निवेदक राजु कार्कीको पक्राउ तथा थुनामा राख्ने कार्य निवेदन दाबीबमोजिम प्रवृत्त भावनाबाट प्रेरित भई गरेको र थुना गैरकानूनी रहेको भन्ने नदेखिने।

यसप्रकार प्रचलित कानूनबमोजिम

अधिकारप्राप्त अनुसन्धान गर्ने निकाय वा अधिकारप्राप्त अधिकारीबाट अभियोजन गर्ने साधिकार निकायसमेतको समन्वयमा कानूनबमोजिम अनुसन्धान तथा अभियोजन भई मुद्दा हेर्ने सम्बन्धित क्षेत्राधिकार भएको सक्षम अदालत वा अधिकारीसमक्ष पेस भई भएको मुद्दाको काम कारबाही बेरितको देखिए प्रचलित कानूनबमोजिम परीक्षण हुने कानूनी व्यवस्थाको विद्यमानता भएको प्रस्तुत रिट निवेदनमा असाधारण क्षेत्राधिकारको प्रयोग गर्न औचित्यपूर्ण देखिएन । “बन्दीप्रत्यक्षीकरणको रिट निवेदनका सन्दर्भमा थुनाको कानूनी वैधता (Legality) सम्म परीक्षण गरिने हो । मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी इन्साफ गरेको परिणाम आउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको मान्यता, प्रणाली वा अवधारणा प्रतिकूल हुन जाने ।" भन्ने निवेदक काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ छाउनी म्युजियम मार्ग घर भई कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको भरतराज तुलाधरको छोरा विजयराज तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत विपक्षी भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन (२०७५ सालको ने.का.प. अङ्क १०, भाग ६०, नि.नं.१०१०८) मा सिद्धान्त प्रतिपादन भएकोसमेत देखिएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन नआउने ।

अतः अनुसन्धानको कार्यको प्रगतिसहित म्याद थप माग गरेको र सोही आधारमा जिल्ला अदालतले म्याद थप दिएको देखिँदा कानूनबमोजिम म्याद थप गरी भएको अनुसन्धानको प्रक्रियालाई अवरूद्ध गर्ने गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न उपयुक्त नहुने देखिँदा रिट खारेज हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

इति संवत् २०७५ साल चैत १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१०८८, वैदेशिक रोजगार कसुर,* नेपाल सरकार वि. देवजङ्ग पण्डित

आरोपित कसुर वस्तुनिष्ठ विश्वासयोग्य प्रमाणद्वारा प्रमाणित भएको देखिनुपर्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ सो व्यवस्थाअनुसार अभियोग मागदाबी वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट निर्वाह भएको पाइँदैन । आरोपित कसुर वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गरेको हुनुपर्ने र देखिनुपर्ने हुन्छ । शंकाकै भरमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने ।

प्रस्तुत मुद्दामा किटानी जाहेरी परेको र जाहेरवाला र पीडितहरूले पनि बकपत्र गर्नुको साथै पीडित जितेन राई गिनीसम्म पुगी फर्केको प्रमाणसमेत पेस भएको छ । तर वादी पक्षले यी प्रतिवादीले विनाइजाजत वैदेशिक रोजगारमा पठाउँछु भनी यी जाहेरवाला र पीडितहरूसँग रकम लिएको तथ्य पुष्टि हुने कुनै प्रमाण पेस गर्नसकेको देखिँदैन । प्रमाण स्वरूप पेस गरेको चेकसमेत शंकारहित देखिँदैन । यस्तो परिस्थितिमा शंकाको सुविधा प्रतिवादीले पाउने देखिन्छ । अरू लेनदेनको विषय भए जाहेरवालाले कानूनबमोजिम उपचार खोज्न सक्ने कुरामा कुनै विवाद देखिँदैन । तसर्थ, उल्लिखित आधारहरूसमेतबाट अभियोग मागदाबीबमोजिमको आरोपित कसुर प्रतिवादीबाट भए गरेको कुरा तथ्यसङ्गत विश्वासयोग्य वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित भएको अवस्था नहुँदा निज प्रतिवादी देवजङ्ग पण्डितले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मुनासिब नै देखिने । त्यसकारण वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै प्रस्तुत गरेको

विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित तथ्य आधार र कारणबाट प्रतिवादी देवजंग पण्डितले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७६।०२।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-२५५२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मनोजकुमार आचार्य*

जाहेरवालाले बकपत्रमा कुनै कुरा उल्लेख गर्न नसकेको र सोको वस्तुनिष्ठ प्रमाणसमेत प्रस्तुत गरेको पाइँदैन । आरोपित कसुर वस्तुनिष्ठ शंकारहित प्रमाणद्वारा पुष्टि भएको देखिनु पर्दछ । आत्मपरक ढङ्गले आत्मगत प्रमाणको आधारमा कसुरदार ठहराउँदा न्यायोचित नहुने।

जाहेरवालाले पटकपटक विभिन्न व्यक्तिहरूसँग वैदेशिक रोजगारको लागि विभिन्न देश जानको लागि वैदेशिक रोजगारसम्बन्धी कागज श्रृङ्खलाबद्ध रूपमा गरी सोही आधारमा उजुरसमेत गरी रकम असुल भएको भन्दै दाबी फिर्ता लिएकोसमेत देखिन आएको र यसरी पटकपटक विभिन्न व्यक्तिहरूसँग वैदेशिक रोजगारसम्बन्धी कागज गर्ने र सोही आधारमा जाहेरी दिने अनि रकम उठेपछि जाहेरी फिर्ता लिने एवं पहिलो लिखतबमोजिम वैदेशिक रोजगारीमा पठाउने म्याद बाँकी रहेको अवस्थामा अर्को वैदेशिक रोजगारसम्बन्धी लिखत खडा गर्नुले यी जाहेरवाला वास्तविक रूपमा वैदेशिक रोजगार ठगीमा परी पीडित व्यक्ति भएको भन्ने कुरा नै शंकास्पद देखिई विश्वासयोग्य नदेखिने।

मनोजकुमार आचार्यसँग भएको वैदेशिक रोजगारसम्बन्धी कागजको भाका बाँकी रहँदै र अर्का प्रतिवादी ज्योति मल्ल निरौलासँग अमेरिका जानको लागि कागज गरेबाट यी जाहेरवालाको क्रियाकलाप अस्वाभाविक देखिएकोले निजको सो शंकास्पद काम व्यवहारका आधारमा वैदेशिक रोजगारसम्बन्धी कसुर जस्तो गम्भीर फौजदारी कसुरमा प्रतिवादीलाई दोषी ठहऱ्याई सजाय गर्नु मनासिब र न्यायोचित हुने नदेखिने।

जाहेरी दरखास्तमा उल्लेख कुनै कुरा व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व त्यसको न्यायिक परीक्षण गरिएको हुनुपर्दछ । जाहेरी अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण भए पनि सोमा उल्लेख भएको बेहोरा अन्य सङ्कलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । अन्यथा जाहेरी बेहोराको एक्लो भनाइले मात्र कसैलाई कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तको मर्ममा आघात पुग्ने देखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ सो व्यवस्थाअनुसार अभियोग मागदाबी वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट निर्वाह भएको नपाइने।

जाहेरवालाले श्रृङ्खलाबद्ध रूपमा विभिन्न व्यक्तिहरूसँग वैदेशिक रोजगारसम्बन्धी कागज गर्ने, जाहेरी दिने र रकमको सौदाबाजी गरी जाहेरी दरखास्तसमेत फिर्ता लिने गरेको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएको अवस्थाबाट वैदेशिक रोजगारको कसुर प्रतिवादीले गरेका हुन् भन्ने कुरा पुष्टि हुन सकेको नदेखिने। प्रतिवादीउपरको दाबी शंकारहित तवरबाट पुष्टि हुनुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्तअनुरूप प्रतिवादीले जाहेरवालालाई

वैदेशिक रोजगारमा जापान पठाइदिने भनी विश्वासमा पारी रकम लिएको र भनेबमोजिम विदेश नपठाएको भन्ने अभियोग दाबी पुष्टि हुने गरी ठोस प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिँदा प्रतिवादी मनोजकुमार आचार्यउपरको अभियोग दाबी प्रमाणको अभावमा ठहर गरी सजाय गर्न मिलेन भनी प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मुनासिब नै देखिने। अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै प्रस्तुत गरेको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी मनोजकुमार आचार्यले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०७।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१७४०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विजय तामाङ*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय गर्न बन्देज लगाएको छ । सोही ऐनको दफा ४३ ले "कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने छ" भन्ने कानूनी व्यवस्थालाई उल्लिखित तथ्य बेहोरा र राजस्व न्यायाधिकरणको फैसलासँग समाहित गरी हेर्दा प्रतिवादी विजय तामाङले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि रसिया पठाइदिने भनी लिखत गरिदिएको र रकम लिई नपठाएको पुष्टि भएको हुँदा प्रतिवादी विजय तामाङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिँदा ऐ.ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र १,५०,०००।- (एक लाख पचास हजार मात्र) जरिवाना हुने र अभियोग मागदाबीबमोजिमको जाहेरवालाहरूको बिगो र हर्जानासमेत प्रतिवादी विजय तामाङबाट भराई पाउने ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मुनासिब नै देखियो । प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही बेहोरालाई समर्थित हुने गरी विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

अतः माथि विवेचित तथ्य, आधार र कारणबाट प्रतिवादीले वैदेशिक रोजगारमा पठाउनका लागि रकम लिएको भनी विदेश रसियाको मस्को पुऱ्याएको हदसम्म नठहरी प्रतिवादी विजय तामाङलाई आंशिक सजाय हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।०३।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-०८७९, वैदेशिक रोजगार कसुर,*

*नेपाल सरकार वि. रविन्द्र पौडेल*

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित हुने व्यवस्था भएको पाइन्छ सो व्यवस्थाअनुसार अभियोग मागदाबी वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाण प्रस्तुत गरी प्रमाणित गराउने कर्तव्य अभियोजन पक्षबाट निर्वाह भएको पाइँदैन । आरोपित कसुर वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित भएको हुनुपर्ने र देखिनुपर्ने हुन्छ । शंकाकै भरमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने ।

यसका अतिरिक्त अन्य के कुन प्रयोजनका लागि उक्त रकम प्रतिवादीको नाममा पठाइएको हो सोसमेत स्पष्ट खुलाउन नसकेको अवस्थामा वैदेशिक रोजगार प्रयोजनकै लागि यी प्रतिवादी रविन्द्र पौडेलले जाहेरवालाबाट उक्त रकम माग गरेका र निजको झुक्यानमा परी मागबमोजिमको रकम निजले दिई अनि पठाएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा अनुमानको आधारमा यी प्रतिवादीले रकम लिए होलान् भनी भन्न मिल्नेसमेत नदेखिने ।

तसर्थ, उल्लिखित आधारहरूसमेतबाट अभियोग मागदाबीबमोजिमको आरोपित कसुर प्रतिवादीबाट भए गरेको कुरा तथ्यसङ्गत विश्वासयोग्य वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित भएको अवस्था नहुँदा निज प्रतिवादी रविन्द्र पौडेलले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मुनासिब नै देखिने । त्यसकारण वादी नेपाल सरकारको पुनरावेदन जिकिर र पुनरावेदन जिकिरलाई समर्थन गर्दै प्रस्तुत गरेको विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी रविन्द्र पौडेलले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७७ साल जेठ २३ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-०२८२, वैदेशिक रोजगार कसुर, महेन्द्र प्रधान वि. नेपाल सरकार*

प्रतिवादी महेन्द्र प्रधानउपर आफ्ना मानिसहरूलाई वैदेशिक रोजगारीको लागि दक्षिण कोरिया पठाइदिन्छु भनी जनही नौ लाख रूपैयाँ बुझिलिएकोमा कम्बोडियासम्म पुर्‍याई अलपत्र पारेको भनी किटानी जाहेरी परेको देखिन्छ । जाहेरीसाथ पेस भएका रसिदहरू गायत्री एक्सप्रेस कन्सल्टेन्सी प्राइभेट लिमिटेड नाम गरेको कम्पनीको देखिएको र सो कम्पनी प्रतिवादी महेन्द्र प्रधानका नाउँमा दर्ता रहेको मिसिल संलग्न कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको च.नं. ३३९ मिति २०७२।३।६ को पत्रसमेतबाट देखिन्छ । जाहेरवाला कमला सिग्देल तथा पीडित उत्तम तामाङले न्यायाधिकरणमा उपस्थित भई जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन्छ । पीडित कृष्णप्रसाद सिग्देल र उत्तम तामाङलाई विदेश कम्बोडियासम्म पुर्‍याएको भनी पेस भएका भिषा प्लेन टिकट तथा होटलका बिल भरपाईहरूबाट समेत थप पुष्टि भइरहेको देखिँदा प्रतिवादी महेन्द्र प्रधानले विनाइजाजत कृष्णप्रसाद सिग्देल र उत्तम तामाङलाई वैदेशिक रोजगारमा दक्षिण कोरिया पठाइदिन्छु भनी झुट्टा आश्वासन देखाई प्रलोभनमा पारी रकमसमेत लिने कार्यलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. विपरीतको कसुर गरेको शंकारहित रूपमा पुष्टि भएको देखिने ।

उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी महेन्द्र प्रधानले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० एवं ४३ नं. विपरीत देखिँदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम तीन वर्ष कैद र तीन लाख रूपैयाँ जरिवाना गरी बिगोका हकमा अभियोग मागदाबीबमोजिम जाहेरवालाको बिगो र सोको ५०% हर्जाना रकमका साथै स्वदेश फर्किंदा लागेको दुई लाख रूपैयाँसमेत प्रतिवादी महेन्द्र प्रधानबाट जाहेरवालाहरूले भरी पाउने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७३।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम्।

- यसमा समान प्रकृतिको ०७४-CR-०६६९, ०६७०, ०७५-CR-०६७२, ०४४४, वैदेशिक रोजगार कसुर, महेन्द्र प्रधान वि. नेपाल सरकार भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-WH-०१५२, बन्दीप्रत्यक्षीकरण, विदुर दाहाल वि. काठमाडौं जिल्ला अदालतसमेत*

रिट निवेदकलाई उक्त "रहजनी चोरी" को कसुरमा मुलुकी ऐन, चोरीको महलको १४ नं.को देहाय ३ बमोजिम ०-२-०(दुई महिना) कैद र रू.१,९६,९१६।- जरिवाना भई जरिवानाबापत समेत उक्त चोरीको महलको १४ नं.को देहाय (३) र ऐजन महलको २७ नं. समेत बमोजिम १२ वर्ष कैद हुने ठहरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।०३।०६ गतेको फैसला सदर हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०७४।०५।२६ गते भएको अन्तिम फैसलाको कार्यान्वयन माथि प्रकरण नं. ६ मा विवेचना गरिएबमोजिम मुलुकी अपराध संहिता, २०७४ बमोजिम कार्यान्वयन गर्नुपर्ने देखिएकोले मिति २०७१।१२।१८ देखि लागु हुने गरी २०८३।१२।१७ गतेसम्म १२-०-० (बाह्र वर्ष) कैदमा राख्न निवेदक विदुर दाहाललाई कैदम्याद ठेकिएको च.नं.५३६४ मिति २०७६।०१।१५ को कैदी पुर्जीबाट देखिने।

काठमाडौं जिल्ला अदालतबाट फैसला कार्यान्वयनको क्रममा ठेकिएको उक्त कैदी पुर्जी मिले नमिलेको तर्फ विचार गर्दा मुलुकी अपराध संहिता, २०७४ मा "चोरी" को कसुरमा हुनसक्ने सबैभन्दा बढी सजायतर्फ हेर्दा उक्त ऐनको दफा २४२ को उपदफा (१) र दफा २४६क बमोजिम ८ वर्षसम्म कैद र असी हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने कानूनी व्यवस्था रहेको देखिएकोले निज निवेदकलाई उक्त फैसलाबमोजिम कैदम्याद ठेक्नुपर्दा कैदको हकमा फैसलाले ठहरेको ०-२-० (दुई महिना) कैदबापत निज पक्राउ परेको मिति २०७१।१२।१८ गतेदेखि मिति २०७२।०१।१७ गतेसम्म कैदम्याद ठेकी जरिवानाको हकमा हालको कानूनमा जरिवानाबापत कैदमा राख्ने कानूनी व्यवस्था नभएको तर निवेदक सोबापतसमेत कैदमा बसिसकेकोले निजको उक्त जरिवानाबापत कैदमा बसेको अवधिको सम्बन्धमा २०७२।०१।१८ गतेदेखि २०७५।०४।३१ विहिबारसम्म बसेको कैद अवधिको हकमा साबिक मुलुकी ऐन, दण्ड सजायको ५३ नं. बमोजिम दिन १ को रू.२५।- (रूपैयाँ पच्चिस) का दरले र संवत् २०७५ साल भाद्र १ गतेदेखि २०७६।०१।३० गतेसम्म बसेको कैद अवधिको हकमा सर्वोच्च अदालतको च.नं.१८४१ मिति २०७५।१०।१० गतेको परिपत्रबमोजिम "जरिवानाबापत कैद गर्नुपर्दा एक दिनको रू.३००।- का दरले कैद गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको देखिएकोले सो अवधिको दिन १ को रू.३००।- का दरले हिसाब गरी कैद म्याद ठेक्नुपर्ने देखिने।

उल्लेख गरिएबमोजिम जरिवानाबापत कैदम्याद ठेक्दा मिति २०७२।०१।१८ गतेदेखि

२०७५।०४।३१ गतेसम्म ३।३।१३ (तीन वर्ष तीन महिना तेह्र दिन) को दिन १ को रू.२५।- का दरले हुनआउने रकम रू.२९,९५०।-र २०७५।०५।०१ गतेदेखि २०७६।०१।३० गतेसम्म ०।८।२९ (आठ महिना २९ दिन) को दिन १ को रू.३००।- का दरले हुन आउने रकम रू.८०,७००।- (असी हजार सात सय) समेत गरी जम्मा रू.१,१०,६५०।- (एक लाख दश हजार छ सय पचास) रकम बराबरको कैद अवधि निज निवेदक विदुर दाहालले कैद बसी भुक्तान गरिसकेको देखिएकोले परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ बमोजिम चोरीको कसुरमा हुन सक्ने सबैभन्दा बढी जरिवाना रू.८०,०००।- भन्दा बढी रकमबापतको कैद भुक्तान गरिसकेको देखिने।

यसरी निज निवेदक विदुर दाहाललाई फैसलाबमोजिम भएको कैद ०।२।० (दुई महिना) र विद्यमान कानूनबमोजिम चोरीको कसुरमा सबैभन्दा बढी हुनसक्ने जरिवानाबापतको हुने रकमभन्दा बढीको कैद अवधि भुक्तान गरिसकेको देखिएकोले उक्त रहजनी चोरी मुद्दामा भएको फैसलाबमोजिमको सजाय कार्यान्वयनको क्रममा थुनामा राख्नुपर्ने नदेखिएको हुँदा संवत् २०७५ साल भाद्र १ गते शुक्रबारदेखि नयाँ मुलुकी अपराध संहिता, २०७४ लागु भएको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदन मिति २०७६।०१।०६ मा दर्ता भएको देखिएकोले सोही आधारबाट निज निवेदकको सो अवधिपछिको थुना कानूनी रहेको मान्न मिलेन । यही आधारमा उक्त काठमाडौं जिल्ला अदालतको च.नं.५३६४ मिति २०७६।०१।१५ गतेको कैदी पुर्जी संशोधन गरी कैद म्याद ठेकी उक्त रहजनी चोरीको मुद्दाका प्रतिवादी यी रिट निवेदक विदुर दाहाललाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए सो मुद्दाबाट कैदमुक्त गर्न लेखी पठाउनुपर्ने देखिने।

अतः वर्तमान अपराध संहिताले चोरीको कसुरमा भएको जरिवानाबापत कैद गर्नुपर्ने कानूनी व्यवस्था गरेको नदेखिएको र यी रिट निवेदकलाई उक्त रहजनी चोरीको मुद्दामा भएको कैद निजले भुक्तान गरी सकेको देखिएको र निजलाई भएको जरिवानाबापतको कैदको हकमा समेत अपराध संहितासम्बन्धी कानूनबमोजिम हुन सक्ने सबैभन्दा बढी जरिवानाबापत हुन आउने कैदको अवधि निवेदकले कैद वसी भुक्तान गरिसकेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-WH-०१७८, बन्दीप्रत्यक्षीकरण, अमितकुमार यादवसमेत वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत*

रिट निवेदकका दाजु सुनिलकुमार यादवलाई प्रस्तुत रिट निवेदनको रोहमा हेर्दा ठगी मुद्दाको कसुरमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गराएको देखिएको छ। आजै सुनुवाइका लागि पेस भएको लगाउको ०७५–WH–०१५४ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०७६।१।२ गते बेलुका अं.१८:०० बजे सुनिलकुमार यादव भन्ने सञ्जय यादवलाई पक्राउ गरेको तथ्य लिखित जवाफको प्रकरण ३ मा उल्लेख गरी महानगरीय प्रहरी परिसर काठमाडौंको तर्फबाट लिखित जवाफ पेस भएको देखिएको छ । रिट निवेदकका दाजु सुनिलकुमार यादव उक्त ०७५–WH–०१५४ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट थुनामुक्त भएको भन्ने कहीँकतै उल्लेख भएको देखिँदैन। यस अवस्थामा आफैँसँग हिरासतमा रहेको व्यक्तिलाई सोही महानगरीय प्रहरी परिसरबाट पेस भएको प्रस्तुत रिट निवेदनको लिखित जवाफको प्रकरण २ मा निवेदक संजय यादव भन्ने सुनिलकुमार यादवलाई खोज तलास गरी फेला परेमा दाखिला

गर्नुहुन भनी यस कार्यालयको मौखिक आदेशअनुसार मिति २०७६।०१।१७ मा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१२ टेकु स्थित निज रिट निवेदक संजय यादव भन्ने सुनिलकुमार यादवलाई फेला पारी निजलाई प्रहरी हिरासतमा राख्न थुनुवा पुर्जी दिई स्वास्थ्य परीक्षण गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट जरूरी पक्राउ पुर्जी स्वीकृति लिई निज संजय यादव भन्ने सुनिलकुमार यादवलाई म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय, बबरमहलमार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको भन्ने आधारमा राखिएको थुना र भएको अनुसन्धान सन्तोषजनक भएको र कानूनी रहेको भनी अर्थ गर्न कदापि मिल्ने नदेखिने।

प्रस्तुत रिट निवेदनमै अनुसन्धानको क्रममा प्राप्त भएको र प्राप्त हुन आएको सक्कल कागजातमा रहेको फोटो तथा बाबु बाजेको नाम, थरसमेत पक्राउ प्रतिवादीको बाबु बाजेको नाम थरसँग मिलेको नदेखिएको र फोटोसमेत फरक परेको हुँदा हालसम्मको अनुसन्धानबाट यी पक्राउ प्रतिवादी नै संजय यादव हो भन्ने कागज प्रमाण कहीँकतैबाट खुल्न नसकेको भन्नेसमेत बेहोराको विशेष सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ रहेको देखिएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) मा अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखेमा सम्बन्धित कानून व्यवसायीको बहससमेत सुनी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ठगी मुद्दामा भएको अनुसन्धान कानूनबमोजिम सन्तोषजनक रहेको भन्ने नदेखिने।

यसका साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ मा "<u>हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्नेः</u> (१) यस ऐनबमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारणसहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्ने छ ।" ....भन्ने कानूनी व्यवस्था भएको र रिट निवेदकउपरको उल्लिखित ठगी मुद्दामा पनि अभियोजन गर्ने निकाय सरकारी वकिलबाट धरौट वा जमानत लिई वा हाजिरी जमानीमा छाडी वा कुनै माथवर व्यक्तिको जिम्मामा छाडी वा तारेखमा राखी मुद्दाको अनुसन्धान गर्ने गरी मुद्दा अनुसन्धान गर्ने निकायलाई सहमति प्रदान गर्न र मुद्दा अनुसन्धान गर्ने निकायले सोअनुसार कुनै माथवर व्यक्तिको जिम्मामा हाजिरी जमानीमा छाडी मुद्दाको अनुसन्धान गर्न सक्ने नै देखिँदा पक्राउ परेका प्रस्तुत रिट निवेदकका दाजु सुनिलकुमार यादव नै उक्त ठगीको कसुरको मुद्दाका प्रतिवादी संजय यादव हो भन्ने कागज प्रमाण कहीँकतैबाट खुल्न नसकेको अवस्थामा एक व्यक्तिले गरेको कसुरमा सोही व्यक्ति नै हो भन्ने यकिन नभई थुनामा नै राखेर अनुसन्धान गर्नु कानूनको मर्म र भावनाअनुकूल मान्न नसकिने।

अतः उक्त ठगी मुद्दाको जाहेरी दरखास्तमा उल्लेख भएको संजय यादव भन्ने व्यक्ति नै पक्राउ परेका सुनिलकुमार यादव हो भन्ने निश्चित नगरी यी रिट निवेदकका दाजु सुनिलकुमार यादवलाई अनुसन्धानको क्रममा राखेको थुना गैरकानूनी

देखिएको हुँदा कुनै माथवर व्यक्तिको जिम्मामा हाजिरी जमानीमा छाडी उक्त ठगी मुद्दाको अनुसन्धान गर्ने गरी प्रस्तुत रिट निवेदनको रोहमा निजलाई थुनाबाट मुक्त गरिदिनु भनी विपक्षी महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम् ।

- यसै लगाउको ०७५-WH-०१५४, बन्दीप्रत्यक्षीकरण, अमितकुमार यादव वि. उच्च अदालत पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-WO-००३८, परमादेश, प्रदिपकुमार शाह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

मिसिल संलग्न जनप्रिय आधारभूत विद्यालय (साबिक नि.मा.वि.) को प्रमाणित हाजिर उतार हेर्दा निवेदक प्रदिपकुमार शाह मिति २०७२ सालको असार ११ सम्म विद्यालयमा हाजिर रहेको तथा सो मितिपश्चात् निज रिट निवेदक विद्यालयमा हाजिर नभएको भन्ने देखिन्छ । मिति २०७५ मङ्सिर २० मा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षक प्रदिपकुमार शाह विद्यालयबाट सरूवा भइसकेपछि पुनः फर्केर नआएको भन्ने तथ्य मिसिल संलग्न रहेको विद्यालय व्यवस्थापन समितिको निर्णय उतारसमेतबाट प्रस्टरूपमा देखिएको छ । त्यस्तै रामदेव आधारभूत विद्यालय (साबिक नि.मा.वि.) को मिसिल संलग्न सक्कल हाजिरी रजिस्ट्रर हेर्दा शिक्षक प्रदिपकुमार शाह उक्त विद्यालयमा मिति २०७२ कार्तिक १६ देखि मङ्सिर ८ सम्म हाजिर भएको देखिन्छ । निवेदन बेहोरामा दाबी गरिएजस्तो सरूवा भइसकेपश्चात् पनि साबिक विद्यालयबाट रमाना नदिँदा उक्त जनप्रिय नि.मा.वि. मा नै हाजिर रही कार्यरत रहेको भन्ने बेहोरा मिसिल संलग्न कागजातबाट देखिन नआउने ।

प्रस्तुत विवादमा उठान भएको विद्यालयमा कार्यरत शिक्षकले तलबभत्ता पाउने वा नपाउने अवस्थाका सम्बन्धमा भएको कानूनी व्यवस्थाको उल्लेख हुन सान्दर्भिक हुन्छ । सो सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा शिक्षा ऐन, २०२८ को दफा १६ट मा **नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थिति रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन** भनी उल्लेख गरिएको पाइन्छ । उक्त कानूनी व्यवस्थाका सन्दर्भमा रिट निवेदनको तथ्यगत अवस्था हेर्दा निवेदकले दाबी गरेबमोजिम नियमानुसार बिदा स्वीकृत गरी बसेको भन्ने देखिएन । निज निरन्तर हाजिरी रहेको भन्ने पनि देखिन आएको छैन । यस्तो गैरहाजिर रहेको अवधिको तलब भत्ता दिन मनासिब नदेखिने ।

वस्तुतः स्थायी पदमा कार्यरत शिक्षकले निर्धारित पारिश्रमिक पाउनु निजको अधिकार हो भने आफू कार्यरत विद्यालयमा उपस्थित भई कर्तव्य पालना गर्नु अथवा औपचारिक रूपमा बिदा स्वीकृत गराई बिदामा बस्नु निजको कर्तव्य हो । शिक्षकले आफ्नो कर्तव्यको पालना नगरी लामो अवधि (१ वर्ष) सम्म कार्यरत विद्यालयमा अनुपस्थित हुँदा दुर्गम क्षेत्रका बालबालिकाको शिक्षाको अधिकार हनन भएकोतर्फ पनि विचार पुऱ्याउनुपर्ने हुन्छ । अधिकार र कर्तव्यको परस्पर सन्तुलन मिल्न गएमा मात्र दुवै पक्षको हित रक्षा हुने ।

रिट निवेदकले विपक्षीहरूका नाउँमा

परमादेशको आदेश जारी गरी २०७२ सालको श्रावणदेखि मिति २०७३।३।१४ सम्मको तलब भत्ता दिलाई भराई पाउँ भनी गरिएको निवेदनका सन्दर्भमा हेर्दा, प्रस्तुत विवादमा निवेदक प्रदिपकुमार शाह मिति २०७२।७।१६ देखि ऐ. ३० गतेसम्म विपक्षी रामदेव नि.मा.वि. मा रूजु हाजिर भई कार्यरत रहेको तथ्य मिसिल संलग्न विद्यालयको हाजिर रजिस्ट्रर तथा सो विद्यालयको विद्यालय व्यवस्थापन समितिका तर्फबाट फिराइएको लिखित जवाफबाट देखिन आएको छ । निवेदकले दाबी गरेको समयावधिमध्ये उपर्युक्त समयमा विद्यालयमा हाजिर रहेको भन्ने सम्बन्धमा विवादरहित तरिकाले पुष्टि भएको देखिन्छ । विद्यालयमा स्थायी पदमा कार्यरत शिक्षकले आफू कार्यरत अवधिको तलब सुविधा पाउनुपर्ने विषयमा समेत दुईमत हुन नसक्ने ।

अतः निवेदकले निवेदन मागदाबी गरेको अवधिमध्ये विपक्षी रामदेव नि.मा.वि. मा हाजिर रहेको अवधिको तथा निजले कुनै बिदा स्वीकृत गराई बसेको भए सो बिदामा बसेको अवधिको समेत निवेदकले पाउनुपर्ने नियमबमोजिम तलब भत्तालगायतका सुविधा भुक्तानी दिनु दिलाउनु भनी रामदेव निम्न माध्यमिक विद्यालय रमागाउँ, हुम्लाको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सरोज निधि वाग्ले

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भाद्र ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री विश्वभरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७४-CR-०२३४, मानव बेचबिखन तथा ओसार पसार, चन्द्रभान भन्ने राधेश्याम हरिजन वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले पीडितलाई यौनशोषण गरेको कुरामा मौका तथा अदालतमा साबित नै छन् । साथै निजको पुनरावेदन जिकिरमा समेत आफूले पीडितलाई पटक-पटक यौन सम्पर्क गरेको भनी स्वीकार गरेको छ । पीडितको मौकाको कागज तथा अदालतको बकपत्रबाट समेत सो कुरा प्रस्ट छ । पीडितका संरक्षक बाबु आमालाई कुनै जानकारी नै नदिई भारततर्फ लगेको देखिन्छ । पीडित परिवर्तित नाम 'कृष्णनगर' वर्ष १६ की देखिन्छ भने निजलाई अभिभावकको सहमति मन्जुरीसमेत नलिई कपिलवस्तु हुँदै कृष्णनगरको नाकासम्म पुर्‍याएको अवस्था सप्रमाण पुष्टि भएको छ । यस्तो अवस्थामा पीडितलाई बेचबिखन गर्न भारततर्फ लगेको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तर्कसङ्गत र न्यायसङ्गत नदेखिने ।

जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका-४ स्थित मैना बगरमा रहेको होटल अटो प्यालेसमा रहेकी पीडितालाई नयाँ लुगा खरिद गर्ने बहाना बनाई बुटवलको कृष्णनगर नाकासम्म प्रतिवादीले पुर्‍याएको प्रस्ट छ । निजले पीडितालाई आफू एक्लै आएको भन्नु भनी सिकाएको तथ्य उजागर छ । विवाह गर्ने उद्देश्य भए छुट्टाछुट्टै जानुको तात्पर्य के हो, यी पुनरावेदक प्रतिवादीले अपराधबाट सुरक्षित अवतरणका लागि सुरक्षित तौरतरिका तथा योजना बनाई चातुर्यपूर्ण तरिकाबाट पीडितालाई सिकाई भारततर्फ लैजाने प्रपञ्च गरेको स्पष्ट छ । पीडितालाई काम गरिरहेको होटलबाट छुटाई लगेको, पटकपटक यौन शोषण गरेको तथा पीडितालाई प्रलोभनमा पारी आफ्नो नियन्त्रणमा लिई नेपालको एक ठाउँबाट अर्को ठाउँमा लगेको देखिन्छ । उल्लिखित कानूनले निषेध गरेको आपराधिक कार्य यी पुनरावेदक प्रतिवादीले गरेको देखियो । प्रतिवादीले पीडितालाई नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा नै कृष्णनगर नाकामा पक्राउ परेका छन् । प्रतिवादीको उक्त कार्य अभियोग दाबीअनुसारकै कसुर देखिने ।

आफूले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी पुनरावेदक प्रतिवादीले पुनरावेदन जिकिर लिएतर्फ विचार गर्दा मानव बेचबिखन तथा ओसारपसार

(नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीउपर रहने गरी विशेष व्यवस्था गरेको पाइन्छ। सो ऐनको उक्त विशेष व्यवस्थाअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेको प्रतिवादीले तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट आफ्नो निर्दोषिता प्रमाणित गराउन सक्नु पर्दछ। साथै प्रमाण ऐन, २०३१ को दफा २७ मा ***"प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ"*** भन्ने कानूनी व्यवस्था रहेको छ । आफूले पीडितलाई बेचबिखन गर्न भारततर्फ लगेको होइन । विवाह गर्ने सहमति भई विवाह गर्न लगेको भन्ने कुराको प्रमाण पेस गरी पुष्ट्याईं गर्ने भार उल्लिखित कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक प्रतिवादीको नै हो। आफूले पीडितालाई बेचबिखन गर्न भारततर्फ लगेको होइन भन्ने कुराको प्रमाण पेस गरी यी पुनरावेदक प्रतिवादीले आफूलाई निर्दोषिता प्रमाणित गर्नसकेको नदेखिने।

पुनरावेदक प्रतिवादीले पीडितालाई आमा बाबुले काम गर्न राखेको होटलबाट अभिभावकको समेत सहमति र स्वीकृति नलिई भगाई लगेको कार्य गरेको पुष्टि भएको छ। पीडितालाई बहाना बनाई ललाई फकाई विदेश भारतमा लाने कार्य यी प्रतिवादीले गरेको स्वयम् पीडितको बकपत्रबाट देखिएको छ । होटलमा बच्चाको हेरचाह गर्नसम्म बसेकी र व्यवहारबाट नै परिपक्व नभएकी पीडितालाई प्रलोभन र प्रभावमा पार्न सजिलो हुन्छ। अतः अभिभावको समेत सहमति मन्जुरीविना नै नेपाल भारत सिमाना नाकासम्म पीडितालाई पुऱ्याई सकेको स्थितिमा प्रतिवादीले दाबीअनुसारको कसुर गरेको पुष्टि भएको छ । यस्तो अवस्थामा आफूलाई कैद सजाय गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला नमिलेकाले बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः विवेचित आधार कारण तथा कानूनी व्यवस्था र न्यायिक सिद्धान्तसमेतबाट यी पुनरावेदक प्रतिवादी चन्द्र भान भन्ने राधेश्याम हरिजनलाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४(२) (ख) को कसुरमा सोही ऐनको दफा १५(१) (छ) बमोजिम ७ (सात) वर्ष कैद हुने तथा प्रतिवादीबाट पीडितले रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराई पाउने र प्रतिवादीको कार्य नैतिक पतन देखिने कार्यसमेत भएको ठहर गरी निजको हकमा भएको कपिलवस्तु जिल्ला अदालतको फैसला सदर ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।११।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः- भरतकुमार दहाल
कम्प्युटर: देविमाया खतिवडा
इति संवत् २०७६ साल मङ्सिर १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७३-CI-०४०४, निषेधाज्ञा, रविन्द्र सिंह वि. विनोद सदामुसहर

निषेधाज्ञाको आदेश कानून प्रदत्त कसैको हक हितमा प्रतिकूल असर पर्ने आशंकाको स्थिति देखिएमा कसैलाई कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कुरा यथास्थितिमा राख्नको लागि जारी गरिन्छ। यसबाट कुनै व्यक्तिको हक सिर्जना गर्ने वा हक समाप्ति गर्ने कार्य हुँदैन । निवेदकको निर्विवाद हक रहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न सकिन्छ । कानूनबमोजिम निर्विवाद हक स्थापित भई नसकेको अवस्थामा निषेधाज्ञा जारी गर्न नमिल्ने।

प्रस्तुत विवादमा विपक्षी निवेदकले आफू बसोबास गरेको पोखरीको डिलको जग्गा सार्वजनिक रहेको भनी र पुनरावेदक विपक्षीले उक्त पोखरी र

डिलको जग्गा आफ्नो निजी रहेको भन्ने जिकिर लिएको देखिन्छ । विवादित जग्गा निजी वा सार्वजनिक के हो भन्ने कुरा सबुत प्रमाणको मूल्याङ्कन गरी निर्णय लिने हुँदा निषेधाज्ञा प्रकृतिको निवेदनबाट हेर्न मिल्ने हुँदैन । उक्त पोखरी र जग्गा सार्वजनिक हो वा होइन ? विपक्षीको नाममा छुट दर्ता हुन सक्ने, नसक्ने के हो ? भन्ने सम्बन्धमा निवेदकले दिएको छुट जग्गा दर्ताको निवेदनबाट निर्णय हुन सक्ने नै देखिने ।

विवादित जग्गा नेपाल सरकारको नाममा दर्ता रहेको देखिन्छ । नेपाल सरकारको नाममा दर्ता रहेको सम्पत्तिमा पुनरावेदकले अहिले नै हक स्थापित भए जस्तो गरी सार्वजानिक भोगचलनमा रहेको पोखरीको माछा मार्न, पोखरीको डिलमा रहेका रूखहरू काट्न, उपभोग गर्ने कार्य गर्न पाउने देखिएन । नेपाल सरकारको नाममा दर्ता रही सार्वजनिक रूपमा भोगचलनमा रहेको पोखरी र पोखरीको डिलको जग्गा व्यक्ति विशेषले भोगचलन गर्ने कुरा सार्वजनिक नीति, मूल्य र मान्यताको विपरीत हुने ।

अतः पुनरावेदकले दिएको छुट जग्गा दर्ताको निवेदन टुङ्गो नलागेसम्म विवादित जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वडा नं. ३ क कि.नं. ३६८ को ०-७-११ पोखरी र कि.नं. ३६९ को १-११-९ महाड जग्गामा पोखरीको माछा मार्ने, पोखरीको डिलमा रहेका रूख विरूवा काट्ने, मास्नेलगायतका कार्य गरी निजी तवरबाट भोग कब्जा नगर्नु, नगराउनु र छुट दर्ता सम्बन्धमा चलाइएको कारबाही कानूनबमोजिम टुङ्गो नलागेसम्म उल्लिखित पोखरी र पोखरीको डिलको जग्गालाई सार्वजनिक सम्पत्तिको रूपमा कायम रहन दिनु भन्ने निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।१७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मदन पराजुली

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-१४८५, निषेधाज्ञा, अरबिन्द यादवसमेत वि. सरिता गिरी*

विपक्षी सरिता गिरीबाट मिति २०६९।१२।१७ मा करारनामा गरी जग्गा भोग गरेको भने पनि यिनै पुनरावेदक निवेदक भई यिनै विपक्षीउपर करारको परिपालना गराई पाउँ भनी दिएको मुद्दामा करार भनिएको लिखत करार ऐन, २०५६ बमोजिम करारको अवस्थाको नदेखिएको भनी निवेदन दाबी पुग्न नसकी फैसला भएको भन्ने प्रस्तुत मुद्दाको फैसलाबाट देखिन्छ । विपक्षीले दाबी लिएको करारको लिखतअनुसार करारको परिपालना गरिपाउँ भनी दाबी नै नपुग्ने ठहरी सकेको अवस्थामा अब सो करारनामाबाट विपक्षीको भोगाधिकार रहन सक्ने अवस्था पनि देखिएन । वस्तुतः विवादित जग्गामा पुनरावेदकहरूको कुनै प्रकारको हक स्थापित भएको देखिएन । विवादको जग्गा रजिस्ट्रेसन पारित गरी विपक्षी निवेदकले लिएको र निवेदकको हक स्वामित्वमा रहेको देखिँदा उक्त सम्पत्ति निवेदकले भोग बिक्री, व्यवहार गर्न सक्ने देखिने ।

निषेधाज्ञा कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कार्य गर्न दिन, कसैबाट हुन लागेको गल्तीलाई रोक्न वा व्यक्तिको अधिकारको रक्षा गर्ने प्रयोजनको लागि जारी गरिन्छ । निवेदकको निर्विवाद हक रहेको देखिएको अवस्थामा उक्त हकमा कसैबाट आघात पार्न सक्ने आशंकाको अवस्था देखिएमा निषेधाज्ञाको आदेश जारी गर्न सकिन्छ । विपक्षी निवेदकसँग गरेको करारबमोजिम नै जग्गा आफूहरूले भोग गरेको भन्ने पुनरावेदकहरूको भनाइ रहेको देखिँदा निवेदकको जग्गामा रहेको हकाधिकारमा पुनरावेदक विपक्षीहरूले असर पार्न सक्ने आशंकाको पुष्टि भएको देखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने ठहर भएको पुनरावेदन अदालत राजविराजबाट भएको आदेश

अन्यथा नदेखिने।

अतः निवेदिकको जग्गामा निवेदिकाले बनाएका भौतिक संरचना जबरजस्ती तोडफोड नगर्नु, नगराउनु र जग्गामा प्रवेश नगर्नु, नगराउनु, बसुधा अर्गानिक फर्म सञ्चालनमा कुनै किसिमको बाधा अवरोध नगर्नु, नगराउनु भनी आदेश जारी हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७३।३।१९ को आदेश सदर हुने।

इजलास अधिकृत : मदन पराजुली

कम्प्युटर : देविमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-१६४८, निषेधाज्ञा / परमादेश, लालमणी दास वि. फुलचन दास*

निवेदनमा उल्लिखित सप्तरी, गा.वि.स. मलेकपुर वडा नं. ७ कि.नं. १६७, २१८, २१९, २३३, २३७, ३०१ ऐ. वडा नं. ८ कि.नं. ३६९ र ऐ. वडा नं.९ को कि.नं.१५६ को जग्गाहरू जानकी दासको नामबाट नामसारी भई श्री ठाकुरवारी रामजानकी ज्यूका नाममा रहेका भन्ने देखिएको र विपक्षी निवेदक फुलचन दास बैरागी विवादित ठाकुरवारी राम जानकी मन्दिरको पुजारी रहेको भन्ने देखिन्छ । निजकै गुरु बुबा स्वः जानकी दासले आफ्ना नाम दर्ताको सम्पत्ति दान गरी सो मठ मन्दिरको निर्माण भएको भन्ने तथ्य रहेको देखियो । जुन उद्देश्यको लागि दाताले उक्त जग्गा प्रदान गर्नु भएको हो, सोही उद्देश्य प्राप्तिको लागि उक्त सम्पत्तिको परिचालन हुनुपर्ने र उक्त सम्पत्तिको संरक्षण, सम्बर्द्धन गर्नुपर्ने कुरामा विवाद हुन नसक्ने।

विपक्षी फुलचन दास उक्त मठको पुजारी महन्थ रहेको भन्ने देखिएको छ । निवेदक उक्त मन्दिरको पुजारी रहेको तथ्यलाई विपक्षीहरूले समेत अन्यथा भन्न सकेको छैन । पुनरावेदकले मठ खिचोला चलन मुद्दा दिँदा वादीको दाबी पुग्न नसक्ने ठहरी अदालतबाट फैसला भएको देखिएको छ । यिनै पुनरावेदक लालमणी दासलाई जानकी दासको चेलो कायम गर्न नमिल्ने भनी अदालतबाट समेत फैसला भइरहेको देखिन्छ। मिति २०४५ सालदेखि नै विपक्षी फुलचन दास बैरागी सो मठको पुजारी महन्थ भई कार्य गरिरहेको भन्ने अदालतको फैसलाबाट देखियो। यिनै पुनरावेदकले विपक्षी निवेदकउपर महन्थ पुजारीकै विषयमा पटकपटक मुद्दा गरी पुनरावेदकको दाबी नपुग्ने गरी फैसलासमेत भएको देखिने।

मन्दिर सम्बन्धमा **"श्री ठाकुरवारी रामजानकी गुठी संरक्षण आश्रम नामक संस्था"** मिति २०७१।१२।२४ मा जिल्ला प्रशासन कार्यालय, सप्तरीमा दर्ता भएको भन्ने पुनरावेदकको जिकिर सम्बन्धमा हेर्दा सामाजिक धार्मिक वा परोपकारी कार्यको लागि संस्थाहरू दर्ता गर्न सकिने नै हुन्छ । संस्थाले आफ्नो विधानबमोजिम कार्य सञ्चालन गर्ने हो । संस्थाले प्राप्त गरेको प्रमाणपत्र हेर्दा सार्वजनिक देवस्थल देखिँदा सार्वजनिक सम्पत्ति नै रहने गरी र यो संस्था दर्ता हुनुअघिको कुनै पनि चल, अचल सम्पत्ति धितो बन्धक दिन वा कुनै प्रकारले हक छाडी दिन नपाउनेसमेत गरी मात्र यो संस्था दर्ता गरिएको छ भन्ने देखिन्छ। परम्परादेखि चली आएका मूल्य मान्यताहरू र सो सम्बन्धमा भएका अदालतको फैसलासमेतको प्रतिकूल हुने गरी पछि दर्ता हुन आएको संस्थाले कार्य गर्न मिल्छ भन्न नमिल्ने।

अतः विपक्षी फुलचन दास बैरागी निरन्तर रूपमा मठको महन्थ पुजारीको रूपमा अदालतका फैसलाहरूबाट समेत कार्य गरिरहेको स्थापित भइरहेको हुँदा सो कार्यबाट निजलाई अवरोध नगर्नु, मन्दिरको पूजाआजा गर्न दिनु भनी विपक्षी पुनरावेदकको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७३।३।१९

को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७४-CI-००७५, निषेधाज्ञा, संगिता पौडेल वि. सनी थापा

विपक्षीले ओमकुमारी कार्कीबाट निवेदकले आफ्नो कि.नं.१५० को जग्गा र ढकबहादुरबाट मैले कि.नं.१५१, र कि.नं.७७ को जग्गा खरिद गर्नुअगावै हाम्रा दाताहरूबिचमा मिति २०६२।६।१६ मा बाटोसम्बन्धी सम्झौता भई निवेदकको कि.नं. १५० को जग्गाको दक्षिणतर्फबाट ९ फिटको बाटोमा जे जति जग्गा पर्छ सोको आधा क्षेत्रफल बराबरको हुन आउने रकम प्रतिआना रू.३,६५०००।–रूपैयाँको दरले विपक्षीको दातालाई दिन मन्जुर गरेकोले कि.नं.१५० को जग्गा कित्ताकाट गरी कि.नं. १५४ को जग्गा नेपाल सरकार बाटो कायम भएको, दाताले कि.नं. १५१ को जग्गामा घर बनाउन नगरपालिकाबाट नक्सा पास हुँदा कच्ची बाटो प्रमाणित भइसकेको र सो बाटोबाहेक मेरो कि.नं. १५१ मा बनेको घरको बाटो निकास कतै नभएको, ढल खानेपानीको पाइपसमेत सोही बाटोमा राखिएको, ग्रावलिङसमेत गरिएको सार्वजनिक बाटो रहेको भन्ने जिकिर लिएको देखिन्छ। लिखित जवाफबाटै निवेदकको जग्गामा रहेको निजको हकाधिकारमा विपक्षीले असर पार्न सक्ने आशंकाको पुष्टि भएको देखिने।

यसै जग्गाको सम्बन्धमा यसअघि पनि विपक्षी सनी थापाका दाता ओमकुमारी कार्की र यिनै पुनरावेदकका दाता ढकबहादुर कार्कीका बिच मुद्दा मामिलाहरू चलेको भन्नेसमेत देखिएको छ। दाताहरूका बिच मिति २०६२।६।१६ मा भएको बाटो सम्बन्धमा भएको साझा सम्झौताबमोजिम कि.नं.१५० को जग्गा कित्ताकाट भई कायम भएको कि.नं.१५४ नेपाल सरकार बाटो र कि.नं.१५५ विपक्षीको दाता ओमकुमारी कार्की कायम भएको भन्ने प्लट रजिस्ट्रारको प्रतिलिपिबाट देखिएकोमा मुख मिल्न नसकेको कारण उक्त काट भएका कित्ता तत्कालै बदर गरी पुन: कि.नं.१५० नै कायम भएको देखिन्छ। यिनै पुनरावेदक संगिता पौडेलले यिनै विपक्षी सनी थापाउपर मालपोत कार्यालय, डिल्लीबजारमा दिएको उक्त कित्ताहरू बदर गरी कि.नं.१५० नै कायम गरिएकोमा कि.नं. १५०बाट कायम भएका कित्ता यथावत कायम राखी बाटो कायम गरिपाउँ भनी दिएको निवेदनमा कसैको हकहितमा असर परेको नदेखिँदा केही गरिरहनु परेन भनी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०७०।८।२५ मा निर्णय भएको देखिन्छ। मालपोत कार्यालय र नापी कार्यालयबाट कि.नं.१५० कत्ताकाट गरी कि.नं. १५४ सरकारी बाटो र कि.नं. १५५ ओमकुमारी कार्कीको कायम भएकोमा सो कित्ताकाट बदर गरी साबिकको कि.नं.१५० नै कायम गरेतर्फ यिनै पुनरावेदकका दाता ढकबहादुर कार्कीले मालपोत कार्यालय, डिल्लीबजारसमेत उपर दिएको कि.नं.१५४ र १५५ बदर गरी कि.नं. १५० कायम गरेको निर्णय र सोसम्बन्धीका पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी उक्त निर्णय कार्यान्वयन नगर्नु भन्ने परमादेशको आदेश जारी गरिपाउँ भनी दिएको निवेदनसमेत प्रस्तुत मुद्दासँगै खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।२।२७ मा आदेश भएको देखिने।

कसैको ऐन प्रदत्त अधिकारमा कसैले आघात पार्ने आशंका रहेमा निषेधाज्ञाको आदेश जारी हुन्छ। यो विवादको प्रकृतिअनुसार निषेधात्मक वा निर्देशात्मक दुवै हुन सक्छ। यो कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कार्य गर्न दिन अदालतबाट जारी हुने हुन्छ। निषेधाज्ञाको आदेशबाट कुनै व्यक्तिको हक सिर्जना गर्ने वा हक समाप्ति गर्ने कार्य हुँदैन। कसैबाट हुन लागेको गल्तीलाई रोक्ने वा व्यक्तिको अधिकारको रक्षा

गर्ने उपचारको रूपमा यसलाई लिइन्छ । निवेदकको निर्विवाद हक रहेको देखिएको अवस्थामा उक्त हकमा कसैबाट आघात पार्न सक्ने आशंकाको अवस्था देखिएमा निषेधाज्ञाको आदेश जारी गर्न सकिने ।

जहाँसम्म साबिकदेखि चली आएको वा दिई आएको बाटो निकास बन्द गरेको भन्ने पुनरावेदकको जिकिर रहेको छ, अघिदेखि चली आएको वा दिई आएको ठाउँको निकास कसैले थुन्न हुँदैन, अघिदेखि नचलेको र दिई नआएको ठाउँमा जबरजस्ती गरी लिन वा चलन गर्न पनि हुँदैन । साबिकदेखिको बाटो निकास बन्द गरे कानूनबमोजिम उजुर परेका बखत सबुत प्रमाण बुझी निर्णय हुन्छ । सबुत प्रमाण बुझी निर्णय गर्ने कुरा निषेधाज्ञा मुद्दाबाट बोल्न सकिने अवस्था रहेन । पुनरावेदकले बाटोको सम्बन्धमा कानूनी उपचारको मार्ग अवलम्बन गर्न सक्ने नै देखिने ।

अतः माथि विवेचित आधारहरूबाट कि.नं. १५० को जग्गा यी निवेदकको निर्विवाद हक भोगको देखिँदा निवेदन मागबमोजिम कि.नं. १५० को जग्गामा वाल-पर्खाल लगाउन बाधा विरोध नगर्नु, नगराउनु साथै वाल-कम्पाउन्ड लगाएपछि लगाएको वाल-कम्पाउन्ड भत्काउनेलगायतका कुनै पनि कार्य नगर्नु, नगराउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको तात्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।२।२७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- मदनप्रसाद पराजुली
कम्प्युटर: देविमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-००१५, बन्दीप्रत्यक्षीकरण, युवराज भन्ने गुणराज बल वि. सिन्धुली जिल्ला अदालत, तहसिल शाखासमेत*

निवेदन बेहोरा तथा लिखित जवाफसमेतलाई मध्यनजर गर्दा निवेदकलाई सिन्धुली जिल्ला अदालतबाट रहजनी चोरी मुद्दामा कैद ०।२।० (दुई महिना) र रू. १,६१,०००/- जरिवाना हुने तथा जरिवानाबापत समेत कैद नै हुने ठहरी मिति २०७२।०८।१३ मा फैसला भएको देखियो । उक्त फैसलाअनुसार निज निवेदक मिति २०७२।०५।०४ देखि पक्राउ परी हालसम्म थुनामा नै रहेको देखिन्छ । निवेदकलाई लागेको २ महिना कैद मिति २०७६।०७।०३ गते समाप्त भइसकेको कुरामा समेत विवाद नदेखिने ।

निवेदन मागबमोजिम परिवर्तित कानूनी व्यवस्थाअनुसार मिति २०७२।०७।०४ गतेबाट बसेको कैदको दैनिक रू. ३००/- का दरले कट्टा हुने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा सो सम्बन्धमा भएको कानूनी व्यवस्थाको सिंहावलोकन गर्दा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा **"कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएकोबमोजिम कार्यान्वयन हुने छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यस्तै मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ को दफा ७ ले केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ का दफा ३९ मा उपदफा (२) को खण्ड (ख) पछि खण्ड (ख१) थप गरी **"विचाराधीन वा फैसला भइसकेको मुद्दामा जरिवाना वा बिगोबापत कैद गर्दा वा कैद बसेको अवधिलाई जरिवानामा परिणत गर्नुपर्दा मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाबमोजिम हुने छ"** भन्ने व्यवस्था गरेको देखिन्छ । यस सम्बन्धमा यस अदालतबाट

मातहतका सबै अदालतका नाउँमा जारी गरिएको मिति २०७५/१०/१० च.नं.१८४१ को परिपत्रमा समेत जरिवानाबापत कैदमा बसेका व्यक्तिहरूको हकमा पनि दिनको रू. ३००।- का दरले हिसाब गरी संशोधित कैदी पुर्जी दिनु भन्ने उल्लेख गरी थप स्पष्ट पारिएको पाइन्छ । उपर्युक्तानुसारको कानूनी व्यवस्था हेर्दा निवेदक प्रतिवादी भएको चोरी मुद्दाको फैसला हुँदाका अवस्थामा जरिवानाबापतको कैद निर्धारण गर्दा प्रतिदिन २५ रूपयाँका दरले तोकिएको भए तापनि परिवर्तित कानूनी व्यवस्थामा रिट निवेदकको हकमा जरिवानाबापत कैद गर्नुपर्दा दिनको रू.३००।- का दरले कैद कट्टा हुन मनासिब देखिन आउने ।

यस्तै विषयवस्तु समावेश भएको नेपाल सरकार विरूद्ध रामबहादुर कार्की भएको जबरजस्ती करणी (ने.का.प.२०७१, अङ्क ७, नि.नं.९२०९) मुद्दामा यस अदालतबाट कुनै कसुरका सम्बन्धमा पछि जारी भएको ऐनले चाहे त्यो Codified नयाँ कानून होस् वा Consolidated कानून होस् वा संशोधित दफा होस्, सजाय घटाएको वा अभियुक्तलाई सुविधा दिएको छ भने कानूनमा स्पष्टरूपमा अन्यथा व्यवस्था गरेकोमा बाहेक अन्य अवस्थामा सिद्धान्ततः त्यस्तो पछिल्लो कानून वा दफाको प्रयोग गर्न मिल्ने नै हुन्छ । त्यसरी निर्मित वा परिमार्जित कानून ex-post facto law भित्र नपर्ने ...भनी सिद्धान्त प्रतिपादन भएको पाइने ।

अत: उल्लिखित आधार तथा कारणसमेतबाट निवेदकलाई लागेको जरिवाना रू.१,६१,०००।- बापत दिनको रू. ३००।- का दरले कैद कट्टी गर्दा, मिति २०७२/०७/०४ बाट गणना भई मिति २०७३/१२/२५ मा निजलाई ठहर भएको जरिवानाबापतको कैदको सजाय भुक्तान भइसकेको देखिएकाले सिन्धुली जिल्ला अदालतबाट सो सुविधा दिन नमिल्ने भनी मिति २०७६/०१/२३ मा भएको आदेश र मिति २०७६/०२/०६ को जानकारी पत्रसमेत उल्लिखित कानूनी व्यवस्था एवम् न्यायिक सिद्धान्तसमेतबाट कानूनविपरीतको देखिँदा निवेदकलाई तुरून्त थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : सरोजनिधि वाग्ले

कम्प्युटर : देविमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल भदौ ३ गते रोज ३ शुभम् ।

## ८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१७९९, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. दिपेन्द्रप्रसाद यादवसमेत*

प्रतिवादी अनिलकुमार प्रधानको नामबाट प्रतिवादी अस्मितादेवी अग्रवालको नाममा नामसारी भएको उक्त सवारी साधनको नम्बर दर्ता तथा बिलबुकसमेत किर्ते तयार गर्ने कार्यमा नारायणी यातायात कार्यालयमा कार्यालय सहयोगीको रूपमा कार्यरत रहेका अर्का प्रत्यर्थी प्रतिवादी दिपेन्द्रप्रसाद यादवको संलग्नता रहेको भन्ने सन्दर्भमा विचार गर्दा, निज प्रतिवादी दाबीबमोजिमको किर्ते कागजात तयार गर्ने कार्यमा संलग्न रहेकोमा मौकामा तथा अदालतमा समेत इन्कार रहेको देखिन्छ । प्रतिवादी बिटु र अरमानसमेत भन्ने महम्मद खुर्सेद अली शेषले प्रस्तुत मुद्दामा अनुसन्धान अधिकारीसमक्ष मिति २०७२।१।१३ मा र मकवानपुर जिल्ला अदालतमा दायर भएको उक्त मुद्दा नं. ०७१-CR-११९ को ठगी तथा सङ्गठित अपराध मुद्दामा अनुसन्धानको क्रममा बयान गर्दा, ना. २ च. ७९३० नं. को कार अनिलकुमार प्रधानको नामबाट अस्मितादेवी अग्रवालको नाममा नामसारी गर्ने कार्य यी प्रतिवादी दिपेन्द्रप्रसाद यादवसँग मिली गरेको हो भनी पोल गरेको देखिएको तर निज प्रतिवादी बिटु र अरमानसमेत भन्ने महम्मद खुर्सेद अली शेषले मकवानपुर जिल्ला अदालतमा बयान

गर्दा उक्त कार को कसले कहाँबाट ल्याए मलाई थाहा छैन । मैले बिक्री गरी ठगी गरेको होइन । यातायात व्यवस्था कार्यलयबाट सवारी पास पनि गराएको होइन भनी बयान गरेको देखिन्छ । यी प्रतिवादी दिपेन्द्रप्रसाद यादव यातायात व्यवस्था कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत रहेको देखिएको हुँदा सो पदको कर्मचारीको सहयोगबाट सरकारी कागज बनेको भन्ने निज प्रतिवादी बिटु र अरमानसमेत भन्ने महम्मद खुर्सेद अली शेषको भनाइसमेत विश्वसनीय देखिन आउँदैन । अनुसन्धानको क्रममा गरेको पोल बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा मात्र प्रमाण ग्रहण गर्न सकिने हो । निज प्रतिवादी महमद खुर्सेद अली शेषले प्रस्तुत कसुरमा प्रतिवादी दिपेन्द्रप्रसाद यादवको समेत संलग्नता रहेको भनी अधिकारप्राप्त अधिकारीसमक्षसम्म पोल गरेको देखिन्छ । अदालतमा आई दाबीको कसुरमा आफैँ इन्कार रही अन्य प्रतिवादीलाई पोल गरी बयान गर्न सकेको देखिँदैन । अनुसन्धानको क्रममा भएको सो पोल बयान अन्य मिसिल संलग्न प्रमाणबाट समेत पुष्टि हुने आधार नदेखिने।

किर्ते जस्तो फौजदारी कसुरमा सजाय गर्दा कसुरको प्रकृतिले नै वस्तुनिष्ठ प्रमाणले कसुर ठहर हुनुपर्ने हुन्छ। अनुमान तथा शंकाको भरमा मात्र कसुर ठहर हुने आधार बन्दैन। प्रस्तुत वारदातमा यी प्रत्यर्थी प्रतिवादी दिपेन्द्रप्रसाद यादव यातायात कार्यालयको कार्यालय सहयोगी जस्तो निम्न स्तरको कर्मचारी भएकोमा कार्यालयको जिम्मेवार व्यक्तिको संलग्नता विना उक्त कार्य हुन नसक्नेमा त्यसतर्फ अनुसन्धान पर्याप्त भएको भन्नेसमेत देखिँन आउँदैन। यी प्रतिवादी दिपेन्द्रप्रसाद यादवको दस्तखत नमूनासमेत विवादित कागजातमा भएको हस्ताक्षरसँग परीक्षण हुँदा यकिन भएको स्थितिसमेत देखिन नआउने।

अतः यी प्रत्यर्थी प्रतिवादीहरू दिपेन्द्रप्रसाद यादव र अस्मितादेवी अग्रवालको आरोपित कसुरमा संलग्नता रहेको भन्ने पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको हदसम्म सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला अन्यथा भएको भनी मान्न मिलेन । निज प्रतिवादीहरू दिपेन्द्रप्रसाद यादव र अस्मितादेवी अग्रवाललाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन आएन।

तसर्थ, प्रतिवादीहरू दिपेन्द्रप्रसाद यादव र अस्मितादेवी अग्रवाललाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको हदसम्म सुरू पर्सा जिल्ला अदालतको मिति २०७३।३।१५ को फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।०९।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-१४५२, जबरजस्ती करणी, नेपाल सरकार वि. सन्तोष शर्मा बडही*

जाहेरी दरखास्तको बेहोरा हेर्दा जिल्ला मोरङ थलाहा गा.वि.स. वडा नं. ८ स्थित रहेको उखुबारी नजिकै दाउरा खोजी रहेको अवस्थामा प्रतिवादीले जबरजस्ती नियन्त्रणमा लिई डर त्रासमा पारी पटकपटक जबरजस्ती करणी गर्दै गरेको अवस्थामा मानिसहरू हल्ला गर्दै हिँडेको सुनी निजले छोडी भागी गएका हुन् म उखुबारीबाट बाहिर निस्कँदा आमालाई भेटेपछि सबै कुरा बताएको हुँ भन्नेसमेतको बेहोरा

उल्लेख भएको पाइन्छ । पीडिताको उमेर वर्ष १८ को भई निज अविवाहित किशोरी रहेको भन्ने देखिन आएको र वारदात स्थल कुनै सुनसान एकान्त ठाउँ नभई सडक नजिकै रहेको भन्ने पनि पीडिता स्वयम्ले मानिसहरू हल्ला गर्दै हिँडेको सुनी प्रतिवादी भागी गए भनी लेखाएको बेहोराबाट नै देखिँदा हार गुहार प्रतिकारको सम्भावना मौजुद रहँदारहँदै त्यस्तो कुनै प्रयास पीडिताबाट भएको भन्ने देखिएन । बाटादेखि नजिकै १८ वर्ष पुगेको पीडितालाई एक्लै प्रतिवादीले जाहेरवाली पीडिताले भनेबमोजिमको आरोपित कसुर गरे होलान् भनी भन्न उपयुक्त र मनासिब देखिँदैन । जबरजस्ती करणीको वारदातको सम्बन्धमा घटनामा भएको बल प्रयोगको अवस्था, सुनसान मद्दत माग्दा पुग्न नसक्ने प्रकृतिको स्थान र प्रतिकार गरेको अवस्था, पीडिताको उमेर र आरोपीहरूको संख्या एवं पीडिताको स्वास्थ्य जाँच प्रतिवेदनबाट देखिएको बेहोरा जस्ता कुराहरूको माध्यमले नै कसुर स्थापित हुने नहुने र कसुरदार हो, होइन ? भन्ने कुराको निक्यौंल गर्दा न्यायसङ्गत हुने ।

प्रस्तुत मिसिलमा मानिसहरू हल्ला गर्दै हिँडेको सुनिने ठाउँमा वारदात भयो भनिएको, पीडिताको उमेर १८ वर्ष भई पीडक एक्लो देखिएको, पटकपटक करणी भयो भने पनि पीडिताबाट हारगुहार प्रतिकार भएको भन्ने नदेखिएको, पीडिताको स्वास्थ्य जाँचको प्रतिवेदनमा कन्याजाली च्यातिएको भनी उल्लेख नभएको भन्नेसमेत देखिन्छ । पीडिताको शारीरिक परीक्षण प्रतिवेदनबाट *old headling scratch mark at upper part of chest, old scratch mark near left nipple* भन्नेसम्म उल्लेख भई कन्याजालीको बारेमा केही उल्लेख भएको पाइँदैन। पीडिताले पटकपटक जबरजस्ती करणी गरी मानिसको हल्ला सुनेपछि छोडी गए भनेकोमा कन्याजालीको अवस्था के कस्तो थियो त्यस कुराले निश्चय पनि महत्त्व राख्थ्यो । तर सोको अभाव रहेको देखियो । उपस्थित भई बकपत्र गर्ने डा. अशोककुमार महतोले पीडिताको जबरजस्ती करणी भए नभएको यकिन गर्न सकिएन, यकिनसाथ भन्न नसकिने भएकोले राय दिइएन भन्ने आफ्नो बेहोरा लेखाएको पाइन्छ भने डा. अन्जु देवले रिपोर्टहरूबाट रेपको पोजिटिभ फाइन्डिङ नभएकोले र रेप भएको पत्ता लाग्न नसकिएकोले राय नदिइएको भनी बकपत्र गर्दा आफ्नो बेहोरा लेखाएको पाइन्छ । यसरी पीडिताको कन्याजाली (Hymen) च्यातिएको भनी स्वास्थ्य जाँच प्रतिवेदनमा उल्लिखित भएको नपाइनु, शरीरमा देखिएको भनिएको सामान्य खत पुरानो देखिनु, हार गुहार र प्रतिकारको अवस्था नदेखिनु, आरोपित कसुरमा प्रतिवादी इन्कार रहेको अवस्था देखिनुबाट केवल पीडिताले भनेको लेखाएको एक्लो भनाइ मात्र आरोपित कसुर पुष्टि हुने आधार बन्न सक्ने नदेखिने ।

फौजदारी मुद्दामा आरोपित कसुर शंकारहित स्वतन्त्र वस्तुनिष्ठ विश्वासयोग्य प्रमाणद्वारा पुष्टि प्रमाणित भएको देखिनु पर्दछ । निष्पक्ष र प्रत्यक्ष स्वतन्त्र प्रमाणको अभावमा कसैलाई पनि कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तले त्यस्तो कुरालाई सहजतापूर्वक स्वीकार गर्दैन । फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको आधारमा कसैलाई पनि फौजदारी कसुरको कसुरदार ठहर गर्दा प्रत्यक्ष, स्वतन्त्र, वस्तुनिष्ठ र विश्वासयोग्य प्रमाणको आवश्यक हुन्छ । तर प्रस्तुत मिसिलको सन्दर्भमा प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुने त्यस किसिमको प्रमाणको मिसिलमा अभाव देखिँदा पीडिताको एक्लो भनाइ त्यो पनि अन्य स्वतन्त्र प्रमाणबाट सम्पुष्टि नभएको अवस्थामा त्यत्तिकै आधारले प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहराउन नमिल्ने ।

अतः अभियोग दाबीबमोजिम कसुर कायम गरी प्रतिवादीलाई ५(पाँच) वर्ष कैदसमेत गर्ने गरी मोरङ जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने

ठहर गरी भएको उच्च अदालत विराटनगरको मिति २०७५/१/१२/४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: सिर्जना गौतम

इति संवत् २०७७ साल जेठ ३२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७५-CR-२१९३, झुट्टा विवरण पेस गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. दिपेन्द्रकुमार पैकरासमेत*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सोसम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दस हजार रूपैयाँदेखि बिस हजार रूपैयाँसम्म जरिवाना हुने छ" भन्ने व्यवस्था रहेको छ । उक्त दफाको समग्र बनोटको अध्ययन गर्दा राष्ट्रसेवकको पद पाइसकेको व्यक्तिले सो ओहदामा बसेर नियमानुसार आर्जन गरेको बिरामी बिदा स्वीकृत गराउने उद्देश्यका साथ बेहोरा ढाँटेर अर्थात् बिरामी परेर आराम गर्नुपर्ने अवस्थामा नभएको व्यक्तिले बिरामी परेको भन्ने बेहोराको प्रमाणपत्र बनाएर पेस गरी आफूले उपयोग गर्न पाउने र सेवा अवधिमा प्रयोग नगरेका खण्डमा प्रत्येक वर्ष पाक्ने बिरामी बिदा सञ्चित भएर सेवानिवृत्त भएपछि सोबापत सोही अवस्थाको तलब स्केलका आधारमा पाउन सक्ने रकम लिएकोलाई उक्त दफा १६ को उपदफा (१) ले समेट्न खोजेको मान्न मिल्ने देखिएन । प्रतिवादी दिपेन्द्रकुमार पैकराले पटकपटक एउटै बेहोराको बिरामी परेर आराम गर्न आवश्यक छ भन्ने कुरा लेखिएको प्रमाणपत्र पेस गरेर बिदा माग गरेपछि बिदा स्वीकृत गर्ने अधिकारीले निज दिपेन्द्रकुमार पैकराको स्वास्थ्यका बारेमा चासो राखेर निजलाई आफूसमक्ष उपस्थित गराएर वा आफैँ वा अरू कोही जिम्मेवार अधिकृत निज बिरामी कर्मचारीकहाँ पठाएर स्वास्थ्य स्थिति बुझ्नुपर्नेमा सो गरेको देखिएन । एउटा कर्मचारीले बिदा स्वीकृत गरिपाउँ भनेर सोको साथमा प्रमाण स्वरूप राखेको प्रमाणपत्रको बेहोरा ६/६ पटक समान किसिमको रहेको अवस्थामा पनि सोतर्फ केही विचार नगरी बिदा स्वीकृत गरेको देखिएको छ । बिदा स्वीकृत गर्ने अधिकारीले सो सम्बन्धमा ध्यान पुर्‍याएको देखिएन । आफ्नो सञ्चित बिदा स्वीकृत गरिपाउँ भनी निवेदनसाथ पेस गरेको प्रमाणपत्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) ले परिकल्पना गरेको झुट्टा विवरणको कोटीमा राख्न मिल्ने नदेखिने ।

अब विशेष अदालत काठमाडौंबाट प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी भएको फैसला मिलेको छ वा छैन भनी विचार गर्दा प्रतिवादी दिपेन्द्रकुमार पैकराले आफू बिरामी भई उपचार गराएको भन्दै सिफारिस गराएर पटकपटक बिरामी बिदा स्वीकृत गराई बिदाको अवधिभर दक्षिण कोरियामा कार्यरत रहेको र सो अवधिको तलब भत्ता बुझिलिएको भन्ने र अर्का प्रतिवादी लक्ष्मीप्रसाद मैनालीले स्वास्थ्य परीक्षण गरी दिपेन्द्रकुमार पैकरालाई अरू आरामको जरूरत छ भनी सिफारिस गरिदिएको कुरा नै प्रस्तुत मिसिलमा विवादको विषय देखिने ।

एउटा निजामती कर्मचारीले बनावटी कुरा बनाई खडा गरी त्यसबाट केही लाभ र सुविधा लिएको भन्ने सन्दर्भमा बिरामी बिदा कर्मचारीले नियमानुसार पाउने सुविधाभित्रै पर्ने विषय हो । त्यसको उपयोग गर्ने सम्बन्धमा छुट्टै ऐन र नियमावलीले व्यवस्था गरेको पाइन्छ । प्रतिवादी दिपेन्द्रकुमार पैकराले माग गरेको सुविधा प्रदान गर्ने जिम्मेवार अधिकारीले सुविधा प्रदान गरेपश्चात् प्रतिवादी दिपेन्द्रकुमार पैकराले उपभोग गरेको

देखिन्छ । यसरी सुविधा प्रदान गर्ने अख्तियारवाला अधिकारीले सुविधा दिँदा कुनै प्रश्न उठाएको भन्ने मिसिलबाट देखिँदैन । त्यसैले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १६(१) ले प्रतिवादीबाट भएको क्रियाकलापलाई समेट्न सक्ने अवस्थाको नदेखिने ।

जहाँसम्म प्रतिवादी दिपेन्द्रकुमार पैकरा विरूद्ध ऐनको दफा १७ बमोजिम लगाइएको आरोप छ, सो सम्बन्धमा दफा १७ को शिर्षक नै "सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने लाई सजाय" भन्ने देखिएको र बिरामी बिदा लिँदा वा सञ्चित भई निवृत्त हुँदा राष्ट्रसेवक कर्मचारीले निजामती सेवा ऐन र नियमानुसार सोको सुविधा पाउने विषय भएकोले त्यसलाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानीअन्तर्गतको विषय भन्न मिल्ने स्थिति र अवस्थासमेत देखिँदैन । यसरी माथि पनि विवेचना भइसकेकोले पुनरावृत्तिको आवश्यकता नहुँदा नहुँदै पनि सारांशमा बिरामी बिदाको उपयोग र उपयोग गर्ने विषयमा छुट्टै ऐन र नियमले व्यवस्था गरेको र यो राष्ट्रसेवक कर्मचारीले पाउने सुविधाअन्तर्गतको विषय भएको र उपभोग गरेको सुविधा नियमसङ्गत भए नभएको सोही ऐन नियमअन्तर्गत हेरिने विषय भएकोले प्रतिवादी दिपेन्द्रकुमार पैकराउपर लिइएको आरोप दाबीको सम्बन्धमा अभियोग दाबी लगाउँदा उल्लेख भएको ऐनको दफाहरू नै सम्बन्धित भई आकर्षित हुने अवस्थाको नदेखिने ।

अर्का प्रतिवादी लक्ष्मीप्रसाद मैनालीको हकमा हेर्दा प्रतिवादी दिपेन्द्रकुमार पैकराको हकमा अभियोग मागदाबीबमोजिम आरोपित कसुर स्थापित हुन नसक्ने भएपछि मतियारको अवस्था सिर्जित हुन नसक्ने भएबाट प्रतिवादी लक्ष्मीप्रसाद मैनालीलाई आरोप दाबीबमोजिम मतियार कायम गर्न मिल्नेसमेत नदेखिने ।

तसर्थ, माथि उल्लिखित भई विवेचना भएको आधार र कारणसमेतबाट दाबीबमोजिमको आरोपित कसुर प्रतिवादीहरू दिपेन्द्रकुमार पैकरा र डा. लक्ष्मीप्रसाद मैनालीबाट भए गरेको भन्ने नदेखिँदा निज प्रतिवादीहरूले आरोप दाबीबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत काठमाडौंबाट मिति २०७५।८।१७ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल आषाढ ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-०२९०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. आनन्दकुमार चौधरी*

प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको र पीडितहरू नरेशकुमार साफी, राम खेलौन कापरी, सुरेशकुमार साहलाई Classic Overseas Manpower Pvt. Ltd ले कानूनबमोजिम स्वीकृत लिई वैदेशिक रोजगारको लागि पठाएको र सम्पूर्ण प्रक्रिया पुर्‍याई कम्पनीमा सम्झौता गराई पीडितहरू रोजगारीमा गएको देखिन्छ। मलेसियाको कम्पनीमा काम गरेपछि भनेबमोजिमको काम र पारिश्रमिक नपाएको भनी पीडितहरू नेपालमा फिर्ता आएको देखिन्छ । उल्लिखित कुराहरूको सन्दर्भमा प्रस्तुत मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणको क्षेत्राधिकारभित्र नपर्ने र क्षेत्राधिकार नभएको विषयमा अधिकारको प्रयोग गरी कसुर कायम गरी सजाय गर्न नमिल्ने हुँदा अभियोगपत्र मागदाबी खारेज हुने ठहर्छ भनी मिति २०७३।०४।१८ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको पाइने ।

पीडित भनिएका व्यक्तिहरू सुरेशकुमार साह, नरेशकुमार साफी र राम खेलौन कापरीलाई मिति २०७०।१०।२३ गते श्रम स्वीकृति लिई मलेसिया स्थित MEGATRAX PLASTIC INDUSTRIES SDN.BHD कम्पनीको प्लाष्टिक कारखानामा

Factory Worker मा काम गर्नका लागि सम्झौता गरी नेपाल सरकारले तोकेबमोजिमको प्रतिव्यक्ति रू. ८०,०००/- का दरले बुझिलिई रोजगारमा पठाएको हो । यी मानिसहरूलाई विदेश रोजगारमा पठाएपछि आफूलाई अप्ठ्यारो भएको तथा फर्की आउनुपर्ने भनेर कहिल्यै जानकारी नगराएको हुँदा निज मानिसहरू विदेश रोजगारमा रहेको वा फर्की नेपाल आएको थाहा जानकारी नभएको र प्रतिवादी Classic Overseas Manpower Pvt. Ltd संस्थाको कर्मचारी नभएकोले आफ्नो संस्थाभन्दा बाहिर बसेर गरेको कागजका विषयमा जिम्मेवारी नलिने बेहोराको क्लासिक ओभरसिज मेनपावर प्रा.लि.का सञ्चालक रूद्रबहादुर खड्काले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरेको पाइयो । यसबाट पीडितहरूलाई अनुमतिप्राप्त संस्थाले वैदेशिक रोजगारीका लागि विदेश मलेसियामा पठाएकोमा सम्झौताबमोजिमको काम र पारिश्रमिक नदिएको कारण अन्यायमा परेको भन्नेसम्मको विवाद रहेको देखिन आयो। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५ मा "कुनै इजाजतपत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभागले इजाजतपत्रवालालाई एक लाख रूपैयाँ जरिवाना गर्ने छ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजतपत्रवालाबाट कामदारलाई भराइदिनुपर्ने छ" भन्ने उल्लेख भएको देखियो। प्रस्तुत विवादमा उक्त दफा ५५ को प्रावधान आकर्षित हुनेमा दफा ४३ बमोजिम अभियोगदाबी गरेको देखिन आयो। उक्त ऐनको दफा ५५ अनुसारको काम कुरालाई लिएर वैदेशिक रोजगार विभागबाट हेरिनुपर्नेमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको देखिने।

अतः क्षेत्राधिकार नै नभएको भनी अभियोग दाबी खारेज हुने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।०४।१८ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत:- ओजा लामिछाने

इति संवत् २०७६ साल फाल्गुण ७ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०४५७, जबरजस्ती करणी, नेपाल सरकार वि. राजु तामाङ*

मिसिल संलग्न तथ्यहरूलाई विश्लेषण गरी हेर्दा मिति २०६७।१२।२० गते राति पीडित सीतामाया तामाङको छाप्रोमा प्रतिवादी राजु तामाङको उपस्थिति रहेको तथ्यमा विवाद भएको देखिएन । प्रतिवादी राजु तामाङ पीडित सीतामाया तामाङ सुतेको छाप्रोमा गई पछ्यौराले सीतामायाको मुख थुनी जबरजस्ती करणी गर्न खोज्दा सीतामायाले सोको प्रतिकार गर्दा वरपर राखेको भाँडाकुँडा भुइँमा झरी आवाज आएको र सो आवाज सुनी पीडित सीतामायाको भाइ किरण तामाङ तत्कालै कोठामा पुगेको देखिन्छ । पीडितले राजु तामाङले जबरजस्ती करणी गरेको भने पनि निजको शारीरिक परीक्षण रिपोर्ट तथा परीक्षण गर्ने चिकित्सकसमेतले अदालतमा उपस्थित भई पीडितको गुप्ताङ्ग वरिपरि कुनै घाउचोट नदेखिएको, कन्या जाली नच्यातिएको भनी बकपत्र गरेको पाइयो। पीडित र प्रतिवादीको लछारपछारले कोठामा रहेको भाँडाकुँडा भुइँमा झरी आवाज सुनी पीडितको भाइ किरण तामाङ तत्काल वारदातस्थलमा आइपुगेको कारण प्रतिवादीले जबरजस्ती करणी गर्ने कार्यसम्म पूरा हुन नपाएको देखिन्छ। पीडितको Hymen intact रहेको भन्ने चिकित्सकको रायबाट पनि जबरजस्ती करणी गर्ने कार्य भएको मान्न सकिने देखिएन । कार्य नै पूर्ण गरिसकेको नभए पनि १८ वर्षकी पीडितलाई

प्रतिवादीले जबरजस्ती करणी गर्नका लागि सो कार्य पूरा हुनुपूर्वका सम्पूर्ण कार्यहरू पूरा गरिसकेको पाइयो । यस अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगसम्म गरेको ठहऱ्याई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. अनुसार तजबिजी कैद वर्ष ५ को आधा २$^1/_2$ वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिने ।

अत: विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी राजु तामाङले पीडित सीतामाया तामाङलाई जबरजस्ती करणीको उद्योगसम्म गरेको ठहऱ्याई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. अनुसार तजबिजी कैद वर्ष ५ को आधा २$^1/_2$ वर्ष कैद सजाय गर्ने गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।३।२४ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ २४ गते रोज ६ शुभम् ।

## इजलास नं.११

### १

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-१८६१, सरकारी अनुदान रकम दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. शुभनारायण यादवसमेत*

प्रस्तुत मुद्दामा, प्रतिवादीहरूमध्ये शुभनारायण यादव जनता राष्ट्रिय प्राथमिक विद्यालय, भुतहीको विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रूपमा र कमलेशकुमार यादव सोही विद्यालयको प्रधानाध्यापक पदमा रही कार्यरत रहेको पाइयो । साथै विद्यालयको खाता सञ्चालन यी प्रतिवादीद्वयको संयुक्त दस्तखतबाट सञ्चालन हुनेमा पनि विवाद नदेखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २को (घ)(१) मा "राष्ट्रसेवक" भन्नाले प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने व्यक्ति सम्झनुपर्छ र सो शब्दले राष्ट्रपति, नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष लिएको शपथबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कबुलियत वा सर्तबमोजिम वा सार्वजनिक कर्तव्य पालन गर्नको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्तिलाई जनाउँदछ भनी उल्लेख गरेको पाइन्छ । यसरी हेर्दा यी प्रतिवादीहरू राष्ट्रसेवककै हैसियतमा रहेको व्यक्ति रहे भएकोमा विवाद नदेखिने ।

प्रतिवादीहरूउपर अभियोगपत्रमा जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट निकासा भई आएको रू.३,६१,४५८।- विद्यालयको खातामा जम्मा भएको भनी दाबी लिएको देखिन्छ । तर मिसिल संलग्न शिक्षा विकास तथा समन्वय इकाई, सप्तरीको मिति २०७५।०७।११ च.नं. ९३५ को पत्रानुसार उक्त विद्यालयका नाममा आ.व.०६७/०६८ देखि ०६९/०७० सम्म तत्कालीन जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट जम्मा रू.३,४१,४५८।८९ मात्र निकासा भएको देखिन्छ । अभियोगपत्रमा पाठ्यपुस्तकमा रू.२०,२४५।- र निर्माण सामग्रीमा रू.४३,६५१।- समेत गरी जम्मा रू.६३,८९६।- मात्र खर्च भएको तथ्य स्वीकार गरी अन्य खर्चहरूको सम्बन्धमा प्रतिवादीहरूले छापसमेत नलागेको आफूखुसी फर्जी एवम् झुट्टा बिल, बिजक र भरपाई पेस गरी खर्चको औचित्य पुष्टि गर्न नसकेको र कानूनसम्मत रूपमा हरहिसाबसमेत देखाउन नसकेको भनी दाबी लिएको देखिन्छ । संयुक्त रूपमा खाता सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेका यी प्रतिवादीद्वयले सो खातामा जम्मा भएको रकम हिसाब किताब, बिल, भरपाईसमेत दुरूस्त

राख्नुपर्ने कानूनी कर्तव्य भएकोमा त्यस्तो कानूनी कर्तव्यबाट यी प्रतिवादीहरूले पूरा गरेको देखिँदैन । निजहरूले विशेष अदालतबाट मिति २०७४।१।२८ गते जारी गरेको म्याद गुजारी बसेको देखियो । साथै अदालतबाट जारी भएको म्यादमा समेत उपस्थित भई प्रतिवाद गरेको अवस्था पनि देखिँदैन । प्रतिवादीद्वयले अनुसन्धानको क्रममा बाहिरी वातावरणबाट शौचालय निर्माण, विद्यालयको छाना र ट्युबेलसमेतमा खर्च गरेको भनी बयान गरेको देखिए तापनि अनुसन्धानको क्रममा स्रोत व्यक्ति रासिन्द्रप्रसाद यादवले शौचालय निर्माण कार्य अधुरो रहेको छ भनी र सब-इन्जिनियर योगेशकुमार शाहले शौचालय निर्माण कार्य सुचारू नगरेको भनी कागज गरेको देखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा कुनै राष्ट्रसेवकले आफ्नो ओहोदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि-नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रानुसार दफा ३ बमोजिम सजाय हुने र त्यसरी हिनामिना, हानि-नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिने छ भन्ने कानूनी व्यवस्था गरेको पाइने ।

यी प्रतिवादीद्वयले आफूहरूले विद्यालयको यो यस्तो यति कार्य यो समयमा सम्पन्न गरेको र यसमा यति खर्च भएको हो भनी बिल, भरपाई एवम् हिसाब किताब पेस गरी सो कागजात सबै ठिक दुरूस्त रहेको छ भनी अदालतमा आई प्रतिवादसमेत गर्न सकेको पाइँदैन । तर बिगो रू.२,९७,५६२।- दाबी लिएको देखिए पनि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट रू.३,४१,४५८।८९ मात्र निकासा भएको र पाठ्यपुस्तक र निर्माण सामग्री गरी जम्मा रू.६३,८९६।- मात्र खर्च भएको भनी तथ्य स्वीकार गरेको र अन्य खर्चको सम्बन्धमा बिल भरपाई पेस गरी औचित्यता पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीहरूले एक आपसमा मिली बिगो रू.२,७७,५६२।८९ हिनामिना एवम् हानि-नोक्सानी गरी खाई मासेको अवस्था देखिएबाट प्रतिवादीउपर लगाएको आरोप मनासिब नै देखियो । मिति २०७३।४।२४ मा बिगोमध्ये रू.१,०१,०००।- प्रतिवादीबाट दाखिला भएको देखिँदा बिगो रू.१,७६,५६२।८९ वादी नेपाल सरकारले निज प्रतिवादीद्वयबाट दामासाहीले भरी पाउने ठहऱ्याएको निर्णयलाई अन्यथा मान्नुपर्ने नदेखिने ।

तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणबाट शिक्षा विकास तथा समन्वय, इकाई, सप्तरीको मिति २०७५।०७।११ च.नं. ९३५ को पत्रानुसार निकासा भएको जम्मा रकम रू.३,४१,४५८।८९ मध्ये रू.६३,८९६।- खर्च गरेको रकम घटाई हुन आउने रूपैयाँ रू.२,७७,५६२।८९ निज प्रतिवादीहरूले हिनामिना हानि-नोक्सानी गरी खाई मासी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीद्वयलाई सोही ऐनको दफा १७,३(१) र ३(१)(घ) बमोजिम जनही ९(नौ) महिना कैद र बिगोअनुरूप रू.२,७७,५६२।८९ जरिवानासमेत हुने ठहेकोमा मिति २०७३।०४।२४ मा सो बिगोमध्ये रू.१,०१,०००।- प्रतिवादीबाट दाखिला भएको देखिँदा बाँकी बिगो रू.१,७६,५६२।८९ वादी नेपाल सरकारले निज प्रतिवादीद्वयबाट दामासाहीले भरी पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७५/९/०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- शारदादेवी पौडेल

कम्प्युटर :- मञ्जु खड्का

इति संवत् २०७६ साल मङ्सिर ३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७३-CI-०४२६, उत्प्रेषण / परमादेश, *ईन्द्रदेव यादव वि. रामवृक्ष मुखिया*

निवेदक मागबमोजिम सत्य तथ्य यथार्थ कुरा बुझी सिफारिस दिनुपर्ने कानूनी कर्तव्य विपक्षी कार्यालयको रहेकोमा विवाद देखिँदैन । विपक्षी कार्यालयले सत्य तथ्य बुझी सिफारिस उपलब्ध गराउनु भन्ने आदेश बदर गराउनु भन्ने माग दाबी गरेको देखिन्छ। कुनै पनि सिफारिस दिनुभन्दा अगाडि सम्बन्धित कार्यालयले सत्य तथ्य बुझी समयमा उक्त कार्य हुने नहुने जानकारी सम्बन्धित पक्षलाई दिनुपर्छ। यस्तो सत्य तथ्य बुझ्ने कर्तव्य सम्बन्धित कार्यालयलाई रहेको हुन्छ । विपक्षीको लिखित जवाफबाट पनि मागबमोजिमको सिफारिस गर्न सत्य तथ्य बुझ्न आदेश भएको भन्ने उल्लेख गरेको पाइन्छ । यस्तो कार्य कानूनबमोजिम नै देखियो । तर निवेदनमा सिफारिस माग गरेपछि कुनै कुरा बुझ्दै नबुझी आँखा चिम्लेर सिफारिस लेख्नुपर्छ भन्न मिल्दैन। साथै कामको प्रकृतिअनुसार सत्य तथ्य बुझी उक्त कार्य हुने नहुने भनी समयमा नै सही निकासा दिने कर्तव्य पुनरावेदक विपक्षीको नै देखियो। यसबाट पुनरावेदकले पन्छिन मिल्ने हुँदैन। जनतालाई समयमा छिटो छरितो सेवा प्रदान गर्ने दायित्व सार्वजनिक निकायको हुने र उचित र पर्याप्त कारण भएकोमा बाहेक समयमा काम गर्नबाट सार्वजनिक निकाय पन्छिन पनि मिल्ने देखिँदैन। तसर्थः यस्तो अवस्थामा पुनरावेदक विपक्षी कार्यालयमा निवेदकले सिफारिसका लागि निवेदन पेस गरिसकेपछि जो जे बुझी मागबमोजिमको सिफारिस निवेदकलाई उपलब्ध गराउनुपर्ने।

उल्लिखित आधार कारणबाट निवेदकको मागबमोजिमको उत्प्रेषणको आदेश जारी गरी रहनुपर्ने अवस्था देखिएन । निवेदकको मागबमोजिमको सिफारिस कानूनबमोजिम गरी निवेदकलाई यथाशीघ्र उपलब्ध गराउनु र कुनै कारणबाट त्यस्तो सिफारिस दिन नमिल्ने भए सोही कुराको जानकारी यथाशीघ्र निवेदकलाई गराउनु भनी विपक्षी सिराहा नगरपालिकाको कार्यालयको नाउँमा परमादेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।२३ गते भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- शारदादेवी पौडेल

कम्प्युटर : शान्ति तामाङ

इति संवत् २०७६ साल पौष २७ गते रोज १ शुभम्।

## इजलास नं.१२

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-११३५, ०७५-CR-११७८, कर्तव्य ज्यान, हिराबहादुर श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. हिराबहादुर श्रेष्ठ

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको देखिँदैन। मृतकले रक्सी खाई हो-हल्ला गरेको र सम्झाउन जाँदा मृतकले कठालो समातेकोले धकेलाधकेल हुँदा लडी घाइते भएपश्चात् उपचारको क्रममा निजको मृत्यु हुन गएको भन्ने प्रतिवादी पुनरावेदकको बयान रहेको छ । मृतक र प्रतिवादीबिच पुरानो रिसइवी तथा झै-झगडा भएको वा मार्नुपर्ने प्रकृतिको कुनै कारण भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदैन। वादी दाबीमा चिर्पट प्रहार गरी ज्यान लिएको भनी जिकिर लिए तापनि उक्त चिर्पट बरामद भएको देखिँदैन । जाहेरवाला स्वयम्ले तथा मृतककी पत्नीसमेतले अदालतमा गरेको बकपत्रमा चिर्पटले हिर्काएको भन्ने आरोपलाई समर्थन गरेको अवस्था छैन। निजको बकपत्रमा समेत मृतकले रक्सी खाई हो-हल्ला गर्दा प्रतिवादी आई कठालो समाई घचेट्दा लड्न पुगी सिमेन्टको पेटीमा ठोक्किएको भनी

उल्लेख गरेको अवस्थामा यी प्रतिवादी पुनरावेदकले व्यक्ति मर्नेसम्मको प्रकृतिबाट प्रहार गरेको कारण मृत्यु भएको भनी भन्न सकिने अवस्था देखिँदैन। यी मृतक रक्सीको सेवनबाट होसहवासमा आफूलाई सन्तुलित राख्ने अवस्थामा नरहेको मृतककी पत्नीको बकपत्रबाट देखिन्छ। यस अवस्थामा यी प्रतिवादी पुनरावेदकले घटनास्थलमा देखाएको व्यवहारबाट मानिस मर्न सक्ने अनुमान गर्न सकिन्थ्यो वा सकिँदैन थियो भन्नेतर्फ विचार गर्नुपर्ने।

अङ्कित ढकाल विरूद्ध कृष्णप्रसाद पराजुलीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा ***"अनिच्छित वा अन्जानमा भएको कार्यमा कर्तालाई कम जिम्मेवार तुल्याउनको लागि मुलुकी ऐन, ज्यानसम्बन्धीको ५, ६ नं. मा त्यस्तो कार्यलाई भवितव्यको संज्ञा दिएको देखिन्छ। प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठुलो दण्ड गरिनु न्यायसम्मत नहुने"*** (ने.का.प.२०७६, अङ्क ४, नि.नं.१०२४८) भनी र पूर्णबहादुर खत्रीको जाहेरीले नेपाल सरकार विरूद्ध दिपक खत्री भएको आवेशप्रेरित हत्या कर्तव्य ज्यान मुद्दामा ***"फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) हुनै पर्दछ। आपराधिक कार्यमा आपराधिक मनसाय (Mens rea) को कुन प्रकृतिको विद्यमानता रहेको छ भन्ने कुरा सजाय निर्धारणमा महत्त्वपूर्ण हुन्छ। मानसिक तत्त्वको स्वरूपको आधारमा नै अपराधको गाम्भीर्य मापन गरी दायित्व वहन गराउने गरिन्छ। अनिच्छित तथा अन्जानमा भएको कामको लागि गम्भीर कसुर मानी दण्डित गरिनु न्याय र कानूनका मान्य सिद्धान्तको विपरीत हुने। मानसिक शक्तिको प्रयोग गरेर गरेको कामको लागि कर्ता जिम्मेवार हुन्छ तर अन्जानमा वा अनिच्छित रूपमा गरिएको कामको लागि कर्तालाई कम जिम्मेवार तुल्याउने कानूनी व्यवस्था मुलुकी ऐनको ज्यानसम्बन्धी महलको ५ र ६ नं. मा रहेको छ। कर्ताको नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा आकस्मिक रूपमा घटना घट्न गएको अवस्थामा भवितव्य हुने"*** (ने.का.प.२०७५, अङ्क १०, नि.नं.१०१२१) भनी सिद्धान्त प्रतिपादन भएको देखिने।

*मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.को व्यवस्थालाई हेर्दा* ***"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेको एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसैगरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं.मा ***"ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष ख्वाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत वारदातमा मादक पदार्थ सेवनबाट आफ्नो सन्तुलन कायम राख्न असमर्थ यी मृतक सामान्य भनाभनबाट झगडा सुरू भई धकेल्दा लड्न गई ढलानको पेटीमा टाउको ठोक्किएको कारण उपचारको क्रममा मृतकको

मृत्यु भएको घटनालाई कर्तव्यबाट मृत्यु भएको अवस्थामा मानिस मर्ने प्रकृतिको आवेशबाट वारदात हुन गएको विश्वास गर्न मिलेन। एकपटक घचेट्नुबाहेक यी प्रतिवादीले मृतकलाई बारम्बार प्रहार गरेको देखिँदैन । यसरी सामान्य भनाभनको अवस्थामा धक्का दिँदा मादक पदार्थ खाई होस ठेगानामा नरहेको व्यक्ति आफ्नो सन्तुलन कायम राख्न नसकी लड्न गई सिमेन्टमा ठोक्किन गई उपचारको क्रममा मृतकको मृत्यु हुन गएकोमा उक्त वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६(४) नं. अन्तर्गतको पर्न आउने देखिन्छ । उक्त कानूनी व्यवस्थालाई हेर्दा ***"कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ"*** भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत वारदातमा प्रतिवादीको मृतकलाई मार्ने नियत नभएको, सामान्य कुटपिट हुँदा भवितव्य परी मरेको देखिँदा पुनरावेदक प्रतिवादीलाई दुई वर्ष मात्र सजाय हुने देखिन्छ । तसर्थ, प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुरको फैसला उल्टी गरी प्रतिवादीलाई ऐ. १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भनी लिएको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा अभियोग दाबीबाट पूर्ण रूपमा सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उच्च अदालत जनकपुरको मिति २०७४।३।२१ को फैसला केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६(४) नं. बमोजिम २(दुई) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सीता अधिकारी

इति संवत् २०७६ साल पौष २८ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-WH-०२२३, बन्दीप्रत्यक्षीकरण, विजय शर्मा भन्ने विजयराज शर्मा वि. कारागार कार्यालय डिल्लीबजारसमेत*

प्रतिवादी विजयराज शर्मालाई मुलुकी ऐन, खोटा चलनको महलको ८ नं. बमोजिम २ वर्ष र सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) ले थप १ वर्ष कैद गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको र जरिवानाको हकमा काठमाडौं जिल्ला अदालतको फैसलाले ठहर गरेको रू. ११ लाख २० हजार जरिवानाको हकमा केही उल्टी भई रू.१६ लाख ८० हजार जरिवाना हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०७५।२।१४ मा फैसला भएको देखियो। निज निवेदक उक्त खोटा चलन तथा सङ्गठित अपराध मुद्दामा अनुसन्धानको क्रममा मिति २०७३।१।२९ देखि थुनामा रहेको देखियो । मिति २०७४।४।३१ को कैद म्याद ठेक्ने काठमाडौं जिल्ला अदालतको पत्रबाट प्रतिवादीलाई लागेको जरिवाना दाखिल नगरे सोबापत मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं. समेतका आधारमा ४ वर्ष कैद हुने र जरिवानाबापत कैद गर्नुपर्दा २०७६।१।२९ देखि २०८०।१।२८ सम्मको लागि कैद ठेकिएको देखिन आयो। सो हुँदा निज निवेदकलाई अदालतको फैसलाबमोजिम ठहर भएको ३ वर्ष कैद मिति २०७६।१।२८ मा भुक्तान भइसकेको देखियो। उक्त मुद्दामा निजलाई लागेको जरिवाना नबुझाएको हुँदा हाल जरिवानाबापत कैदमा बसेको अवस्था देखिने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(१) ले मुलुकी ऐनलाई खारेज गरेको देखिन्छ । ऐ. दफा ३९(२) अनुसार उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुने छ भनी ऐ.को देहाय (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय

गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । मुलुकी ऐनलाई खारेज गरेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २५७ अनुसार खोटा मुद्रा चलन गर्न नहुनेमा त्यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैदका अतिरिक्त रू. ७० हजारसम्म तथा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम प्रचलित कानूनबमोजिम हुने सजायको अतिरिक्त थप ५० प्रतिशत जारिवाना हुने देखिन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको देखिने ।

मुलुकी ऐन खारेज गरी मुलुकी अपराध संहिता, २०७४ लागु गर्दा विधायिकाले खोटा चलन कसुरमा पहिले बढी सजायको व्यवस्था भएकोलाई संशोधन गरी पछि कम सजाय गरेको अवस्था देखियो । यसरी विधायिकाले नै बढी सजायलाई कम सजाय हुने गरी ऐन कानूनमा व्यवस्था गरेपछि अदालतले पनि न्यायको रोहमा सोलाई विचार गरी निर्णय गर्नु न्यायसङ्गत हुने देखिन्छ । "पहिले बढी सजाय भएको कानूनलाई पछि कम सजाय हुने घोषणा संशोधित ऐनद्वारा गरेको अवस्थामा विधायिकाको मनसाय बढी सजाय गर्ने नभई कम सजाय गर्नेतर्फ रहेको संशोधनबाट स्पष्ट देखिने" भनी ने.का.प. २०७४, अङ्क १२, निर्णय नं. ९९०५ तथा ०७६-WH-०१८४ आदेश मिति २०७६।९।१४ मा व्याख्या भएको देखिन्छ । जसबाट यी निवेदकलाई अघिल्लो मुलुकी ऐनबमोजिम अदालतबाट खोटा चलन तथा सङ्गठित अपराधको सजायमा रू. १६,८०,०००।- जरिवाना तोकिएकोमा पछिल्लो ऐन अपराध संहिता, २०७४ ले खोटा चलन मुद्दामा ७०,०००।- सम्म जरिवाना र सङ्गठित अपराधमा अतिरिक्त ५० प्रतिशत थप सजाय हुन सक्ने गरी मुलुकी ऐनले भन्दा मुलुकी अपराध संहिता, २०७४ ले कम सजाय निर्धारण गरेको अवस्था हुँदा यी निवेदकलाई लागेको कैदको हकमा काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसलाले तोकेबमोजिम र जरिवानाको हकमा मुलुकी अपराध संहिता, २०७४ र सङ्गठित अपराध निवारण ऐन, २०७० ले तोकेबमोजिम जरिवाना हुन सक्ने अवस्था देखिने ।

अब यी निवेदक गैरकानूनी रूपमा थुनामा रहेका छन् छैनन् भन्ने सन्दर्भमा हेर्दा मुलुकी ऐन खारेज भई आएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम एक दिनको रू. ३००।- का दरले जरिवानाबापत कैद कट्टा हुने अवस्थाअनुसार हिसाब गर्दा रू.७०,०००।- र अतिरिक्त थप ५० प्रतिशतले हुने ३५,०००।- समेत जम्मा १,०५,०००।- को जरिवानाबापत ३५० दिन कैदमा बस्नुपर्ने देखिन आउँछ । मिसिल संलग्न कागजातहरूबाट यी रिट निवेदक मिति २०७६।१।२९ देखि जरिवानाबापत कैदमा बसेको भन्ने देखिन आयो । उल्लिखित व्यवस्थाबमोजिम रिट निवेदकले जरिवानाबापत पनि कैद भुक्तान गरिसकेको अवस्था देखिने ।

तसर्थ, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने देखिएन । यी रिट निवेदकलाई अदालतको फैसलाअनुसार उल्लिखित

खोटा चलन तथा सङ्गठित अपराध र ठगी मुद्दामा लागेको कैद तथा जरिवाना असुल भइसकेको देखिँदा निजलाई कैदमा राखिरहनु गैरकानूनी देखियो। निजलाई अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नुपर्ने नदेखिए तत्काल कैदमुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः- गेहेन्द्रराज रेग्मी

इति संवत् २०७७ साल जेष्ठ २८ गते रोज ४ शुभम्।

## इजलास नं.१३

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-WO-००१४, उत्प्रेषण, महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योग वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जिल्ला वन कार्यालय, कपिलवस्तुबाट मिति २०६८।७।३० मा सिफारिस पाई घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा मिति २०६८।८।१ मा दर्ता गरी स्थापना भई सञ्चालनमा रहेको महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योगले मिति २०५४।७।२६ मा नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय (मन्त्रीस्तर) को निर्णयले तोकेको मापदण्ड पालना नगरी स्थापना र सञ्चालनमा रहेको भन्ने सम्बन्धमा आयोगमा उजुरी परी छानबिन गर्दा उक्त वन क्षेत्रबाट ५०० मिटरभित्र नै रहेको देखिन गयो। उक्त उद्योगले स्थापनाका लागि सिफारिस लिँदा उद्योग स्थापना गरी सञ्चालन गर्ने स्थान र वन क्षेत्रको दुरीसमेत नखुलाई लिएको तथा जिल्ला वन कार्यालय कपिलवस्तुले पनि उक्त कुरालाई विचार नगरी सिफारिस दिएको देखिँदा जिल्ला वन कार्यालय कपिलवस्तुको उक्त सिफारिस दिने निर्णयलाई व्यावहारिक निर्णय मान्न मिलेन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (क) को कुनै कानून, निर्णय, आदेश वा कारबाही अव्यावहारिक, अवाञ्छनीय वा असङ्गत भएकोले त्यसमा संशोधन हुनुपर्ने भन्ने आयोगलाई लागेमा कारणसहित संशोधनको सुझाव दिन सक्ने व्यवस्थाअनुसार आयोगले नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय (मा.मन्त्रीस्तर) बाट भएको निर्णयको मापदण्ड उक्त उद्योगले पालना नगरी स्थापना भई सञ्चालनमा रहेको कारण जिल्ला वन कार्यालय, कपिलवस्तुले उक्त उद्योगलाई अनुमति दिई स्थापना र सञ्चालन गर्न दिने निर्णयमा संशोधन गरी महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योगले जिल्ला वन कार्यालय कपिलवस्तुबाट प्राप्त अनुमति रद्द गरी विवादित उद्योग बन्द गर्नु भनी वन तथा भू-संरक्षण मन्त्रालयलाई दिएको सुझावलाई आयोगको अधिकारक्षेत्र बाहिरको कुरा भनी व्याख्या गर्न मिल्दैन। यसरी संविधान र कानूनले दिएको अधिकार प्रयोग गरी संवैधानिक निकायले विधि र प्रक्रिया पुर्‍याई दिएको निर्देशनलाई अन्यथा भन्न नमिल्ने।

निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नमा विचार गर्दा, प्रत्येक सरकारले तत्कालीन अवस्था र आवश्यकतालाई विचार गरी आफ्ना दृष्टिकोणअनुसार हरेक नीतिगत निर्णयहरू लिने गर्छ। विगतमा कुनै सरकारको मन्त्रिपरिषद्ले आफ्ना दृष्टिकोणअनुसार तत्कालीन आवश्यकतालाई हेरी गरेको नीतिगत निर्णय अर्को समान हैसियत भएको सरकारको मन्त्रिपरिषद्ले निर्णय परिवर्तन हुनु स्वाभाविक प्रक्रिया हो। यहाँ वन पैदावरमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (मन्त्रिस्तर) ले मिति २०५४।७।२६ मा तोकेको मापदण्डलाई परिवर्तन गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७१।५।१६ मा वन पैदावरमा आधारित उद्योग स्थानीय वन उपभोक्ता समूह र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्दा तराई तथा

भित्री मधेसमा १ कि.मि.भन्दा बाहिर हुनुपर्ने तर सो मापदण्ड काठमाडौं उपत्यका, जिल्ला सदरमुकाम र नगरपालिका क्षेत्रमा वन पैदावरमा आधारित उद्योग दर्तामा लागु नहुने गरी मापदण्ड परिवर्तनको निर्णय गरी मिति २०७१।६।६ को राजपत्रमा प्रकाशित गरिसकेको छ । त्यस्तै रिट निवेदक महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योग स्थापना गरी सञ्चालन गर्ने साझेदारहरू वसन्तपुर सामुदायिक वन उपभोक्ता समिति, जयवनशक्ति सामुदायिक वन उपभोक्ता समिति र जुरपानी सामुदायिक वन उपभोक्ता समिति रहेको महेन्द्रकोट-२, महेन्द्रकोट-३ र महेन्द्रकोट-५ राज्यले नयाँ नगरपालिका घोषणा गर्ने क्रममा महेन्द्रकोट गा.वि.स. वडा नं. १ र २ बुद्धबाटिका नगरपालिकाको वडा नं.-१२, महेन्द्रकोट गा.वि.स.-३ र ४ बुद्धबाटिका नगरपालिकाको वडा नं. १३ र महेन्द्रकोट गा.वि.स. वडा नं.-५ र ९ बुद्धबाटिका नगरपालिकाको वडा नं. १४ कायम हुने गरी मिति २०७१।०९।२८ मा राजपत्रको खण्ड ६४ संख्या ३४ मा प्रकाशित गरिसकेको र हाल बुद्धबाटिका नगरपालिका पनि बुद्धभूमि नगरपालिकामा गाभिसकेको अवस्था रहेको देखिने ।

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७१।५।१६ मा वन पैदावरमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने मापदण्डमा गरेको परिवर्तन तथा हाल रिट निवेदकको उद्योग रहेको महेन्द्रकोट गा.वि.स. बुद्धबाटिका नगरपालिका हुँदै बुद्धभूमि नगरपालिकामा रूपान्तरण भएपश्चात् रिट निवेदकको उद्योग राज्यले तोकेको मापदण्डभित्र पर्न गएको छ । तसर्थ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७१।०२।०८ मा नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (मन्त्रिस्तर) ले मिति २०५४।७।२६ मा तोकेको मापदण्डको आधारमा सञ्चालित नभएको महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योगको अनुमति रद्द गरी बन्द गर्ने निर्णय गरी दिएको सुझाव तत्कालीन अवस्थामा कानूनसम्मत रहे तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७१।५।१६ मा वन पैदावरमा आधारित उद्योग सञ्चालन गर्ने सम्बन्धमा नयाँ मापदण्ड जारी गरेको र उक्त उद्योग सञ्चालनमा रहेको स्थान पनि नगरपालिकामा परिवर्तन भइसकेको कारण आयोगको उक्त सुझाव स्वतः शून्य र निष्प्रभावी हुने देखिने ।

अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल सरकार राज्यमन्त्रीस्तरले तोकेको मापदण्डको आधारमा गरेको निर्णय तत्कालीन अवस्थामा विधिसम्मत नै भए पनि नेपाल सरकार मन्त्रिपरिषद्ले वन पैदावरमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने नयाँ मापदण्ड तोकिसकेको र रिट निवेदकको उद्योग रहेको स्थान नगरपालिका भइसकेकोले रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको महेन्द्रकोट काष्ठ तथा फर्निचर उद्योगको अनुमति रद्द गरी बन्द गर्ने निर्णय स्वतः निष्क्रिय भइसकेको अवस्थामा वन तथा भू-संरक्षण मन्त्रालयलाई दिएको सुझाव बदर गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मिलनचन्द्र महत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल मङ्सिर ३ गते रोज ३ शुभम् ।

**२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-WO-०३१०, उत्प्रेषण, रामप्रसाद मेहता वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत*

सामान्यतया प्रत्येक सङ्गठनमा बढी अवधि सेवा गर्ने कर्मचारीलाई सङ्गठनबाट प्राप्त हुने सेवा सुविधामा पनि पहिलो अवसर दिने गरिन्छ । यसले सङ्गठनमा समानता तथा उत्प्रेरणा कायम गर्न मद्दत गरेको हुन्छ । सङ्गठनले ज्येष्ठतालाई विचार नगरी कर्मचारीको सरूवा, बढुवा तथा अन्य कार्य गर्ने हो भने

सङ्गठनभित्र विभिन्न किसिमका समस्या सिर्जना भई सङ्गठनले आफ्नो उद्देश्यअनुसारको सेवा प्रवाह गर्न सक्दैन । तसर्थ, हरेक सङ्गठनले आफ्नो कर्मचारी प्रशासनको सञ्चालनमा ज्येष्ठतालाई महत्त्वपूर्ण आधारको रूपमा लिने गर्दछन् । यिनै कुरालाई विचार गरी कर्मचारी समायोजन ऐनले कर्मचारी समायोजन गर्दा ज्येष्ठतालाई मुख्य आधार मानेको ।

प्रस्तुत निवेदनमा निवेदकले कर्मचारी समायोजन ऐन, २०७५ मा उल्लिखित ज्येष्ठताको आधारलाई विचार नगरी समायोजन गरिएको र उक्त समायोजनको कार्य संशोधन गरी पाउनका लागि पटकपटक निवेदन दिँदासमेत सुनुवाइ नभएको कुरालाई मूलरूपमा उठाएको देखिन्छ । नेपाल कृषि सेवा लाइभस्टक समूह पोल्ट्री एन्ड डेरी डेभलपमेन्ट उपसमूह, रा.प.अनं प्रथम श्रेणीका कर्मचारीहरूको राष्ट्रिय किताबखानामा प्रविष्ट भएबमोजिमको ज्येष्ठताक्रमको सूचीमा निवेदकको ज्येष्ठता नं. १२० मा रहेकोमा निजभन्दा कनिष्ठ ज्येष्ठता नं. भएका अन्य केही कर्मचारीहरूको सङ्घमा नै समायोजन गरिएको अवस्थामा निजको के कुन आधारमा निवेदकको मागबमोजिम सङ्घमा समायोजन नगरी प्रदेशमा समायोजन गरिएको भनी विपक्षीहरूले वस्तुनिष्ठ आधार र कारण खुलाउन सकेको देखिँदैन । यसरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(१) मा सङ्घको पदमा समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको ज्येष्ठता र उमेरको ज्येष्ठतालाई आधार मानिने छ भन्ने व्यवस्था हुँदाहुँदै उक्त व्यवस्थाबमोजिम नगरी गरिएको समायोजनको कार्यलाई कानूनसम्मत मान्न नसकिने ।

विपक्षीले गुनासो सुनुवाइ हुन नसक्नुको कारणमा प्रदेश र स्थानीय तहमा कर्मचारी संख्यामा कम हुन गई दैनिक कार्यमा बाधा परिरहेको अवस्थामा सङ्घबाट प्रदेश र स्थानीय तहमा समायोजन हुन चाहने कर्मचारीलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्न सकिने तर स्थानीय तह र प्रदेशबाट सङ्घमा सरूवा वा समायोजन गर्ने कानूनी व्यवस्थाको अभाव हुनुका साथै नीतिगत निर्णयसमेत नभएकोले तथा सङ्घमा दरबन्दी सङ्ख्यासमेत अपुग भएकाले निजलाई सङ्घमा समायोजन गर्न नसकिएको भन्ने लिखित जवाफमा उल्लेख गरिएको छ । लिखित जवाफमा उल्लेख भएजस्तो निवेदक पूर्ववत् प्रदेश वा स्थानीय तहमा कार्यरत रहेर हाल सङ्घमा समायोजन हुन चाहेको नभई सङ्घमा नै कार्यरत रहेकोमा समायोजनमा कर्मचारी समायोजन ऐन, २०७५ को समायोजनको आधारअनुरूप समायोजन नभएको भनी समायोजन संशोधन गर्न निवेदन दिएको देखिँदा कानून अभावले प्रदेशबाट सङ्घमा समायोजन संशोधन गर्न सम्भव नभएको भन्ने तथा गुनासो सुनुवाइपश्चात् सङ्घमा समायोजन भएका ११ जना कर्मचारीको स्थानीय तहमा समायोजन भइसकेको अवस्थामा दरबन्दी सङ्ख्या अपुग रहेको भन्ने विपक्षीको दुवै तर्कसँग सहमत हुन सक्ने अवस्था नदेखिने ।

अतः उल्लिखित आधार र कारणबाट कर्मचारी समायोजन ऐन, २०७५ दफा ८ (१) र (२) मा भएका समायोजन गर्दा अपनाउनुपर्ने भनी तोकिएका आधारहरूलाई विचार नगरी निवेदकको समायोजन भएको देखिँदा तथा गुनासो सुनुवाइ गर्न नसक्नुको कारणसमेत कानूनसम्मत तर्कद्वारा पुष्टि गर्न सकेको नदेखिँदा निवेदकका हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१९ र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७६।०२।०१ को समायोजन गर्ने निर्णय तथा सो निर्णयानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७६।०२।१ मा प्राप्त पत्र र हालसम्म भएका सम्पूर्ण कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ (१) (२) बमोजिम समायोजनका आधारहरूलाई विचार गरी निवेदकले भरेको समायोजन फाराममा

उल्लेख गरेका प्राथमिकताअनुसार गर्न मिल्ने नमिल्ने विधिसम्मत आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः मिलनचन्द्र महत

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-WO-०३७७, उत्प्रेषण / परमादेश, विद्याप्रसाद यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत निवेदनमा निवेदकले कर्मचारी समायोजन ऐन, २०७५ मा उल्लिखित कार्यरत पदको ज्येष्ठता, हाल बसोबास गरिरहेको ठेगाना, नागरिकताको ठेगानालगायतका आधारलाई विचार नगरी समायोजन गरिएको साथै पदनामसमेत परिवर्तन गरी समायोजन गरिएकोले उक्त समायोजनको कार्य संशोधन गरिपाउनका लागि पटकपटक निवेदन दिँदासमेत सुनुवाइ नभएको कुरालाई मूलरूपमा उठाएको देखिन्छ। निवेदकहरूले समायोजनका लागि निवेदन माग हुँदाका बखत निवेदकहरूको स्थायी बसोबास तथा हाल कार्यरतसमेत सर्लाही जिल्ला नै भएकाले प्राथमिकता क्रममा सर्लाही जिल्लाका स्थानीय निकायहरूलाई नै अगाडि राखी निवेदन दिएकोमा कुनै निश्चित आधार र कारण नखुलाई निजहरूको अन्य जिल्ला समायोजन गरिनुलाई कर्मचारी समायोजन ऐन, २०७५ मा उल्लेख भएका समायोजन प्रक्रियामा अपनाउनुपर्ने आधारको पालन भएको हो भन्न मिल्ने देखिएन। कानूनी राज्यमा सबै नागरिकको हक अधिकार र त्यसको हनन भएमा प्राप्त हुने उपचार सबैलाई समान हुन्छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समायोजन विवरण सच्याउनेसम्बन्धी सूचनाबमोजिम समान प्रकृतिका अन्य धेरै गुनासोहरू सम्बोधन भएको सन्दर्भमा निवेदकहरूले गुनासो सुनुवाइको लागि पटकपटक निवेदन दिँदासमेत सुनुवाइ हुन नसक्नुको प्रस्ट कारण नदेखाई गुनासोको सुनुवाइ नगरिनुलाई विधिसम्मत कार्य मान्न नमिल्ने।

अतः उल्लिखित आधार र कारणबाट कर्मचारी समायोजन ऐन, २०७५ दफा ८ (१) र (२) मा भएका समायोजन गर्दा अपनाउनुपर्ने भनी तोकिएका आधारहरूलाई विचार नगरी निवेदकहरूको समायोजन भएको देखिँदा निवेदकहरू दुवैको हकमा उल्लिखित मिति २०७६।०६।०७ को समायोजनको निर्णयलगायतका पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ (१) (२) बमोजिम समायोजनका आधारहरूलाई विचार गरी निवेदकहरूले भरेको समायोजन फाराममा उल्लेख गरेका प्राथमिकताअनुसार गर्न मिल्ने नमिल्ने आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः मिलनचन्द्र महत

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

## इजलास नं.१४

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१८९५, *लागु औषध, नेपाल सरकार वि. आशिष चौधरी*

प्रतिवादी आशिष चौधरीले हुलहुज्जत अवरोध गरेको, त्यसप्रकारको गिरोह, हातहतियारको प्रयोग वा ओसार पसार, निकासी पैठारीको शंकास्पद वस्तु परिवेश प्रतित हुन आएको देखिँदैन। त्यस्तै, यी प्रतिवादीले यस पहिले लागुऔषधको कारोबार,

ओसारपसार गर्ने गरेको, कतै बेचबिखन गरेको र अन्य तरिकाले लागुऔषधको ओसारपसार र कारोबारको मतलबमा रहे पसेको भन्ने देखिन आउँदैन। **दुर्व्यसनमा रहेका प्रतिवादी आशिष चौधरीले लागु औषध खरिद गरेको रकम उनले आफ्नै मोबाइल बेचेर जोहो गरेको भन्ने देखिँदासमेत उनले कारोबारका लागि कोही कसैसँग रकम लिए उठाएको वा पहिले सुक्रीबिक्री गरी जुटाएको भन्ने पनि देखिन आएन ।** तसर्थ, आफूले सेवन गर्नको लागि आफ्नै खर्च र यत्नबाट खरिद गरी बोकेको लागु औषधलाई कारोबार गर्नका लागि बोकेको राखेको हो भन्ने कुरा शंकारहित तरिकाले प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादीले लागु औषधको दुर्व्यसनबाहेकको अन्य कसुर अपराध गरेको होला भनी मान्ने अवस्था नरहने।

पुनरावेदकले आफ्नो पुनरावेदन जिकिरमा सन्दर्भ लिएको ने.का.प. २०६९, अङ्क ११, नि.नं. ८९२३ को नजिरमा भएको मुद्दाको तथ्य र यस मुद्दामा भएको तथ्य हुबहु मेल खाने खालको छैन। सो नजिरमा उल्लिखित मुद्दामा प्रतिवादी रहेका जीतबहादुर खत्रीले लागु औषधको कारोबार गर्छन् भन्ने सूचनाको आधारमा सार्वजनिक स्थलमा बिक्रीकै लागि ग्राहक कुरी बसिरहेको अवस्थामा प्रहरीले सर्च गर्दा निजको शरीरबाट प्रतिबन्धित लागु औषध बरामद गरेको अवस्था छ । सो मुद्दाका प्रतिवादीले प्रहरीमा बयान गर्दा मूल्यसमेत खुलाई यहाँ यतिमा बिक्री गर्छु भनेका र पछि अदालतमा बयान गर्दा आफ्नो शरीरबाट लागु औषध बरामद नै नभएको पूर्ण रूपमा इन्कारी रहेको अवस्था हुँदा बरामद भएका भौतिक सबुद (लागु औषध) को अस्तित्वलाई अन्यथा भन्न सकेको देखिँदैन । तर यस मुद्दाको परिस्थिति हेर्दा प्रतिवादी आशिषले लागु औषधको कारोबार गर्ने गरेको भन्ने सूचना र सोलाई समर्थन गर्ने पूरक तथ्य स्थापित हुन सकेको अवस्था देखिन आउँदैन । शंकाको भरमा खानतलासी गर्दा फेला परेको र प्रतिवादीले आफ्नो शरीरबाट लागु औषध बरामद भएको कुरामा साबित रही सो बोक्नुपर्ने प्रयोजनसमेत आफ्नो सेवनका लागि हो भनी खुलाई आफू लागु औषधको दुर्व्यसनी भएको कसुर स्वीकार गरी बसेका छन् । साथै निजले उल्लिखित मात्रामा लागु औषध खरिद गर्नुपर्नाको कारणसमेत पटकपटक आवतजावतको झन्झट र खर्च जोगाउनु हो भनी खरिद गर्ने स्रोत पनि मोबाइल बिक्री गरी जुटाएको भन्ने कुरा व्यक्त गरेको हुँदा सो कुरालाई अन्यथा भन्नुपर्ने अवस्था देखिँदैन । **समाजमा घटित हुने प्रत्येक अपराध र अपराधजन्य कार्य तत्कालीन वस्तु परिवेश, कसुरदारको उमेर र मनोदशा, ऊ हुर्के बाँचेको परिवेश, तत्कालीन इच्छा, साथसङ्गत र व्यक्तिको सामाजिकीकरण जस्ता तत्त्वहरू (Variables) ले विशिष्ट रूपमा प्रभावित भइरहने हुन्छ भन्ने कुरालाई हेक्का राखी अदालतले निर्णय गर्दा नै वास्तविक न्याय पर्छ भन्ने इजलासको ठम्याई छ । सेवनको लागि र बिक्री वितरणको लागि राखेको लागु औषधको परिमाण, तत्कालीन समय र परिस्थितिसँग सापेक्षतामा रहने विषय हो ।** लागु औषधको खुला खरिद बिक्री कानूनबमोजिम नै प्रतिबन्धित छ । यस्तो **प्रतिबन्धित लागु औषध स्थानीय बजारमा उपलब्ध हुँदासम्म पटके रूपमा एकदुई डोज खरिद गरी सेवन गर्नेसम्मको कुरा मनासिबै होला तर नियमित सेवन गर्ने मानिसले नारायणघाटबाट भारतसम्म पुगी खरिद गर्दाको अवस्थामा एक दुई डोज मात्र खरिद गरी ल्याउने भन्ने कुरामा मजबुत तर्क छ भनी मान्न सकिँदैन ।** अन्य **सम्बद्ध तथ्य परिस्थितिलाई विचारै नगरी** लागु औषधको वारदातमा प्रतिवादीको उमेरसमेत महत्त्वपूर्ण भेरिएबलको रूपमा उपस्थित हुन आएको छ। यसमा, परिस्थिति र प्रमाणको समुचित मूल्याङ्कन गर्दा परिवारको निगरानीबाट टाढा बसेको एक किशोर वयको मानिसले लागु औषधको कुलतमै फसी दुर्व्यसनसम्मको कसुर गरेको भन्ने तथ्य नै स्थापित हुने अवस्था देखिन

आयो। तसर्थ, वादीले अभियोगमा दाबी लिएअनुसार यी प्रतिवादी लागु औषधको कारोबारी भएको भन्ने कुरामा विश्वस्त हुन सकिने अवस्थाको विद्यमानता देखिन नआउने।

आफूले खरिद गरी ल्याएको लागु औषध सेवन गर्न तथा अलिअलि बिक्री गरी खर्च पनि उठाउने गरेको भनी प्रतिवादी अनुसन्धान अधिकारीसमक्ष लागु औषधको कारोबारमा साबित रहेको कुरालाई प्रमाणको रूपमा नलिइएको भन्ने वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पहिलो कुरा निजले अदालतमा आई बयान गर्दा आफूले सेवनको लागि मात्र भएको तर बिक्री गर्नको लागि नभनेको भनी सो कुरासम्ममा इन्कार रहेको अवस्था छ। दोस्रो, निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानको स्वीकारोक्ति हेर्दा लागु औषध बोक्नुको निजको मुख्य प्रयोजन हेर्दा एक कारोबारीको रूपमा नभई दुर्व्यसनीको रूपमै रहेको बेहोरा प्रतित हुन आउँछ। तेस्रो कुरा, माथि विवेचित आधार एवं कारणबाट पनि निज प्रतिवादी लागु औषधको कारोबारी नभई दुर्व्यसनीसम्म भएको देखिन आउँछ। अतः उपर्युक्त आधार कारणबाट पुनरावेदक वादी नेपाल सरकारको यस पुनरावेदन दाबी जिकिरसँग सहमत हुन सकिएन। निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (च) कसुर अपराध गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम सजाय गर्दा नै कसुरअनुसारको सजाय पर्ने कुरा मनासिब देखिने।

यसमा वर्णित आधार कारण र मिसिल साथ रहे भएका तथ्य प्रमाणबाट यी प्रतिवादी आशिष चौधरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम सजाय हुने ठहर गरेको सुरू बारा जिल्ला अदालतको मिति २०७१।०६।०७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई उक्त ऐनको दफा १४(१)(ज) बमोजिम दुई महिना कैद र दुई हजार जरिवाना जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२/१०/१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ताराप्रसाद डाँगी
कम्प्युटर : चन्द्रावती तिमल्सेना
इति संवत् २०७६ साल श्रावण १५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-WH-०१९३, *बन्दीप्रत्यक्षीकरण, सुदिप ढकाल वि. गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक महेन्द्र भण्डारीलाई मुद्दा हेर्ने अधिकारीको आदेशद्वारा कानूनबमोजिम थुनामा राखी मुद्दाको कारबाहीकै क्रममा जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट मिति २०७६/०९/१८ मै थुनामुक्त गरिएको र बन्दी स्वयम्ले मिति २०७६/१०/१९ मा जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा उपस्थित हुने छु भनी तारेख बुझिलिई भरपाइसमेत गरिदिएको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदनको प्रयोजन र औचित्यसमेत समाप्त भइसकेको देखिन आयो । निवेदक नै थुनाबाट छुटिसकेको अवस्थामा प्रस्तुत निवेदनको कारबाहीमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने आवश्यकता नै नदेखिने।

गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको आदेश निर्देशनमा प्रवृत्त भावना लिई अदालतको आदेशसमेत उल्लङ्घन गरी निवेदकलाई पटकपटक झुट्टा मुद्दा लगाई बन्दी बनाइएकोले विपक्षीहरूलाई अदालतको अवहेलनामा समेत कारबाही गरिपाउँ भनी लिएको निवेदन जिकिर सम्बन्धमा हेर्दा, माथि प्रकरण नं.१० र ११ मा उल्लेख भएका तथ्य, संवैधानिक र कानूनी व्यवस्था तथा विवेचित आधार कारणबाट यी निवेदकलाई फौजदारी कसुरमा साधिकार निकायले कानूनको रीत पूरा गरेर नै थुनामा राखेको देखिन आउँछ। निवेदकले दिएको निवेदनमा कुन अधिकारी वा निकायले कहिले के कुन कार्य गरी कुन अदालतको कुन आदेशको के कस्तो अवज्ञा गरेको हो भन्ने कुरा

ठोस र वस्तुनिष्ठ आधार प्रमाणबाट खुलाउन सकेको देखिँदैन । निवेदन जिकिर नै अस्पष्ट भएको यस्तो अवस्थामा अदालतको आदेशको अवहेलना भयो भन्ने निवेदकको निवेदन जिकिरसमेत स्थापित हुन सक्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, प्रमाण, संवैधानिक र कानूनी व्यवस्था तथा आधार एवं कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७६ साल पौष २२ गते रोज ३ शुभम्।

## इजलास नं.१५

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-WO-०५३३, उत्प्रेषण / परमादेश, लेखनाथ तामाङ वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

प्रस्तुत रिट निवेदनमा स्वास्थ्य सेवा विभागले आफ्नो सरूवा गर्दा कार्यरत पद सिनियर अ.हे.ब. (जनस्वास्थ्य निरीक्षक) छैठौं तहभन्दा तल्लो पद हे.अ. पाँचौं तहमा सरूवा गरिएको र सरूवा गर्दाको समयमा २ वर्ष न्यूनतम सेवा अवधि पनि नपुगेको भन्ने मुख्य दाबी लिइएको छ । तल्लो पदमा सरूवा भयो भन्ने पहिलो दाबीतर्फ दृष्टिगत गर्दा, स्वास्थ्य सेवा विभागले यी रिट निवेदक लेखनाथ तामाङलाई जिल्ला स्वास्थ्य कार्यालय, खोटाङबाट जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङमा सरूवा गर्दा च.नं.७८३, मिति २०७३।०७।२९ को रमानापत्रमा निवेदकको पद हे.अ. / पाँचौं भनी उल्लेख गरिएको छ । तर विपक्षी कार्यालयमध्येका जिल्ला स्वास्थ्य कार्यालय खोटाङको लिखित जवाफमा रिट निवेदकको पद सच्याई जनस्वास्थ्य निरीक्षक नै बनाइएको भन्ने बेहोरा उल्लेख भएको छ । साथै मिसिल संलग्न रहेको 'सच्याएको सम्बन्धमा' भन्ने बेहोराको स्वास्थ्य सेवा विभागको च.नं. २०६३, मिति २०७३।८।१६ को पत्रको प्रतिलिपि हेर्दा रिट निवेदक लेखनाथ तामाङको साबिक पद तथा तह नै कायम भएको देखियो । यसरी विपक्षी स्वास्थ्य सेवा विभागले निवेदकलाई दिएको रमाना पत्रअनुसार जिल्ला स्वास्थ्य कार्यालय, खोटाङबाट जिल्ला स्वास्थ्य कार्यालय, मोरङअन्तर्गत सरूवा गर्दा सिनियर अ.हे.ब. छैठौं तह (जनस्वास्थ्य निरीक्षक) पदमा सरूवा गर्नुपर्नेमा अन्यथा उल्लेख भएको र सो त्रुटि स्वास्थ्य सेवा विभागबाट सच्याइसकेको अवस्था देखियो । यसबाट आफूलाई तल्लो पदमा सरूवा गरिएको भन्ने निवेदन दाबीको विभागको संशोधन पत्रबाट सम्बोधन भइसकेको परिप्रेक्ष्यमा सो निवेदन दाबीको औचित्यता नरहने।

त्यसैगरी, २ वर्षको अवधि नपुगी सरूवा भयो भन्ने दोस्रो निवेदन दाबी रहेको छ। सोतर्फ विचार हेर्दा, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २३(३) मा "कर्मचारीलाई अति दुर्गम क्षेत्रमा कम्तीमा एक वर्ष वा दुर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष पूरा नभई सामान्यतया सरूवा गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाको मनसाय सामान्यतया उल्लिखित अवधि पूरा भएपछि सरूवा गरिने भन्ने हो । तर सो व्यवस्थाको अर्थ जस्तोसुकै परिस्थितिमा पनि अवधि तोकेर मात्र कर्मचारीहरूलाई सरूवा गर्नुपर्ने भन्ने बाध्यात्मक व्यवस्था भने होइन। कुनै पनि कर्मचारीले कुनै कार्यालयमा यति अवधि नै सेवा गर्न पाउनुपर्छ भनी माग गर्न मिल्दैन। निवेदकले आफ्नो रिट निवेदनपत्रमा अपायक ठाउँमा सरूवा भएको वा सरूवाको क्रममा पूर्वाग्रह राखी आफू भेदभावको शिकार हुनुपरेको वा अख्तियार नै नभएको व्यक्ति / निकायले सरूवा गरेको भन्ने पनि दाबी लिएको अवस्था छैन । कर्मचारीको सरूवा गर्ने अख्तियारवाला निकायले सम्बन्धित

सेवासम्बन्धी ऐन, नियमावलीको अधीनमा रही सरूवा गर्न सक्ने नै देखिन्छ। कुनै पनि कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा सरूवा गर्दा निजलाई केही असुविधा अवश्य पर्न सक्ला । तर कानूनको प्रक्रिया पुऱ्याई सरूवा गर्दा सोही कारणले कसैको पेसा, मान मर्यादा, पहिचानको सम्मान भएन वा संवैधानिक एवं कानूनी हकाधिकारमा आघात पुग्न गयो भनी आत्मगत रूपमा अनुमान गर्न नमिल्ने।

स्वास्थ्य सेवालाई एक संवेदनशील र अत्यावश्यकीय सेवाको रूपमा लिइन्छ। रिट निवेदक सोही सेवाको कर्मचारी भएको र निजलाई अख्तियारप्राप्त निकायबाट कानूनबमोजिम नै सरूवाको निर्णय गरेको देखिन्छ। सेवाको आवश्यकताको आधारमा र कामकाज सुचारू रूपमा राख्ने प्रयोजनका लागि ऐन, नियमको परिधिभित्र रही सरूवालगायतका निर्णय सम्बन्धित अधिकार प्राप्त निकाय स्वतन्त्र नै हुन्छ। साथै अख्तियारप्राप्त निकायद्वारा कानूनबमोजिम सरूवा गरी खटाएको अवस्थामा सो कार्यालयमा गई सेवा प्रदान गर्नु सम्बन्धित कर्मचारीको पनि कर्तव्यभित्र पर्ने देखिन्छ। कर्मचारीको सरूवा जस्तो प्रशासन सञ्चालनसँग जोडिएको विषयमा अदालतले अनावश्यक हस्तक्षेप गर्नु पनि हुँदैन । यदि सरूवा निर्णयको कारण कुनै कर्मचारीको कानूनबमोजिमको सेवा सुविधा कटौती भयो वा कुनै कर्मचारीप्रति पूर्वाग्रही भएर दुःख दिने नियतले अन्याय हुने गरी कानूनको प्रक्रियासमेत नपुऱ्याई कसैको सरूवा गरियो भने त्यस्तो अवस्थामा सो विषयको न्यायिक मूल्याङ्कन हुन सक्ने।

यसरी रिट निवेदक लेखनाथ तामाङलाई अख्तियारप्राप्त स्वास्थ्य सेवा विभागले कानूनबमोजिम जिल्ला स्वास्थ्य कार्यालय खोटाङबाट जिल्ला जनस्वास्थ्य कार्यालय मोरङमा सरूवा गरेको देखिएकोले सो निर्णय गैरकानूनी देखिन आएन। साथै रिट निवेदकलाई पद घटुवा गरी सरूवा गरिएको भन्ने निवेदन दाबी भए तापनि स्वास्थ्य सेवा विभागको मिति २०७३/८/१६ को पत्रबाट आफ्नो पूर्ववत् सरूवा निर्णय सच्याइएको अवस्थामा सो निवेदन दाबीको पनि कुनै औचित्य रहेन। अब रिट निवेदकलाई जिल्ला स्वास्थ्य कार्यालय, खोटाङबाट जिल्ला स्वास्थ्य कार्यालय मोरङमा गरिएको सरूवा कार्यान्वयन गर्न कुनै कानूनी बाधा अड्चन खडा भएको स्थिति देखिन आएन। अतः कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट भएको सरूवाबाट निवेदकको कुनै कानूनी र संवैधानिक हकसमेत हनन भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने नदेखिने।

तसर्थ, विश्लेषण गरिएका आधार कारण तथा प्रमाणहरूसमेतबाट निवेदक लेखनाथ तामाङलाई अख्तियारप्राप्त निकाय स्वास्थ्य सेवा विभागबाट कानूनबमोजिम सरूवा गरेको देखिएको र तल्लो तहमा सरूवा भएको भन्ने निवेदन दाबी भए तापनि सो सम्बन्धमा भएको त्रुटि सम्बन्धित निकायबाट सच्याइसकेको परिप्रेक्ष्यमा निवेदकको संवैधानिक एवं कानूनी हक हनन भएको नदेखिएको र प्रस्तुत निवेदनको औचित्यता पनि समाप्त भइसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : केदारनाथ पौडेल / शा.अ. कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-०७४०, उत्प्रेषण, पुरूषोत्तम लाल सङ्घई वि. सुदामा राउत अहिरसमेत*

श्रम अदालतको उक्त निर्णय बदर गरी पाउन विश्वकर्मा सिमेन्ट प्रा.लि. का अख्तियारप्राप्त सञ्चालक अध्यक्ष पुरूषोत्तम लाल सङ्घईले पुनरावेदन अदालत पाटनमा उत्प्रेषणको निवेदन

दायर गरेकोमा पुनरावेदन अदालत पाटनले मिति २०७३।३।१५ मा निवेदकको मागबमोजिम श्रम अदालत, काठमाडौंबाट मिति २०७२।८।२४ मा भएको फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु परेन। निवेदकको निवेदन खारेज हुने ठहर्छ भनी निर्णय गरेको देखिन्छ। पुनरावेदन अदालतको उक्त निर्णयमा समेत चित्त नबुझाई यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको समग्रतामा विचार गर्दा श्रम ऐन, २०४८ को दफा १० मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको रीत नपुर्‍याई प्रतिष्ठानको स्थायी कामदार वा कर्मचारीको सेवाको अन्त गर्नु हुँदैन" भन्ने व्यवस्था भई कर्मचारीको सेवाको सुरक्षा गरेको देखिन्छ। उक्त ऐनको दफा५१ बमोजिम कुनै पनि कर्मचारीले खराब आचरण गरेमा ऐ.ऐनको दफा ५२(४) अनुसार सेवाबाट हटाउन सक्ने देखिन्छ। यसरी सेवाबाट हटाउँदा दफा ५३ बमोजिम "स्थायी कामदार वा कर्मचारीलाई दफा ५२ बमोजिम सजाय गर्नुअघि खराब आचरण गरेको तथ्य र सो प्रमाणित भएमा निजलाई हुन सक्ने सजायसमेत स्पष्ट उल्लेख गरी त्यस्तो कामदार वा कर्मचारीलाई आफ्नो स्पष्टीकरण पेस गर्न कम्तीमा ७ दिनको म्याद दिनुपर्ने" भन्ने उल्लेख भएको देखिँदा विपक्षी सुदामा राउत अहिरलाई पदमुक्त गर्दा उक्त कार्यविधि अपनाउनुपर्ने हुन्छ। यसबाट श्रम ऐन, २०४८ अन्तर्गत बनाइएको कर्मचारी विनियमावलीअनुसार कुनै कर्मचारीलाई सेवाबाट हटाउँदा निजलाई हुन सक्ने सजायसमेत उल्लेख गरी स्पष्टीकरण माग गरी निजले स्पष्टीकरण पेस नगरेमा वा निजको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएमा मात्र सेवाबाट हटाउन सकिने व्यवस्था रहेको पाइने।

प्रस्तुत विवादमा विपक्षी सुदामा राउत अहिरलाई मिति २०७१।३।३१ मा स्पष्टीकरण माग गरेको र उक्त माग गरिएको स्पष्टीकरणको म्याद सूचना ऐजन मितिमै प्रतिष्ठानको सूचना पाटीमा र निजको घर ठेगानामा पठाएको देखिन्छ। प्रतिष्ठानबाट पठाएको स्पष्टीकरण पेस गर्ने मौकासहितको म्याद सूचना मिति २०७१।४।११ मा मात्र सुदामा राउत अहिरले बुझेको मिसिल संलग्न कागजातबाट देखिन्छ तर सुदामा राउत अहिरले स्पष्टीकरण दिने म्याद बुझ्नुअगावै अर्थात् मिति २०७१।४।९ मा नै सो प्रतिष्ठानका व्यवस्थापकले निजलाई सेवाबाट हटाउने निर्णय गरेको पाइन्छ। वस्तुतः स्पष्टीकरण दिने म्याद सूचना बुझेपछि सोको ७(सात) दिनभित्र सुदामा राउत अहिरले स्पष्टीकरण बुझाउनुपर्ने र उक्त स्पष्टीकरणमा चित्त नबुझेमा मात्र सेवाबाट हटाउनुपर्नेमा स्पष्टीकरण पेस गर्नुअगावै पुनरावेदक कम्पनीले विपक्षी सुदामा राउत अहिरलाई सफाइको उचित मौका नै नदिई निजको कुरा नै नसुनी प्राकृतिक न्यायको हकसमेतको विपरीत हुने गरी सेवाबाट हटाएको पाइन्छ। यसबाट श्रम ऐन, २०४८ ले गरेको सुनुवाइको मौकाबाट विपक्षी कुण्ठित हुन पुगेको देखिन्छ। विपक्षीबाट स्पष्टीकरण माग गरिसकेपछि उक्त स्पष्टीकरणको जवाफ पेस हुनुअगावै हुलाकमार्फत निजको घर ठेगानामा म्याद पठाई कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी कानूनबमोजिमको समय व्यतीत नहुँदै मनासिब माफिकको समयमा सन्तोषजनक जवाफ पेस नगरेको भनी श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिमको खराब आचरण गरेकोले ऐ. ऐनको दफा ५२(४) बमोजिम प्रतिष्ठानको सेवाबाट मिति २०७१।४।९ मा मिति २०७१।४।१० देखि लागु हुने गरी सेवाबाट हटाएको देखिन्छ। यसरी विपक्षी सुदामा राउत अहिरले मिति २०७१।४।११ मा मात्र स्पष्टीकरण बुझाउने म्याद बुझेको र स्पष्टीकरण बुझाउने म्याद बाँकी नै रहेको अवस्थामा सुनुवाइको मौका नै नदिई कानूनद्वारा निर्धारित गरिएको उचित प्रक्रिया नपुर्‍याई निजलाई सेवाबाट मुक्त गर्ने कार्य कानूनअनुकूल भएको भनी मान्न नसकिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत श्रम अदालत काठमाडौंबाट मिति

२०७२।८।२४ मा सुदामा राउत अहिरलाई सफाइको मौका नदिई सेवाबाट हटाउने गरेको विश्वकर्मा सिमेन्ट प्रा.लि. को निर्णय बदर हुने ठहऱ्याएको फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनु परेन, निवेदकको निवेदन खारेज हुने ठहर्छ भनी मिति २०७३।३।१५ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल पुस ६गते रोज १ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-०६५१, उत्प्रेषण / परमादेश, उमेशप्रसाद पटेल वि. ध्रुवप्रसाद चौहानसमेत*

यसरी मिसिल संलग्न तथ्यबाट विपक्षी ध्रुवप्रसाद चौहान संसारीमाई निम्न माध्यमिक विद्यालय सुर्जाहामा मिति २०५९।१।१ देखि स्वयंसेवक शिक्षकमा नियुक्ति पाई विद्यालयमा कामकाज गरी आएको अवस्थामा मिति २०५९।७।३ मा अस्थायी अनुमतिपत्र प्राप्त गरेको र मिति २०६२।८।३० मा स्थायी अनुमतिपत्र प्राप्त गरी मिति २०६३।१२।१८ को निर्णयले राहत कोटाको प्राथमिक तहको शिक्षकमा नियुक्ति भई शिक्षण कार्य गरेको विषयलाई लिएर रिट निवेदकले मिति २०७२।१।२९ मा उत्प्रेषण परमादेशको आदेश जारी गरिपाउँ भनी अदालत प्रवेश गरेको देखियो । निवेदकले आफ्नो के कुन प्रकारको कानूनी हक हनन् हुन गयो भन्ने कुरा स्पष्ट खुलाई निवेदन गर्न सकेको पाइँदैन । मिति २०५९।१।१ को निर्णयसम्बन्धी विषयमा मिति २०७२।१।२९ मा आएर मात्र रिट निवेदन दायर गरेको पाइँदा विपक्षी सफाहातले अदालत प्रवेश गरेको देखिन आएन । पुनरावेदकले जिकिर लिएजस्तो अध्यापन अनुमतिपत्र प्राप्त नगरी शिक्षक नियुक्ति भएको अवस्था पनि देखिँदैन। २०५९ सालको निर्णयउपर २०७२ सालमा करिब १३ वर्षपछि अनुचित विलम्ब गरी रिट निवेदन दायर भएको पाइयो । रिट निवेदन दायर गर्न अनुचित विलम्ब हुनुको मनासिब आधार र कारण पुनरावेदकले खुलाउन सकेको पाइँदैन। निश्चय नै रिट निवेदन दायर गर्न कानूनले कुनै हदम्यादको व्यवस्था गरेको हुँदैन तर हदम्याद हुँदैन भन्नुको अर्थ निवेदन जहिलेसुकै दायर गरी उपचार प्राप्त गर्न सकिन्छ भन्ने नहुने।

कुनै उपचार प्राप्त गर्न दायर हुने निवेदन उचित समयभित्र दायर भएको हुनुपर्छ । तर्कसङ्गत हदभित्र आउन नसकेको निवेदनउपरको सुनुवाइ र दिइने उपचारको अर्थ रहँदैन । कार्यान्वयन हुन नसक्ने बेसमयको उपचारले कुनै सार्थकता प्रदान गर्नसमेत सक्दैन। अदालतले दिने आदेश कार्यान्वयन हुन सक्ने किसिमको हुनुपर्ने र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्ति उचित समयमा अदालत प्रवेश गरेको हुनुपर्छ । रिट निवेदन दायर गर्नुपर्ने उचित समय र त्यसबाट प्राप्त गर्ने उपचारको विषयमा सार्थक सम्बन्ध रहेको हुनुपर्छ। यस दृष्टिकोणबाट रिट निवेदन दायर गर्न असीमित समय हुन्छ वा हदम्याद नै हुँदैन भन्नु सर्वथा गलत हुने छ। प्रस्तुत विषयमा २०५९ साल मा उठान भएको विवादलाई २०७२ सालमा निरूपण गर्न माग गरी आएको निवेदनलाई तेह्र वर्षपछि उचित विलम्बभित्रको भनी मान्न नमिल्ने भनी हदम्यादको कारण निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको आदेश न्यायसम्मत मिलेकै देखिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।१२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल पुस ६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-१६१९, नामसारी लिखत बदर दर्ता, किरणकुमारी रौनियारसमेत वि. हेमन्त विक्रम राणा*

सप्तरी जिल्ला, पिप्रापूर्व र गा.वि.स. वडा नं. ७ कि.नं. १०२ को ०-८-१ समेतका जग्गा स्व. जितेन्द्र विक्रम राणाको पत्नी विमलाकुमारी राणा निजका छोराहरू हेमन्त विक्रम राणा, वसन्त विक्रम राणा र शान्ति विक्रम राणासमेत ४ जना अंशियारका बराबर अंश भाग लाग्ने सम्पत्ति हो भन्ने कुरा संवत् २०६० सालको दे.पु.नं.९५६५ को पुनरावेदक वादी शान्ति विक्रम राणा प्रतिवादी विमलाकुमारी राणा भएको अबन्डा जग्गा अंशदर्ता मुद्दामा यसै अदालतको मिति २०६३।११।९ मा भएको फैसलासमेतबाट कुनै विवाद रहे भएको नदेखिने।

हेमन्त विक्रम राणासमेतको अंशहक लाग्ने अबन्डाको सम्पत्ति मुद्दा चली बन्डा लाग्ने ठहरी सकेपछि बन्डा लाग्ने उक्त सम्पत्ति निज अंशियार हेमन्त विक्रम राणालाई साक्षी नराखी, निजको मन्जुरी पनि नलिई दूषित तवरबाट प्रतिवादी विमला राजकुमारी राणाले लिखत गरी यी पुनरावेदक प्रतिवादीहरूलाई हक हस्तान्तरण गरेको देखिने।

यसरी अंशियारहरूबिच अंश मुद्दा चली आफ्नोसमेत अंश हक लाग्ने भनी अदालतबाट **अबन्डाको सम्पत्ति बन्डा लाग्ने ठहर भएको अवस्थामा अंशियारको सहमति र मन्जुरीबेगर अंशबन्डा लाग्ने ठहर भएको सम्पत्ति अन्यलाई बिक्री गर्ने कार्य दूषित देखिँदा त्यस्तो दूषित तवरबाट भएको काम कारबाहीबाट सिर्जित आफ्नो अंश जस्तो नैसर्गिक हकको प्रचलनमा हदम्याद बाधक हुन्छ भन्न मिल्ने देखिन आउँदैन। जुन अंशभागमा जसको हक देखिएको छ, उसलाई नबुझी, उसको मन्जुरी नलिई भएको काम कारबाही तथा दर्ता एवं निर्णय दूषित दर्ताकै कोटीमा पर्ने त्यस्तो काम कारबाहीले कानूनी वैधता पाउन नसक्ने हुँदा** मुलुकी ऐन लेनदेन व्यवहारको सो दूषित लिखत बदर हुने नै देखिँदा मुलुकी ऐन लेनदेन व्यवहारको महलको १० नं. ले कुनै अंशियारको मन्जुरी नलिई लिखत गरिदिएमा रजिस्ट्रेसन भएको मितिले १ वर्षभित्र उजुर गर्नुपर्नेमा लामो समयपछि दायर भएको फिराद लेनदेन व्यवहारको महलको १० नं. बमोजिम हदम्यादभित्र नभएकोले वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला उल्टी गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी सुरू सदर हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधारसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट उल्लिखित कि.नं. १०२ को जग्गाको ४ भागको १ भागमा सम्म वादी हेमन्त विक्रम राणाको हक पुग्ने नै देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला उल्टी गरी विवादित लिखतको ४ भागको १ भागसम्म लिखत एवं प्रतिवादीका नाउँको दर्ता बदर भई वादीका नाउँमा दर्ता हुनेसमेत ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल फाल्गुन ६ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-२११८, ठगी, नेपाल सरकार वि. विदुर ढुंगाना*

जाहेरवालाबाट लिएको रकममध्ये रू.२ लाख यी प्रतिवादी विदुर ढुंगानालाई दिएको हो भन्ने

सहप्रतिवादी जनकप्रसाद अधिकारीले गरेको पोललाई अन्य कुनै स्वतन्त्र प्रमाणले समर्थन गरेको देखिएन साथै निजले रकम दिएको देख्ने रोहवरमा अन्य कोही रहे भएको पनि मिसिल संलग्न कागजातबाट देखिन नआउने।

प्रतिवादी विदुर ढुंगानाको प्रतिवादी जनकप्रसाद अधिकारीसँग सुरूमा चिनजान भएको अवस्था देखिँदैन । निज विदुर ढुंगाना जनकप्रसाद अधिकारीका व्यक्ति नभई जाहेरवालाका व्यक्ति देखिन्छ र जाहेरवालाले आफूले गाडी खरिद गर्ने भनेको कार्यलाई यिनै प्रतिवादी विदुर ढुंगानालाई लगाएका हुन्छन् । यिनी प्रारम्भदेखि नै प्रतिवादी जनकप्रसाद अधिकारीको सहयोगी व्यक्ति भएर उक्त गाडी जाहेरवालालाई मिलाउन लगाएको भन्ने देखिँदैन । यी प्रतिवादी विदुर ढुंगानाबाट कुनै रकम बरामद भएको, निजको खातामा रकम जम्मा भएको अथवा फलानोको रोहबरमा निजलाई सहप्रतिवादीले रकम दिएको भन्नेसमेत प्रमाणबाट देखिन आएको छैन, प्रतिवादी विदुर ढुंगाना अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेकोमा जाहेरवालाको छोरा सरोज कुँवरले यी प्रतिवादी हाम्रो सहयोगको लागि गएका हुन् भनी अदालतमा बकपत्र गर्नुका साथै जाहेरवाला र निजको छोराले समेत यी प्रतिवादीले ठगी गरेका हुन् भनी पोल गरी अदालतमा बकपत्र गरेको देखिन नआउने।

मुलुकी ऐन, ठगीको महलको १ नं. **"...आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल–अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ ।"** भन्ने व्यवस्था हुनुका साथै सोही महलको २ नं. **"...जुनसुकै कुरो गरी होस् कसुर सजायबाट बच्नका लागि वा बेइमानीका नियतसँग अरू कसैलाई धोका, गफलत वा झुक्यानमा पारी अर्काको नोक्सान वा आफ्नो फाइदा हुने काम गरेमा ठगी गरेको ठहर्छ ।"** भन्ने कानूनी व्यवस्थाको सन्दर्भमा हेर्दा प्रस्तुत मुद्दामा यी प्रतिवादी मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेको, प्रतिवादीले रकम लिनु खानु गरेको भन्ने कुरा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको, प्रतिवादीको साथसँगबाट रकम बरामद भएकोसमेत नदेखिनुका साथै जाहेरवाला र निजको छोराले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीको समेत संलग्नतामा ठगी गरेको हो भनी उल्लेख गर्न नसकेको अवस्थामा केवल सहप्रतिवादी जनकप्रसाद अधिकारीले यी प्रतिवादीलाई २ लाख रूपैयाँ दिएको भनी गरेको पोलका आधारमा मात्र उल्लिखित परिभाषाभित्र पर्ने अवस्थाको विद्यमानता नरहेबाट यी प्रतिवादीलाई कसुरदार ठहर गर्नु न्यायोचित नहुने।

फौजदारी कसुरमा अरोपितउपरको कसुर अभियोजन पक्षले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्टरूपमा व्यवस्था गरेको पाइन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा अभियोजन पक्षले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीउपरको पोल र कसुर वस्तुनिष्ठ स्वतन्त्र प्रमाणहरूबाट शङ्कारहित तवरले मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन नआएको देखिँदा यी प्रतिवादीलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित तथ्यगत आधार

र कारणसमेतबाट प्रतिवादीहरूले जाहेरवालाको रू.३३,४५,०००।- ठगी गरेको ठहरी निजहरूलाई २ वर्ष कैद र रू.३३,४५,०००।- को दामासाहीले जरिवानासमेत हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी यी प्रतिवादी विदुर ढुंगानालाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत पाटनबाट मिति २०७५।०८।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी / गोविन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७७ साल जेठ २२ गते रोज १ शुभम्।

## इजलास नं.१६

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा**, ०७३-RC-००६०, कर्तव्य ज्यान, नेपाल सरकार वि. शेख विकाउसमेत

मृतक रोक्साना खातुनले आफू घाइते अवस्थामा नै रहेको बखत यी प्रतिवादीहरू शेख विकाउ र शेख इसलामसमेतले कुटपिट गरी घाइते बनाएको भनी प्रत्यक्ष किटान गरी कुटपिट गरेको उल्लेख गरी निवेदन दिएको देखिन्छ। जिल्ला स्वास्थ्य कार्यालय गौरबाट भएको घा-जाँच केस फारामबाट रोक्साना खातुनको टाउको, अनुहार, तिघ्रा, पेटसमेतको शरीरको भागमा घाउचोट लागेको भन्ने देखिएको अवस्था छ। सोही घाउचोटको कारणबाट नै उपचारको क्रममा रोक्साना खातुनको मृत्यु भएपछि यी प्रतिवादीहरूउपर किटानी जाहेरी परेको देखिन्छ। मृतकको लास प्रकृति मुचुल्कामा दुवै आँखामा निलडाम भई आँखा सुन्निएको, निधार टाउकोमाथि चोट लागेको, नाकबाट रगत मिश्रित तरल पदार्थ बगिरहेको, बाँया हातको जोर्नीमा निलडाम, दाहिने खुट्टाको मुनि छुट्टिएको घाउचोट भएको, पेट सुन्निएको र योनिमा उपचारको क्रममा पाइप लगाएको भन्ने उल्लेख भएको देखिन्छ। निजको पोष्टमार्टम रिपोर्ट हेर्दा टाउकोमा लागेको चोट पीडाको कारण निजको मृत्यु भएको भन्ने देखिन्छ। यसरी कुटपिट भएकोमा कुटपिट भएको घाउचोटको कारणबाट नै मृत्यु भएको कुरा मिसिल संलग्न तथ्यगत प्रमाणहरूबाट समर्थित हुन आएको देखिने।

प्रतिवादी शेख विकाउ अदालतसमक्षको बयानमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा मृतक बुहारी रोक्साना खातुनले आफूसमेत उपर रौतहट जिल्ला अदालतमा अंश मुद्दा गरी मुद्दा जितेको र सोही रिसइवीका कारण मार्ने योजना बनाई बुहारी बहिनीलाई भेट्न गएको थाहा पाई पिछा गर्दै म र शेख इसलाम भई लात मुक्का र लाठीसमेतले कुटपिट गरी निज ढलेपछि मरेको ठानी भागेका हौँ भनी बयान गरेको पाइन्छ। सो बयानलाई घटनास्थल मुचुल्काले पनि समर्थन गरेको र कुटपिटको वारदातपश्चात् जिल्ला प्रहरी कार्यालयमा स्थानीय व्यक्तिहरूको छलफलपश्चात् प्रतिवादी शेख विकाउले उपचार खर्चबापत रू.५०००/- प्रदान गरेको भन्ने कुरा मेलमिलाप गरेको भनिएको कागजबाट देखिन आउँछ। मृतक घाइते अवस्थामा हुँदै स्वयम् नै यी प्रतिवादीहरूलाई कुटपिटको वारदातमा संलग्न रहेको भनी किटान गरी निवेदन दिएको र यिनै प्रतिवादीको कुटपिटको चोटपटकबाटै रोक्साना खातुनको उपचारको क्रममा मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट समर्थित हुन आएको देखिन्छ। वारदात भएको अवस्थामा वारदात हुनुपर्ने कारणसमेतलाई विचार गर्दा बुहारीले अंश मुद्दा दिएको कारण पूर्वरिसइवी राखी कुटपिट हुन गएको र यी प्रतिवादीहरूले नै कुटपिट गरेको कुरा मिसिल संलग्न तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत समर्थित हुन आएको देखिन्छ। प्रतिवादीमध्येको शेख विकाउले कुटपिट भएको कुरालाई स्वीकार गरी उपचार खर्चबापत रू.५०००/- दिने गरी मेलमिलाप गरेबाट समेत कुटपिटको वारदात समर्थित हुन गएको

र सोही कुटपिटको कारणबाट पर्न गएको चोटको कारणबाट नै रोक्साना खातुनको मृत्यु भएको तथ्यमा कुनै विवाद नदेखिने।

अतः मृतकले कुटपिटको वारदातपश्चात् होस खुलेपछि कुटपिट गर्ने व्यक्ति यिनै प्रतिवादीहरू शेख विकाउ र शेख इसलाम हुन् भनी कागज गरेको, सोही कुटपिटको वारदातलाई प्रतिवादीले स्वीकार गरी समुदायको छलफलमा उपचार खर्च दिने सहमति गरेको, घटनास्थल मुचुल्का, घा-जाँच प्रतिवेदन, लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट कुटपिटकै कारण रोक्साना खातुनको मृत्यु भएको भन्ने देखिएको हुँदा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीहरू शेख विकाउ र शेख इसलामलाई जन्मकैदको सजाय गरेको हदसम्मको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- बिना गौतम

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल फाल्गुन १४ गते रोज ४ शुभम्।

## इजलास नं.१७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१४९०, ०७३-RC-०११४, कर्तव्य ज्यान, इन्दुदेवी साह वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तकुमार साहसमेत*

प्रतिवादीमध्येका सन्त कुमार साह, अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादव अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा साबित भएकोमा अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही अनुसन्धानको क्रममा गरेको बयान प्रहरीले कुटपिट गरी गराएको हो, हाम्रो स्वेच्छाले गरेको होइन भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा कुटपिट गरी बयान गराएको भन्ने कुरा वस्तुनिष्ठ सबुद प्रमाणबाट पुष्टि गर्न सकेका छैनन्। वादी पक्षले यी प्रतिवादीहरूले उक्त वारदात घटाएको भनी लगाएको आरोप पुष्टि गरेको तर त्यो आरोपलाई प्रतिवादीले वस्तुनिष्ठ आधारमा खण्डन गर्न सकेको देखिँदैन। प्रतिवादी इन्दुदेवी साहले अदालतमा बयान गर्दा आफू र सन्तकुमार साहले वारदात घटाएको अन्य कसैको संलग्नता नरहेको भनेकी, अन्य प्रतिवादीहरूले वारदातमा संलग्नता नभएको भनी अदालतमा इन्कार रहे पनि सो इन्कारी बयानलाई पुष्टि गर्ने अर्थात् समर्थित गर्ने अन्य सबुद प्रमाण पेस गर्न सकेको अवस्था छैन। मृतकलाई मार्नमा योजना बनाउने, छिमेकीको घरबाट केही दिनअगाडि खुकुरी ल्याएर राख्ने, वारदात घटिसकेपछि त्यसलाई छल्न र डाँका लागेजस्तो देखाउन लत्ता कपडा छर्ने एवम् ढोकाको कब्जा उक्काउने, काम गरेबापतको पैसा दिन नसकी गहना दिने, खुकुरी र गहना बरामद हुने जस्ता क्रियाकलापहरू निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान बेहोरा, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको कागज, घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, पोष्टमार्टम रिपोर्टलगायतका प्रमाण कागजहरूबाट समर्थित भएको देखिँदा घटनाको विवरण सिलसिलेवार रूपमा मिलेको देखिएको यस्तो तथ्य स्थापित भइरहेको अवस्थामा निज प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान बेहोरालाई अन्यथा मान्नुपर्ने आधार कारण देखिएन। उल्लिखत आधार कारण एवम् प्रमाणबाट उक्त वारदात घटाउन निज प्रतिवादीहरूको संलग्नता रहेको भन्ने देखिन आउने।

अब उक्त वारदात घटाउन कुन प्रतिवादीको कस्तो भूमिका रहेको छ र निजहरूलाई कस्तो सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा निजहरूले गरेको कार्यको गम्भीरतालाई आधार बनाउनुपर्ने हुन्छ । जसले जे जस्तो कार्य गरी वारदातमा आफ्नो संलग्नता

जनाएका छन् सोअनुसारको सजाय हुनु नै न्याय हुन्छ । न्यायको उद्देश्य र मकसद पनि त्यही नै हो । त्यसैले सो सन्दर्भमा विचार गरी प्रतिवादी सन्तकुमार साहको हकमा विचार गर्दा, प्रतिवादी इन्दुदेवी साहले आफ्नी सासू जगतीदेवीलाई मार्नु पर्‍यो भनी राखेको प्रस्ताव निज प्रतिवादी सन्तकुमार साहले स्वीकार गरेको, सो योजना सफल बनाउन अन्य प्रतिवादीहरू अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवसँग सरसल्लाह गरेको, निजले छिमेकी कुलेन्द्र यादवको घरबाट केही दिनअगाडि खुकुरी ल्याएर राखेको, निजले मृतकको घाँटीमा खुकुरीले रेटी मारेको, वारदात घटिसकेपछि त्यसलाई छल्न र डाँका लागेजस्तो देखाउन यी प्रतिवादीले ढोकाको कब्जा खुकुरीले उक्काएको र २ वटा सुटकेसको कपडा छरपस्ट पारेको जस्ता कार्यहरू यी प्रतिवादीले गरेको हुँदा यी प्रतिवादी जगतीदेवीलाई मार्नका लागि योजना बनाउनेदेखि मार्नेसम्मको मुख्य भूमिकामा रहेको देखियो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.मा भएको कानूनी व्यवस्था हेर्दा ***"धार भएको वा नभएको, जोखमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार यी प्रतिवादी सन्तकुमार साहले खुकुरी जस्तो धार भएको जोखमी हतियारले मृतकको घाँटी रेटी मार्नेसम्मको कसुर गरेको देखिएको हुँदा निजलाई सर्वस्वसहित जन्मकैद हुने देखिने ।

अब, अन्य प्रतिवादीहरू इन्दुदेवी साह, अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवको हकमा विचार गर्दा, प्रतिवादी इन्दुदेवी साहले मृतकलाई मार्नका लागि केही दिनअगाडि नै सन्तकुमार साहलाई प्रस्ताव गरेकी, घरमा देवरानी नभएको मौकामा सासूलाई सिध्याउनुपर्छ भनी सन्तकुमारलाई भनेकी, सासूलाई मार्नका लागि अन्य प्रतिवादीहरूलाई घरमा आउन सहज होस् भनी रातको समयमा ढोका ढप्क्याएर मात्र सुतेकी, सासूलाई मारेबापत पैसा वा गहना दिने प्रस्ताव गरेकी, वारदात घटेकोमा कुनै पश्चाताप बोध नगरेकी जस्ता कार्यहरू देखियो । निज प्रतिवादी इन्दुदेवीको निजकी सासूलाई मार्नका लागि योजना बनाउनेदेखि दुरूत्साहन गर्नेसम्मको कार्यमा निज संलग्न भई पूर्ण अपराध गराउने निजको उद्देश्यमा सफल रहेको देखियो । मृतकलाई मार्नका लागि अन्य प्रतिवादीहरूमध्ये अकेला भन्ने रामवरण सिंहले मृतकको टाउको र मुख, गौतमप्रसाद यादवले छाती र हात, ज्ञान यादवले दुवै गोडा पक्री थिचेका, मृतकलाई मार्ने भन्ने सन्तकुमारको प्रस्तावलाई स्वीकार गरेका, मृतकलाई मार्नको लागि पैसा वा गहना लिनमा सहमति भएका, गरगहनाको पोको र खुकुरी खेतमा लगेर गाड्ने जस्ता कार्यहरू गरेको हुँदा यी तीनैजना प्रतिवादीहरूले मृतकलाई मार्ने कार्यमा सक्रिय संलग्नताको भूमिका निर्वाह गरेको देखियो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. मा भएको कानूनी व्यवस्था हेर्दा ***"जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई संयोग पारिदिनका निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादी इन्दुदेवी साहले सासूको ज्यान लिनका लागि बचन दिई उपयुक्त परिस्थिति मिलाइदिने कार्य गरेको र अन्य प्रतिवादीहरू अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवले टाउको, मुख, हात खुट्टा पक्री थिची घाँटी रेट्नको लागि सहज बनाइदिने कार्य गरेको देखिँदा निज प्रतिवादीहरू इन्दुदेवी साह, अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवलाई जनही जन्मकैदको सजाय हुने देखिने ।

उपर्युक्त विवेचित आधार, कारणबाट पुनरावेदक / प्रतिवादी इन्दुदेवी साहको अभियोग

दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादीहरू सन्तकुमार साह, अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवलाई पुनरावेदन अदालत राजविराजबाट भएको सजायमा साधकको रोहबाट परिवर्तन गर्नुपर्ने अवस्था देखिएन । विदेश गएका भनिएका प्रतिवादीद्वय अकेला भन्ने रामवरण सिंह र गौतमप्रसाद यादवको हकमा निजहरूका बाबुहरूले पुनरावेदन अदालत राजविराजको फैसला बदर गरी सुरू अदालतको फैसला सदर गरिपाउँ भनी दिएका निवेदनहरूका सम्बन्धमा साधकको रोहबाट सम्बोधन भइसकेको हुँदा केही बोलिरहन नपर्ने ।

अतः माथि विवेचित आधार कारणबाट सुरू सिराहा जिल्ला अदालतबाट प्रतिवादी इन्दु देवी साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भएकोमा निजलाई १०(दश) वर्ष मात्र कैद हुने गरी अ.बं. १८८नं. बमोजिम व्यक्त राय, प्रतिवादी सन्तकुमार साहलाई ऐ. महलको १७(३) नं. बमोजिम २(दुई) वर्ष कैद हुने, प्रतिवादीहरू अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसला उल्टी भई प्रतिवादी सन्तकुमार साहलाई ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू इन्दुदेवी साह, अकेला भन्ने रामवरण सिंह, गौतमप्रसाद यादव र ज्ञान यादवलाई सोही महलको१ र १३(४) नं.बमोजिमको कसुरमा सोही महलको १३(४) नं.अनुसार जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।७।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

अब, प्रतिवादी इन्दुदेवी साहलाई हुने सजायको हकमा विचार गर्दा, वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट निजको उमेर १६± भनी उल्लेख गरिदिएको तर विद्यालयको मार्कसिटमा उल्लेख भएको उमेर गणना गर्दा १७ वर्ष ४ महिना २२ दिन पुगेको भन्ने देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८३ अनुसार प्राथमिकताको आधारमा विद्यालयबाट दिएको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्नुपर्ने देखिएकोले प्रतिवादी इन्दुदेवी साहको उमेर १७ वर्ष पूरा भई १८ वर्ष ननाघेको देखियो । उक्त ऐनको दफा २(ञ) मा १८ वर्ष पूरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरिएको छ । सोही ऐनको दफा ३६(४) मा ***"सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ"*** भनी, मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा ***"सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ"*** भनी र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ"*** भनी उल्लेख भएको देखिन्छ । निज प्रतिवादी बालबालिका नदेखिएकीले साबिकको कानूनी व्यवस्थाबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(४) नं.बमोजिमको कसुरमा सोही महलको १३(४) नं.बमोजिम निजलाई जन्मकैद गरेको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । यी प्रतिवादीको उमेर १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कमको भन्ने देखिँदा हाल प्रचलनमा रहेका उल्लिखित कानूनी व्यवस्थाबमोजिम घटी सजाय हुने सुविधा निजलाई प्राप्त हुने नै देखिने । अतः कसुर गर्दाका

बखत साबिकको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(४) नं.बमोजिमको कसुरमा सोही महलको १३(४) नं.बमोजिम उमेर पुगेका व्यक्तिलाई जन्मकैदको सजाय हुने देखिएकोमा १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कम उमेरकी यी प्रतिवादी इन्दुदेवी साहलाई हाल विद्यमान फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ का आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम दुई तिहाइले हुने जम्मा १३(तेह्र) वर्ष ४(चार) महिना कैद सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादी सन्तकुमार साहलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी सन्तकुमार साहलाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको मात्र सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

इजलास अधिकृत : कुलप्रसाद दाहाल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल पौष १७ गते रोज ५ शुभम् ।

## इजलास नं.२१

१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-२०७७, कर्तव्य ज्यान, मनबहादुर गलामी वि. नेपाल सरकार*

प्रतिवादीले बन्दुक राख्ने अनुमति विना नै गैरकानूनी तवरले खरिद गरेको भरूवा बन्दुक लिई शिकार खेल्न गएको र मृतकलाई मृगजस्तो ठानी बन्दुक हानेको भन्ने देखिँदा यी प्रतिवादीले निसाना गरेको वस्तु के हो भनी स्पष्ट रूपमा देखेको रहेनछ भन्ने देखिए तापनि जंगलमा आफूबाहेक अन्य व्यक्तिहरू पनि हुन सक्छ भन्ने सामान्य हेक्कासमेत नराखी बन्दुक राख्ने र सिकार खेल्ने कार्य कानूनसङ्गत नहुँदा नहुँदै मृग भन्ने तथ्यको भ्रममा परी बन्दुक चलाउँदा मृतक लक्ष्मण पुनलाई लागी उपचारको लागि लैजाने क्रममा मृत्यु भएको देखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कानूनी व्यवस्था हेर्दा **"ज्यान लिने इवीलाग मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य**

**ठहर्छ ।"** कसैको कार्यको प्रकृतिबाट ज्यान मर्ला जस्तो नदेखिने कानूनसम्मत कार्य गर्दा सो कार्यबाट ज्यान मरेमा मात्र भवितव्य मान्न सकिने हो । तर प्रस्तुत मुद्दाको वारदातमा यी प्रतिवादीले विना इजाजत गैरकानूनी रूपमा सङ्गीन हतियार भरूवा बन्दुक राखेको र सोही बन्दुकको प्रयोग गरी सिकार खेलेको र जंगलमा आफू जस्तै सिकार खेल्ने अन्य मान्छे पनि हुन सक्छन् भन्ने सामान्य हेक्कासम्म पनि नराखी निसानालाई प्रस्ट रूपमा देख्दै नदेखी मृग भन्ने ठानी अन्धाधुन्ध गोली चलाउँदा सोही गोली लागी लक्ष्मण पुनको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको ५ नं. मा भएको व्यवस्थाअनुसार तथ्यको भ्रममा परी घट्न गएको वारदात हुन सक्ने अवस्था नभई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा उक्त वारदात भवितव्यबाट हुन गएकोले सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी मनबहादुर गलामीको पुनरावेदन र विद्वान् अधिवक्ताद्वयको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी मनबहादुर गलामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर गरी सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको मिति २०७२।१०।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी मनबहादुर गलामी अवैध हातहतियार लिई कालिज शिकार गर्ने उद्देश्यले जङ्गलमा गई मृग हो भन्ने ठानी गोली प्रहार गर्दा मृतक लक्ष्मण पुनको टाउको र कञ्चटमा लागी मृत्यु भएको अवस्था देखिन्छ भने प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी र वैमनस्यता रहे भएकोसमेत पाइँदैन । प्रतिवादी मनबहादुर गलामीले मृतकको मृत्यु भइसकेपछि पनि खोज खबर गरी उपचारको लागि अस्पतालसम्म लगेको मिसिलबाट देखिन्छ । सो सन्दर्भमा निजलाई सजाय चर्को पर्ने भनी १० वर्षको राय लगाई आएकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर देखिए तापनि निजले अपराध गर्दाको परिस्थिति, अपराधपछिको निजको व्यवहारसमेतलाई मनन गरी हेर्दा यी पुनरावेदक प्रतिवादीलाई ठहर भएको सजायभन्दा कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निजलाई ५ वर्ष कैद मात्र हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल भाद्र २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-०५८५, ०९७४, मानव बेचबिखन तथा ओसार पसार, विरेन भन्ने विरेन्द्र देउसाली वि. नेपाल सरकार*

पीडिता परिवर्तित नाम "इलाम-६" को जाहेरी एवं अधिकारप्राप्त अधिकारीसमक्षको बयान र अदालतमा भएको बकपत्रमा एकै मिलानको बेहोरा उल्लेख नभई फरक फरक तथ्य लेखाएको र अदालतमा बकपत्र गर्दासमेत कतै डेरामा छोडी हिँडेको भन्ने र कतै मिक्की दोर्जी भुटियाको घर अगाडि लगी छोडी दिएको भन्ने उल्लेख गरेबाट पीडितालाई प्रतिवादीले बेचबिखन नै गरेको हो भन्ने ठोस प्रमाण मिसिल संलग्न कागजातबाट देखिन आएन। प्रतिवादी आरोपित कसुरमा इन्कार रही पीडितालाई सिक्किम लगेको तथ्यसम्म स्वीकार गरेको र प्रतिवादीले पीडितालाई मिक्की दोर्जी भुटियाको घर अगाडि छोडी हिँडेको भनी पीडिताले नै अदालतमा गरेको बकपत्रबाट देखिन आएकोले यी प्रतिवादीले पीडितालाई बेचबिखन गरेको मान्न मिल्ने नदेखिई यी प्रतिवादी विरेन देउसालीले पीडितालाई सिक्किममा लगी छोडी हिँडेको अवस्थासम्म देखिन आउने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा **"... कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने"** कार्यलाई पनि मानव ओसारपसार गरेको मानिने छ भन्ने कानूनी व्यवस्था रहेको हुँदा प्रस्तुत मुद्दामा यी प्रतिवादी विरेन देउसालीले पीडितालाई सिक्किममा लगी छोडी हिँडेको कार्यसमेत सपठित कानूनी व्यवस्थाबमोजिमको नै कसुर गरेको देखिन आएकोले उक्त कसुरमा सोही ऐनको दफा १५(१)(छ) बमोजिम यी प्रतिवादीलाई सजाय हुने नै देखिएको हुँदा अभियोग माग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने यी पुनरावेदक प्रतिवादी विरेन भन्ने विरेन्द्र देउसालीको तथा मानव ओसार पसारको कसुरमा मात्र सजाय गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको हुँदा बदर गरी यी प्रतिवादी विरेन भन्ने विरेन्द्र देउसालीलाई अभियोग माग दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारसमेतको पुनरावेदन र दुवै पक्षका विद्वान् अधिवक्ता तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणसमेतबाट यी प्रतिवादी विरेन भन्ने विरेन्द्र देउसालीले पीडितालाई विदेशमा लगी बिक्री नै गरेको भन्ने नदेखिई विदेशमा लगी छोडी हिँडेको भन्नेसम्म देखिएको अवस्थामा सुरू इलाम जिल्ला अदालतको मिति २०७१।८।२४ को फैसला केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(छ) बमोजिम प्रतिवादीलाई ९ (नौ) वर्ष कैद हुने ठहर गरी ऐ.ऐनको दफा १७ बमोजिम पीडिताले प्रतिवादीबाट रू.४०,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ठहराएको पुनरावेदन अदालत इलामको मिति २०७२।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल भाद्र २६ गते रोज ५ शुभम्।